# पहिलो परिच्छेद

## शोध परिचय

### १.१. शोध शीर्षक

यस शोधकार्यको शीर्षक "साहित्यकार हेमराज अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन मूल्याङ्कन" रहेको छ ।

### १.२. शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग, म.र.व. क्याम्पस, इलाम स्नातकोत्तर तह (एम.ए.) दोश्रो वर्ष नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

### १.३. शोध विषयको परिचय

नेपालको पूर्वी क्षेत्रको मेची अञ्चल ताप्लेजुङ्ग जिल्ला थुम्बेदिन गा.वि.स. वडा नं. १ मा वि.सं. २०२८ सालमा पिता श्रीप्रसाद र माता तुलसादेवी अधिकारीको कोखबाट जन्मिएका साहित्यकार हेमराज अधिकारी नेपाली साहित्यका एक नव प्रतिभा हुन् । बिभिन्न पत्रपत्रिकाको सम्पादन गर्दै र फुटकर कविता प्रकाशन गर्दै साहित्यको फाँटमा लागेका हेमराज अधिकारीले वि.सं. २०५९ सालमा पुस्तकाकार रूपमा 'महासम्मेलन' खण्डकाव्य प्रकाशन गर्न पुगे भने वि.सं. २०६४ सालमा गएर ताप्लेजुङ्गको नालीबेली शोधखोज विधा प्रकाशन गरे साथै साहित्य प्रतीको निरन्तर श्रमको फलस्वरूप वि.सं. २०६७ सालमा 'विचलित वर्तमान' कवितासंग्रह प्रकाशित गरी अझ चमकका साथ नेपाली साहित्याकाशमा उदाएका छन् । साहित्यकार हेमराज अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएको छ ।

### १.४. समस्या कथन

यस शोधकार्य अन्तर्गतका समस्याहरू निम्नानुसार रहेका छन् :-

1. साहित्यकार हेमराज अधिकारीको जीवनी के, कस्तो रहेको छ ।
2. साहित्यकार हेमराज अधिकारीको व्यक्तित्व के, कस्तो रहेको छ ।

3. विधागत दृष्टिले हेमराज अधिकारीका पुस्तकाकार रूपमा प्रकाशित कृतिहरू के, कति रहेका छन् ।
4. हेमराज अधिकारीका कृतिहरू के, कस्ता रहेका छन् ।
5. हेमराज अधिकारीको नेपाली साहित्यमा योगदान कस्तो रहेको छ ।

माथि उल्लिखित समस्यामा केन्द्रित रही यस शोधपत्रमा हेमराज अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनका लागि प्रस्तुत शोध शीर्षकको छनौट गरिएको हो ।

## १.५. शोधपत्रको उद्देश्य

वि.सं. २०५० सालदेखि हालसम्म निरन्तर रूपमा साहित्या साधनामा लागेका हेमराज अधिकारीका हालसम्म ३ वटा कृतिहरू प्रकाशित भएका छन् तर यी रचनाहरू उचित मूल्याङ्कनको अभावमा लुप्त हुने अवस्था देखिन्छ । अतः उनको जीवनी र व्यक्तित्वका बिभिन्न पाटाहरूको अध्ययन गर्दै उनका साहित्यिक रचनाको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । यस शोधकार्य अन्तर्गत उपर्युक्त समस्याकथनसँग सम्बन्धित निम्न लिखित उद्देश्यहरू राखिएका छन् :-

1. हेमराज अधिकारीका जीवनका प्रमुख पाटाहरू र कार्यहरू बारे स्पष्ट पार्नु ।
2. हेमराज अधिकारीका व्यक्तित्वका बिभिन्न पाटाहरू केलाउनु ।
3. हेमराज अधिकारीका पुस्तकाकार रुपमा प्रकाशित कृतिहरुको विधागत वर्गीकरण गर्नु ।
4. हेमराज अधिकारीका साहित्यिक कृतिहरूको अध्ययन गर्नु ।
5. साहित्यकार हेमराज अधिकारीको साहित्यिक योगदानको निरूपण गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा

हेमराज अधिकारीका बारेमा जीवनी, व्यक्तित्व र कृतित्वको चर्चा आजसम्म कसैबाट नभएकोले यससँग सम्बन्धित हुने यो शोधपत्र प्रथम सामग्री रहेको छ । हेमराज अधिकारीको बारेमा गरिएका समीक्षात्मक विवरण र कृतिका भूमिका लेखनका सन्दर्भमा उपलब्ध भएका उल्लेखनीय विवरण यस प्रकार छन् :

क) महासम्मेलन खण्डकाव्यको भूमिका, माधवप्रसाद घिमिरे : “महासम्मेलन खण्डकाव्य मैले अद्धोपान्त पढैं, पढैंमात्र होइन, भाकाहालेर पढैं । महासम्मेलन खण्डकाव्यका कविमा छन्द प्रयोगको कुशलता पाएँ । कवि हेमराज अधिकारीमा छन्द प्रयोगको कुशलता पाइन्छ । भने

शैलीको सरलता र भाव आवेगको तरलताले गर्दा उनको यो काव्य आफैँ सुन्दर बनेको छ । काव्यलाई कथानकका साथ पढ्दै जाने हो भने कविता झन् अर्थवान बन्नेछन् । यो काव्य विचारप्रधान काव्य हो तर पनि यसको उद्देश्य दार्शनिक या वैज्ञानिकको जस्तो विचार स्वीकार गर्नु होइन, इन्कार गर्नु हो । कवि तार्किक या वैज्ञानिक विचारलाई भन्दा किसानको जस्तो सहज ज्ञानलाई महत्व दिन्छन् । कवितालाई गेय बनाउने प्रतिभाशाली कविको कविता यात्रा बढीरहोस् । मेरो यही शुभकामना छ ।"

ख) महासम्मेलनमा केही क्षण, डा.तुलसी भट्टराई : "महासम्मेलन खण्डकाव्य निकै हृदयग्राही र मर्मस्पर्शी छ । अहिंसा र शान्तिको उपदेश दिएर भित्रभित्रै हिंसा-हत्या फैलाउनेहरुको बोलबाला रहेको आजको युगमा कवि अधिकारी आफू अलग बसेर समाजको विभिन्न पक्षको अवस्था र परिस्थितिको चित्रण गर्न सफल देखिनु उनको विशेषता हो । कविता विधा जटिल विधा हो । हाल आएर छन्द कविताको रचनामा ह्रास आएको सन्दर्भमा शास्त्रीय छन्दमा कविता लेख्ने अधिकारी ज्वलन्त उदाहरण हुन् । सुन्दर शैली, सरल र सरस प्रस्तुतिद्वारा यति राम्रो काव्य लेख्न सफल कवि हेमराजप्रति हार्दिकता प्रकट गर्दछु । छन्द काव्यमा उहाँको प्रगति रहोस् । सम्मान मिलोस् ।"

ग) महासम्मेलन : बहुल चेतनाको सार्थक संयोजन, उपप्रा. रामप्रसाद ज्ञवाली : "झण्डै ७ वर्षदेखि 'घर' शीर्षकमा भिन्नभिन्न दर्शनप्रवृति बोकेका पात्रहरु खडा गरी एउटा विशिष्ट महाकाव्य लेख्ने योजना बनाई साधनका लागि समयको प्रतिक्षा गरी बसेको मलाई महासम्मेलन काव्यले लोप्पा ख्वाइदियो, यसका कवि हेमराज अधिकारीले जिल्याइदिए । यस काव्यमा सुन्दर छन्दसिर्जना र भाव व्यञ्जना पाइन्छ । छन्दमा आधुनिक भाव व्यक्त गर्न सकिन्न भन्नेहरुलाई पनि कविले लोप्पा नै ख्वाइदिए छन् । छन्दको कुशल प्रयोग गर्ने अधिकारीको महासम्मेलन खण्डकाव्य प्रयोगधर्मी छ । यस किसिमको कार्य नेपाली छन्द कविता यात्रामा खासै आएको ज्ञान मलाई छैन कविको प्रयोगधर्मीता, अध्ययनशीलता, सम्प्रेसणीय सिर्जनशीलताले अत्यन्त सकारात्मक स्वरुप देखाएकाले कविको हार्दिक स्वागत गर्न मन लाग्छ । हाम्रो युगको युवा पुस्ताका तर्फबाट प्रसस्त सम्भावना सहित आएका अधिकारीको सिर्जनधर्मिताको हार्दिक प्रशंसा गर्दै प्रगतिशील साहित्यिक फाँटमा उनको सुखद आगमनको हार्दिक स्वागत गर्दछु । चिन्तन र कला सौन्दर्यको प्रयोगधर्मी यस काव्य यात्राले अझै परिमार्जन, परिष्कार र सुन्दर दिशाबोध प्राप्त गरोस् । हार्दिक शुभकामना ।

घ) कवितासङ्ग्रह विचलित वर्तमानको पूर्वाध्ययन, प्रा. राजेन्द्र सुवेदी : "काव्यात्मक सम्वेदना र कलाका पक्षहरुको सन्तुलित समायोजनबाट कविता कृति सिर्जना गर्ने एउटा उर्जाशील र ओजस्वी स्रष्टा अधिकारी काव्य चेतनाका दृष्टिले आफ्नो कलागत उचाइको आरोहणशील बनेका छन् । सामयिक र सामाजिक सन्दर्भका कथ्यहरु विचलित वर्तमान कवितासङ्ग्रहका मुल्य बेनर रहेका छन् । उहाँको काव्य सिर्जनाको यात्रा सफल रहोस् यही शुभकामना ।"

ङ) विचलित वर्तमानको भूमिका, गोविन्दराज भट्टराई : "हेमराज छन्दप्रमी र त्यसमा खेल्न सक्ने क्षमतावान स्रष्टा हुन् । छन्द कविता रच्ने साधना र प्रेम धमिलो हुँदै गएको बेला हेमराज पुनजागरण अभियानता भई उत्रिएका छन् । उनी मुलतः छन्दसाधक कवि हुन् । हेमराज छन्दको लोमो प्राचिन पराम्परामा वर्तमान पुस्ता हुन् । उनको कविता वाचनले मलाई अर्कै आनन्द लोकमा अवतरण गरायो । हेमराजको 'विचलित वर्तमान' वर्तमानकै अनुभूतिचित्र हो । एउटा स्रष्टाले देखे भोगेकै कुराले यी कवितालाई कथ्य प्रदान गरेको छ । यसमा बढी कविको देश छ, उनको वरिपरि र अव्यवस्था, देशप्रेम, जातिप्रेम र आफ्नै मनलाई छोइरहने कुरा, युद्धेत्तर नेपालका अनेक कविका सूचिमा हेमराजको नाम गाँसिन्छ । उज्यालो समयका प्रतीक्षार्थी कवि भाइलाई म हजार शुभकामना दिन्छु ।"

(च) ताप्लेजुङ्ग निवासी कवि हेमराज अधिकारी छन्द बचाउ अभियानमा संलग्न छन् । पेशाले पाध्यापक रहेका अधिकारीका थुप्रै कविताहरु प्राकृतिक चित्रण र प्रकृति प्रेमसँग सम्बन्धित छन् । उनका कविताका विषय प्रकृति र मानवता हुन् भने कतिपय कविताहरुमा सामाजिक संरचनाले जन्माएको वर्गीय चेतना अभिव्यक्ति हुन्छ (जनादेश साप्ताहिक, २०६७ पुस २०) ।

(छ) हामी विजय मल्लको अन्तिम भोज अनुभव गरिरहेका छौँ, त्यतिमात्र कहाँ हो र ? हेमराज अधिकारीको महासम्मेलन पनि भोगी रहेका छौँ । कवि हेमराज अधिकारीको काव्यकारिताको प्रमाण हो । महासम्मेलन र आजको यथार्थ पनि (यादव थपलिया- युग आस्था साउन) ।

(ज) छन्दका उर्जाशील र स-शक्त कविका रुपमा कवि हेमराजलाई चिनाउँदै समीक्षक निलकमलले गरिमा साहित्यिक मासिक पत्रिकाको पुस अंक २०६७ मा लामो लेख लेखेका छन् ।

(झ) 'कविवर माधव घिमिरेका खण्डकाव्य' शीर्षकको पुस्तकमा लेखक लेखप्रसाद निरौलाले कवि हेमराजलाई प्रगतिवादी खण्डकाव्यकारका रुपमा नाम उल्लेख गरेका छन् ।

(ञ) नेपाली प्रगतिवादी कविता सम्बन्धी अध्ययनमा समालोचक हेमनाथ पौडेलले कवि हेमराजलाई प्रगतिशील कविका रुपमा उल्लेख गरेका छन् । समालोचक खगेन्द्र लुइटेलले 'नेपाली कविताको शैलीपरक अध्ययन' पुस्तकमा हेमराज अधिकारीलाई खण्डकाव्यकारका रुपमा नाम उल्लेख गरेका छन् ।

(ट) कवि हेमराज साधारण गजका देखिए पनि प्रतिभाको प्रस्फुटन गराउन सधैं क्रियाशील छन् । हरेक गोष्ठीहरुमा उनका रचनावाचन शैलीको प्रशंसा हुने गर्छ, कतै यसले उनको प्रगति थप्ने त होइन ? (प्रकाश सिलवाल, हिमालय टाइम्स, २०५८ अशोज १०) ।

(ठ) कवि हेमराजका कविताहरु नदीझैं सलल बग्छन्, सँगै पाठकलाई केही सन्देश पनि छोड्छन्, त्यहाँ भावुकतामात्र हुन्न, त्यहाँ त समयका पीडाको पस्तुती पाइन्छ (छत्र छितिज साहित्यिक लोकपत्र)।

यसका अतिरिक्त विभिन्न पत्रपत्रिका र समालोचनात्मक पुस्तकहरुमा हेमराजको चर्चा गरिएको छ तर ती सामग्रीका प्रकाशन वर्ष, अङ्क टुङ्गो नलागेकोले उल्लेख गर्न सकिएन ।

## १.७. शोधकार्यको औचित्य, महत्व र उपयोगिता

यस शोधकार्यको अध्ययनबाट एक दशक अघिदेखि साहित्यिक सिर्जनामा लागेका साहित्य साधक अधिकारीको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा जानकारी मिल्नुको साथै उनले नेपाली साहित्यको ढुकढुकीमा के, कति उर्वरवता थपेका छन् भन्ने बारेमा पूर्णजानकारी मिल्ने छ । यस शोधकार्यले नेपाली साहित्यकै अनुसन्धान परम्परामा एउटा इँटा अवश्य थप्ने भएकाले यो शोधपत्र औचित्यपूर्ण रहेको छ । हेमराज अधिकारीको व्यक्तित्व र कृतित्वको बारेमा जान्न खोज्ने जिज्ञासु, पाठक तथा साहित्य चिन्तक सम्पूर्ण व्यक्तिहरूका लागि यो शोधपत्र उपयोगि रहेको छ । त्यसैले यो शोधकार्य औचित्यपूर्ण, महत्वपूर्ण एवम् उपयोगी रहेको छ ।

## १.८. शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा साहित्यकार हेमराज अधिकारीको जीवनी, व्यक्तित्वका विविध पक्षहरूको जानकारीका साथै हालसम्म पुस्तकाकार रूपमा प्रकाशित कृतिहरूको बारेमा परिचयात्मक अध्ययन गरी प्रकाश पारिएको छ ।

## १.९. सामग्री सङ्कलन तथा अध्ययनविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सामग्री सङ्कलन सम्बन्धित व्यक्ति (शोधनायक), उनका पारिवारिक व्यक्ति, समकालीनव्यक्ति, विज्ञहरूसँगको मौखिक तथा लिखित अन्तरवार्ता, पुस्तकालय विधिका साथै परिचयात्मक, विवरणात्मक, वर्णनात्मक विधि अपनाइ यो शोधकार्य सम्पन्न गरिएको छ । जीवनी र व्यक्तित्वको अध्ययनमा जीवनीपरक समालोचना प्रणाली र कृतिहरूको अध्ययनमा कृतिपरक समालोचना प्रणालीलाई सामान्य आधार बानाइएको छ ।

## १.१०. शोधपत्रको रुपरेखा

शोधकार्यलाई स्पष्ट, सुव्यवस्थित गर्न एवम् सुसङ्गठित पार्न विषयवस्तु अनुसार निम्न लिखित परिच्छेद र शीर्षकमा विभाजन गरिएको छ :-

पहिलो परिच्छेद :- शोधको परिचय

दोस्रो परिच्छेद :- साहित्यकार हेमराज अधिकारीको जीवनी

तेस्रो परिच्छेद :- साहित्यकार हेमराज अधिकारीको व्यक्तित्व

चौथो परिच्छेद :- साहित्यकार हेमराज अधिकारीको साहित्यिक यात्रा

पाँचौ परिच्छेद :- साहित्यकार हेमराज अधिकारीका साहित्यिक कृतिहरूको अध्ययन

छैटौं परिच्छेद :- उपसंहार

अन्त्यमा ‘परिशिष्ट’ र सन्दर्भसूची राखिएको छ ।

# दोस्रो परिच्छेद

## हेमराज अधिकारीको जीवनी

### २.१. पृष्ठभूमी

मानिस जन्मेदेखि नमरून्जेलसम्मको र त्यसभित्र घटेका घटना चक्रलाई नै सामान्यतया जीवनी भनिन्छ भने, जीवनका घटनाहरूको समष्टिलाई जीवनी भन्ने गरिन्छ । जीवनीले शुद्ध साहित्यिक विधाका रूपमा स्थापित हुँदा गम्भीर र पारिभाषिक अर्थ प्राप्त गर्दछ ।[१] जीवनीमा सामान्यतया खासव्यक्तिको जीवनबृतान्त हुन्छ । यसर्थ जीवनमा गरेका कामकुराको क्रमबद्ध लेख वा कथन जीवनी हो ।[२] यसमा आवश्यकता उपयुक्तता हेरेर कुनै पनि व्यक्ति-बिशेषको जीवनको समग्र वा आंशिक वृतान्तको प्रस्तुती हुन्छ ।[३] यसर्थ "जीवनी साहित्यलाई इतिहाँसकै एक अंश मान्न सकिन्छ। व्यक्ति बिशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकोले जीवनीबाट तत्कालीन सामाजिक, साँस्कृतिक वा राजनैतिक परिवेश बुझ्न सकिन्छ ।"[४] "वास्तवमा जीवनीले जीवनका यथेष्ट प्रमुख भागको चर्चालाई आत्मासाथ गरेको हुन्छ ।"[५] "कुनै व्यक्ति विशेषले यस अवधिमा गरेको कार्यको बृतान्त नै जीवनी हुन आउँछ ।"[६] यसरी खास व्यक्तिका व्यक्तिगत जीवनको आन्तरिक र वाहिरी चरित्रको सरल र सहज ढङ्गले चित्रण गर्नु नै जीवनीको मुख्य तात्पर्य हो । जीवनी नायक माथि लेखकको जतिसुकै झुकाउ भए पनि जीवन चरित्र वा जीवनी लेख्दा दिगो निष्पक्षता र संयमता अपनाउन जरूरी हुन्छ ।[७] यसमा नायकको

---

1. भिक्टर प्रधान, नेपाली जीवनी र आत्मा कथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना, (काठमाण्डौ, ने.रा.प्र.प्र., २०४४), पृष्ठ २८ ।
2. वालकृष्ण पोखेल (संम्पा.), नेपाली वृहत शब्दकोश (काठमाण्डौ ने.रा.प्र.प्र., २०४०), पृष्ठ ४९७१ ।
3. हिमांशु थापा, साहित्य परिचय, चौ.सं (काठमाडौं साझा प्रकाशन २०४९) ।
4. दयाराम श्रेष्ठ सम्भव र मोहनराज शर्मा, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, चौं.सं. (काठमाण्डौ साझा प्रकाशन, २०४९) ।
5. कृष्णचन्द्रसिंह प्रधान, (सम्पा.), नेपाली साहित्यकोश (काठमाण्डौ ने. रा.प्र.प्र. २०५५), पृष्ठ २९९ ।
6. भिक्टर प्रधान, पूर्ववत, पृष्ठ २९ ।
7. ऐजन, पृष्ठ ३० ।

जन्मदेखि जीवनभरका कामहरू बिभिन्न क्रियाकलापको सामाजिक, धार्मिक, आर्थिक लगायतका जीवनका विविध पक्षको अध्ययन गरिन्छ । प्रस्तुत शीर्षकमा साहित्यकार हेमराज अधिकारीका जीवनका बिभिन्न पक्षको अध्ययन गरिएको छ ।

## २.२. वंश परम्परा

ब्राह्मण कुलमा जन्मिएका हेमराज अधिकारीका पुर्खाहरू हाल नेपालको मुगु, त्रिशुली हुँदै तेह्रथुम आठराई हुँदै ताप्लेजुङ्गको थुम्बेदिन गा.वि.स.मा आएका हुन् ।[८] पुर्खा लक्ष्मीनारायणका सात भाइ छोरा, नाती चोकपुरबाट बसाँई सरेर अन्यत्र जाने क्रममा आम्बेदिन, सिनाम, थुम्बेदिनमा छरिएर रहेका देखिन्छन् । बराजु नरपतिका ६ भाइ छोराहरू सबै सोराना राजथरी थिए । त्यसमध्ये माहिला टिकाराम थुम्बेदिनमा सोराना राजथरी भए । यीनै टिकारामका खनाति हुन् कवि हेमराज अधिकारी । कविको वंश वृक्ष यसप्रकार छ :-

श्रीवाणुपाध्याय

↓

प्रेमनारान

↓

दण्डपानी

↓

बसन्त

↓

भगिरथ

↓

अनन्तराम

↓


रामचन्द्र

↓

हरिभक्त

↓

8. नारायणप्रसाद अधिकारी, अधिकारीको छोटो वंशावली (२०५९) ।




## २.३. पारिवारिक पृष्ठभूमि

अन्तरे च्याब्जु नरपतिको परिवार चोकपुरबाट ताप्लेजुङ्ग, काभ्रे, आम्वेगुदिन, लासा हुँदै सिनाम थुम्बेदिनमा छरिएर रहेका छन् ।[१०] त्यस्तै माहिला थरी टिकारामका ३ वटी श्रीमतीहरूमा जेठी श्रीमती मिश्रकी छोरी, माहिली खनालकी छोरी तथा कान्छी सुवेदीकी छोरी थिए । उनीहरू तीनवटीकै नाम विण्णुमाया थियो । यीमध्ये जेठी श्रीमतीबाट १ मात्र छोरा भवानी शंखरको जन्म भयो भने, जेठीबाट ४ माहिलीबाट १ कान्छीबाट २ को जन्म भएको थियो । बीस वर्षको कलिलो उमेरमा भवानी शंखरको मृत्यु भयो । मृत्युको ४ महिनापछि भवानीशंखरकी श्रीमती वेदमायाको कोखबाट छविलालको गर्भेटुहुराको रूपमा जन्म भएको देखिन्छ ।[११]

9. नारायणप्रसाद अधिकारी, पूर्ववत (२०५९) ।
10. नारायणप्रसाद अधिकारी, पूर्ववत (२०५९) ।
11. नारायणप्रसाद अधिकारी, पूर्ववत (२०५९) ।

गर्भे टुहुराको रूपमा जन्मिएका छविलाललाई आमा वेदमायाले पालनपोषण गरी हुर्काइन । छविलालले सानैदेखि पढाइलेखाइमा ध्यान दिए । ज्योतिष व्याकरण, कानुन, धर्मशास्त्र आदिमा राम्रो ज्ञान प्राप्त गरेका छविलालले आफ्ना पुर्खाहरूले राख्दै आएको जिम्बावाल थरीको दायित्व थामेर मुखिया भए । आध्यात्मिक चिन्तन तथा सामाजिक सेवामा समर्पित छविलालका २ वटी श्रीमती थिए ।[१२] जसमध्ये जेठी राममाया सुभाङ (पाचँथर) तिमसिनाकी छोरी हुन्, जो चर्चित प्राध्यापक तथा नेपाली समालोचक डा.डिल्लीराम तिमसिनाकी फुपू हुन् ।[१३] कान्छी श्रीमती जीवमाया न्यौपानेकी छोरी हुन् । राममायाबाट धर्मानन्द, नारायणप्रसाद र भक्तिप्रसादको जन्म भयोभने कान्छी जीवमायाको कोखबाट २ भाइ पुण्यप्रसाद र श्रीप्रसादको जन्म भएको थियो । श्रीप्रसादको विवाह तुलसादेवीसँग भएको थियो । श्रीप्रसादका ५ भाइ छोरा क्रमश जेठा घनश्याम (गोपाल), माहिला छोरा चिदान्द, साँहिलाछोरा (शोधनायक) हेमराज अधिकारी, काँहिलाछोरा टेकनाथ अधिकारी र कान्छाछोरा तेजप्रसाद अधिकारीको जन्म भएको देखिन्छ भने, २ बहिनी छोरी जन्मिएको पुष्टि हुन्छ ।[१४]

## २.४. जन्म र जन्मस्थान

पिता श्रीप्रसाद अधिकारी र माता तुलसादेवी अधिकारीका साहिला छोराका रूपमा हेमराज अधिकारीको जन्म भएको हो । कवि हेमराज अधिकारीको यथार्थ जन्ममिति प्राप्त जानकारी अनुसार २०२८/१२/१९ गते हो । यो विवरण उनका प्रमाण-पत्रहरूमा समेत उल्लेख छ । अधिकारीको जन्म स्थान ताप्लेजुङ्ग जिल्लाको थुम्बेदिन गा.वि.स. वडा न.१ मा रहेको छ ।[१५]

## २.५. वाल्यकाल

दुईजना दाजु र एक दिदीका साँहिला भाइका रूपमा रहेका हेमराज अधिकारीको वाल्यकाल सामान्य शैक्षिक वातावरणमा नै वितेको पाइन्छ । बुबाको अध्ययन अनौपचरिक भएपनि अधिकारीलाई बुबाबाट ५ वर्षको उमेरमा घरमै अक्षराम्भ गराउनु भएको थियो भने, दाजु दिदीको प्रयाप्त सहयोगले गर्दा वालकको 'घर पहिलो पाठशाला हो' भन्ने कुराले चरिर्तार्थ पाएको देखिन्छ ।

12. नारायणप्रसाद अधिकारी, पूर्ववत (२०५९) ।
13. हेमराज अधिकारी, 'ताप्लेजुङ्गको नालीबेली', २०६४ ।
14. शोधनायकबाट प्राप्त जानकारी ।
15. ऐजन ।

बुबा, आमा, दाजु, दिदीको उचित भरणपोषणका कारण हेमराज अधिकारीको वाल्यकालको शैक्षिक वातावरण अनुकुल रहेको देखिन्छ ।[१६] यहाँ अधिकारीको वाल्यकाल भनेर औपचारिक शिक्षा आराम्भ गर्नु पूर्वको समयलाई सङ्केत गरिएको छ ।

## २.६. शिक्षा-दीक्षा

घरमै बुबाबाट अक्षराम्भ गरिसकेका अधिकारीले ५ वर्षको उमेरबाट औपचारिक शिक्षा क्षेत्रमा पाइला टेक्ने अवसर पाएका थिए । उनले अध्ययन आरम्भ गरेको विद्यालयको नाम शारदा नि.मा.वि. थुम्बेदिन हो ।[१७] जुन विद्यालय स्थानीय जनताको सक्रियतामा वि.सं. २०१२ सालमा स्थापना भएको थियो । अधिकारीले कक्षा १ देखि कक्षा ५ सम्मको प्राथामिक शिक्षा यहीँ शारादा नि.मा.वि. (हाल मा.वि.)बाट हासिल गरेका हुन्, त्यसपछिको शिक्षा हासिल गर्नका लागि संस्कृत शिक्षाप्रतीको पारिवारिकमोहका कारण दाजु घनश्यामसँग भारतको हरिद्वारमा गएर हासिल गरेको पाइन्छ ।[१८] त्यसपछि फेरि ३ वर्षमा नेपाल फर्केको अनि केही समय नेपालको जन्म ठाँउमा बसेर फेरि मामा यज्ञप्रसाद खतिवडासँग २०४२ सालमा मा.वि. तहको शिक्षा लिन ताप्लेजुङ्गबाट बसन्तपुरसम्म पैदल यात्रा त्यहाँबाट विराटनगरसम्म बसमा र विराटनगरबाट उता रेलमा गएको तर घरछोडेर  हिडेपछिको यात्रा एमदमै दुःखदायी रहेको बताउनुहुन्छ, हेमराज अधिकारी ।[१९] भारतमा गएर गरीबदासीय संस्कृत महाविद्यालयमा भर्ना भई बिभिन्न आश्रमहरूमा चहार्दै बस्दै पढेको त्यहाँ आफ्नो पढाइ राम्रै रहेको, साथी समूहमा बसेर अध्ययन गरेको, विद्यालयको तर्फबाट मासिक रू ५० छात्रवृद्धि प्राप्त गरेको साथै द्वितीय श्रेणीमा पास गरेको पढ्नुका अलवा धार्मिक गतिविधिमा समेत लागेको र त्यहाँ रहँदा विद्यालय स्तरीय बिभिन्न प्रतियोगिताहरूमा पुरस्कृत भएको बताउनुहुन्छ, हेमराज अधिकारी ।[२०]

जन्मभूमिप्रतीको मोह, नेपालमै बसेर पढ्ने चाहाना र पारिवारिक दवावका कारण त्यसपछिको शिक्षा हासिल गर्न नेपालको कोशी अञ्चलको सुनसरी जिल्लाको धरानस्थित पिण्डेश्वर विद्यापीठ धरानमा भर्नाभई साथीहरूसँग छात्रबासमा बसेर वि.सं. २०५१ सालमा उत्तरमध्यमा उत्तीर्ण गरेका छन् भने, त्यहीँबाट वि.सं. २०५३ सालमा साहित्य विषयमा द्वितीय श्रेणीमा शास्त्रीतह पूरा गरेको देखिन्छ ।[२१] पिण्डेश्वर विद्यापीठबाट धरानमा रहँदा उनको पढाइ राम्रो रहेको,

16. ऐजन ।
17. ऐजन ।
18. ऐजन ।
19. ऐजन ।
20. ऐजन ।
21. ऐजन ।

इमान्दार व्यक्ति भएका कारण उक्त कलेजबाट मासिक रू.४५० सम्म छात्रवृति प्राप्त गरेको पाइन्छ ।[२२] पिण्डेश्वर विद्यापीठबाट शास्त्री उत्तीर्ण गरेपछि स्नातकोत्तर तहको शिक्षा भने नेपाली केन्द्रीय विभाग त्रि.वि.वि.बाट वि.सं. २०५६ सालमा एम.ए. गरेको पाइन्छ ।

वि.सं.२०५८ सालमा महेन्द्र संस्कृत विश्वविद्यालयबाट वि.एड. उत्तीर्ण गरेका हुन् ।[२३] पढाइकै शिलशिलामा हेमराज अधिकारी भन्छन् "शिक्षा कहिल्यै नसकिने यात्रा हो, त्यसैले मेरो अझै पढ्ने इच्छा प्रखर छ" ।[२४]

## २.७. विद्यार्थी जीवनका प्रमुख गतिविधिहरु

हेमराज अधिकारी ५ वर्षको उमेरमा नै शारदा नि.मा.वि.मा भर्ना भएका विद्यार्थी हुन् । उनको त्यस विद्यालयमा रहँदा, बस्ताको चालचलन र गतिविधि राम्रै रहेको देखिन्छ ।[२५] त्यसपछि भारतको हरिद्वारको गरीबदासीय महाविद्यालयमा पढ्दा रहँदा, बस्दा पनि पढाइका अलवा बिभिन्न गोष्ठी, सेमिनार, विद्यालय स्तरीय प्रतियोगितामा भाग लिने, धार्मिक गतिविधिमा संलगन हुने, इमान्दार, सहनशील र गम्भिर भावुक भएर अरूको कुरा सुन्ने, बिभिन्न पत्रपत्रिका पढ्ने गरेका देखिन्छ ।[२६] त्यसपछि नेपाल फर्केर धरानको पिण्डेश्वर विद्यापीठमा पढ्दा, रहँदा बस्ता पढाइका अलवा विद्यार्थी राजनीतिमा सक्रिय रहेको देखिन्छ, साथै साहित्यिक गतिविधिमा सक्रिय रहेर काम गरेको पाइन्छ । अनेरास्ववियुको प्रा.क.अध्यक्ष भएर काम गरेका थिए भने, स्व.वि.यु. सदस्य हुँदै उपसभापति समेत भएर विद्यार्थीको हकहितमा लागेका थिए । साथै छात्रपुस्तकालयका सभापति समेत भएका थिए ।[२७]

पारिवारिक र क्याम्पसको वातावरण बुबाआमा र गुरूहरूको प्रेरणाबाट ओतप्रोत भई तीन दर्जन जति स-साना प्रतियोगिताहरूमा सहभागिता देखाउँदै पुरस्कृत भएको साथै उक्त क्याम्पसले सालमा एक जनालई प्रदान गर्ने 'पिण्डेश्वरश्री' सम्मान पनि हातपार्न विद्यार्थी जीवनमै सफल देखिन्छ, हेमराज अधिकारी ।[२८]

22. ऐजन ।
23. ऐजन ।
24. ऐजन ।
25. तुलसादेवी अधिकारीबाट प्राप्त जानकारी ।
26. शोधनायकबाट प्राप्त जानकारी ।
27. ऐजन ।
28. ऐजन ।

## २.८. संस्कार कर्महरु

### २.८.१. छैटी

छैटी जन्मेको छैटौं दिनमा जन्मस्थान थुम्बेदिनमै धुँमधामसँग मनाएको पाइन्छ ।

### २.८.२. नामकरण

हेमराज अधिकारीको हिन्दुसंस्कार अनुसार ११ दिनमा न्वरान गरेर पण्डितले जुराएको नाम त्रिलोचन अधिकारी, राशि तुला हो भने, बुबाले बोलाउने नाम हेमराज हो जुन नाम नै पछि गएर उनलाई चिनाउने सशक्त नाम बन्न गयो । उनका योग्यताका प्रमाणपत्रहरूमा समेत हेमराज नाम नै रहेको पाइन्छ ।[२९]

### २.८.३. उपनयन

हेमराज अधिकारीको उपनयन भने हिन्दु सँस्कार अनुसार वि.सं. २०४२ सालमा दाजु घनश्यामको सक्रियतामा भारतको हरिद्वारमा भएको थियो ।[३०]

### २.८.४. विवाह

हेमराज अधिकारी सानै उमेरदेखि बाहिर बसेर पढ्ने गरेको यथार्थता छदैछ । उन्को पढाइप्रतीको झुकाव र साहित्यप्रतीको लागवले गर्दा साहित्यानुरागीहरूलाई साहित्य चखाउन लागि परेका कारण लगभग ३९ वर्षसम्म अविवाहित रहेर साहित्यमा कलम चलाएको पाइन्छ ।[३१] भने उनको लगन जुरेको साल हो वि.सं. २०६७/०८/१२ गते, झापा जिल्ला अर्जुनधारा गा.वि.स. वडा नं. २ निवासी पिता पराङकुश पौडेल र माता तुलसा पौडेलका जम्मा ५ भाइ छोरा र ५ बहिनी छोरीहरू रहेका ञर तीमध्ये पनि कान्छी सुपुत्री जानकी पौडेलसँग हिन्दुसंस्कार अनुसार विधिपूर्वक विवाह भई हेमराज अधिकारी दाम्पत्य जीवनमा बाँधिएका हुन् ।[३२] हाल उनीहरूको जोडी काठमाण्डौंमा बसोवास गरिरहेको पाइन्छ ।

---

29. ऐजन ।
30. ऐजन ।
31. ऐजन ।
32. हरिसरण पौडेलबाट प्राप्त जानकारी ।

## २.९. कर्म क्षेत्रमा प्रवेश

कवि हेमराज अधिकारी पढ्दै खेरी बिभिन्न कृति रचना गर्न अग्रसर देखिनु हुन्थ्यो । औपचरिक अध्ययन सँगसँगै वि.सं. २०५५ सालदेखि नै नवजीवन मा.वि. काठमाण्डौमा शिक्षण पेशामा संलग्न हुनुभयो भने, साहित्यिक वातावरणमा रमाउन पनि पछिपर्नु भएन ।[३३] त्यसकै फलस्वरूप वि.सं. २०५९ सालमा 'महासम्मेलन' काव्य प्रकाशन गर्नुभयो भने, वि.सं. २०६० सालबाट लिङ्कन कलेज गोङ्गवु काठमाण्डौंमा हालसम्म शिक्षण गर्दै हुनुहुन्छ ।[३४] त्यस्तै गरेर २०६१ सालदेखि हालसम्म गण्डकी मा.वि. म्हैपीमा शिक्षण गर्दै हुनुहुन्छ भने, वि.सं. २०६३ सालदेखि वि.सं. २०६६ सालसम्म माउन्ट ग्लोरी मा.वि. बसुन्धारामा शिक्षण गर्नु भएको पुष्टि हुन्छ । त्यसै गरेर वि.सं. २०६४ सालदेखि हालसम्म थर्नआइ मा.वि. गोङ्गवुमा शिक्षण गर्दै हुनुहुन्छ भने, वर्न हार्ट कलेजमा वि.सं. २०६७ देखि हालसम्म प्राध्यापन गर्दै आउनु भएको छ ।[३५]

## २.१०. दाम्पत्य जीवन र पारिवारिक स्थिति

कुनैपनि व्यक्ति जीवनका अनेकौ मोडहरू पारगर्दै जाँदा बिभिन्न अनुभूतिहरू सङ्गाल्दै जान्छन् । उसको परिवार समाज र राष्ट्रले व्यक्तिको जीवनसँग प्रत्यक्ष-प्रत्यक्षा अन्तरसम्बन्ध कायम गरेकै हुन्छ । समाज, राष्ट्र र विश्वका विविध गतिविधिले व्यक्तिको मस्तिष्कमा पारेका प्रभावहरूलाई साहित्य वा कलाका माध्यमले प्रस्फुटन गर्न पारिवारिक सहयोग र हौसला पनि निकै महन्वपूर्ण रहेको पाइन्छ ।

यसरी हेर्दा साहित्यकार हेमराज अधिकारीले संर्घषमय अध्ययनयात्रा व्यतीत गर्नुपर्दा सानैदेखि परिवारबाट छुट्टै रहनु पऱ्यो । तथापि बुबा, आमा, दाजु, दिदीको प्रयाप्त माया पाएर हुर्किएका हेमराज अधिकारीले पारिवारिक स्नेह धेरै पाएको देखिन्छ ।[३६] धेरै लामो समयसम्म अध्ययन र साहित्य सिर्जनामा लागेका हेमराज अधिकारीको हिन्दु संस्कार अनुसार झापा जिल्ला अर्जुनधारा गा.वि.स. वडा न. २ बस्ने बुबा पराङ्कुश पौडेल र आमा तुलासादेवी पौडेलकी कान्छी छोरी जानकी पौडेलसँग २०६७ साल मङ्सिर १२ गते उनको विवाह भएको देखिन्छ ।[३७] यसरी विवाहपस्चात उनी काठमाण्डौंमा आनन्दमय तरिकाले दाम्पत्य जीवन विताउँदै आउनु भएको छ । वास्तवमा जानकीसँगको सहयात्राले हेमराज अधिकारीको पारिवारिक जीवनमामात्र नभएर

---

33. शोधनायकबाट प्राप्त जानकारी ।
34. ऐजन ।
35. ऐजन ।
36. ऐजन ।
37. हरिसरण पौडेलबाट प्राप्त जानकारी ।

साहित्यिक जीवनमा पनि निकै ठूलो प्रेरणा र हौसला प्राप्त हुँदै आएको छ । हाल साहित्यिक लेखन र प्रकाशनमा जानकीबाट कवि हेमराज अधिकारीलाई पूर्णरूपमा सहयोग हुँदै आएको पाइन्छ ।[३८] हेमराज अधिकारीले अब, लेख्ने कृतिहरूमा भरपुर सहयोग पुऱ्याउने र प्रकाशनको अभिभारा पनि स्वयम् आफूले लिने बताउँदै साहित्यकार हेमराजलाई बारम्बार लेखनमा प्रेरणा र हौसला समेत दिने प्रतिवद्धता जाहेर गर्नुहुन्छ, जानकी पौडेल (अधिकारी) ।[३९] पारिवारिक सहयोगमा भाइ टेकनाथबाट ठूलो प्रेरणा र सहयोग भएको पाइन्छ ।[४०]

## २.११. आर्थिक स्थिति

साहित्यकार हेमराज अधिकारीका पुर्खा देखिनै राजथरी प्राप्त गरेका हुनाले साथै बुबा ज्यादै मेहनती परिश्रमी उद्यमशील भएकाले उहाँको घरायसी आर्थिक अवस्था मजबुद रहेको देखिन्छ । सबै दाजु भाइ पेशामा संलग्न रहेकोले र शोधनायक पनि जागिरे जीवनमा व्यस्त रहेकोले आर्थिक अवस्था राम्रै रहेको पाईन्छ ।[४१]

## २.१२. रुचि एवम् स्वभाव

मान्छेलाई कर्म क्षेत्रतिर प्रवृत गराउने मूख्य आन्तरिकतत्व भनेको उसको रूचि हो । रूचिकै कारण मान्छे कर्मक्षेत्रमा प्रवृत हुन्छ, अनि सफलता पनि प्राप्त गर्न सक्छ । अतः व्यक्तिको सम्पूर्णता बुझ्नका लागि उसको रूचि क्षेत्रको अध्ययन पनि जरूरी देखिन्छ ।

साहित्यकार हेमराज अधिकारी एक कुशल व्यक्तित्व बन्नुका पछाडि उनका वाल्यअवस्थादेखिका रूचिहरू नै प्रमुख जिम्मेवार रहेको पाइन्छ । हेमराज अधिकारीमा सानैदेखि साहित्यकार बन्ने चाहना नभई धार्मिक वातावरणमा रूमलिएको पाइन्छ । यौवनअवस्थामा प्रवेश सँगसँगै उनको जिवनमा रूचिले पनि मोड लिएको पाइन्छ । यस अवस्थामा जोसिलो, जुझारू र सामजिक परिर्वनका लागि केही गर्नुपर्दछ भन्ने धारणा आएकाले त्यतैतिर रूचि गएको देखिन्छ ।[४२] साथै नयाँ पुस्तकहरू पढ्ने, राजनीतिप्रति चासो राख्ने र बिभिन्न पत्रपत्रिकाहरू पढ्ने एवम् नयाँ ठाउँको भ्रमण गर्ने र साहित्य सिर्जना गर्ने तर्फ लाग्ने, समाज परिर्वतन गर्नका लागि साहित्य नभई हुन्न, साहित्य मार्फतमात्र समाज परिर्वन गर्न सकिन्छ भन्ने, रूचि भएकाले हेमराज

---

38. श्रीमती, जानकी अधिकारीबाट प्राप्त जानकारी ।
39. ऐजन ।
40. शोधनायकबाट प्राप्त जानकारी ।
41. छिमेकीहरुबाट प्राप्त जानकारी ।
42. शोधनायकबाट प्राप्त जानकारी ।

अधिकारी साहित्यकार बन्न पुगे ।[४३] बहिर्मुखी स्वभावका हेमराज अधिकारी आफूलाई चित्त नबुझेका कुराहरू निर्धक्क भएर राख्नहुन्छ भने शिक्षण पेशामा संलग्न भएका कारण विद्यार्थीप्रति सकरात्मक सोचाइ राख्नुहुन्छ । शिक्षणका क्रममा पढाइलाई प्रभावकारी तुल्याउन पूर्वीय दर्शनका र अन्य थुप्रै दृष्टान्तहरू प्रस्तुत गर्ने र मनोरञ्जनपूर्ण ढङ्गले सिकाइलाई प्रभावकारी तुल्याउनु पर्छ भन्ने स्वभावका हुनुहुन्छ साहित्यकार हेमराज अधिकारी । त्यस्तै समाजप्रति सकारात्मक सोचभएका सहयोगि देखिनुहुन्छ, त्यसै गरेर मानवीय कलङ्कका रूपमा रहेका हरेकप्रथा जस्तै; ( जात-पात, छुवा-छुत आदि)को अन्त्य हुनुपर्दछ र मात्र समाज अगाडि बढ्छ, अनिमात्र समग्र देशको विकास हुन्छ भन्ने सोचभएका अधिकारी दीनदुःखी गरिब, असाहय, अपाङ्गलाई सकेसम्मको सहयोग गर्ने बानी भएका र कोही कसैसँग भेट हुँदा आफू खुल्ला रूपमा सरल ढङ्गले प्रस्तुत हुने, निडर एवम् स्वाभिमानी स्वभावका हुनुहुन्छ, हेमराज अधिकारी ।[४४]

## २.१३. साहित्यिक लेखन प्रेरणा र प्रभाव

संस्कृत साहित्यमा शाष्त्री अध्ययन गरेका र बडाबा पनि कवि भएका कारण हेमराजमा कविता लेख्ने मन जागेर अएको साथै भारतको हरिद्वारमा पढ्दाखेरी त्यहाँको विद्यालयको वातवरण, त्यसपछि पिण्डेश्वर विद्यापीठ धरानको वातावरण, बडाबा, दाजु, बुबा र प्रमुख रूपमा साहित्यिकार प्रभात सापकोटाको प्रेरणाबाट उनमा साहित्य लेखनको जाँगर आएको पाइन्छ । त्यसकै फलस्वरूप प्र.ले.स. सुनसरीबाट प्रकाशित पत्रिकामा 'कवि लेखकहरूप्रति' भन्ने कविता प्रथम पटक प्रकाशित गरेर औपचारिक रूपमा कविता लेख्न सुरू गरेको पाइन्छ । त्यसपछि क्रमशः मधुर्पक, मिर्मिरे, समष्टि, साहित्यसागर, साहित्यसन्ध्या आदि पत्रिकामा प्रशस्तै फुटकर कविता छपाउन सफल देखिन्छन् । त्यसबाट झन् उनमा कविताप्रति मोह जागेर आएको पाइन्छ । हुँदाहुँदै वि.सं. २०५८ सालमा ने.रा.प्र.प्र.ले आयोजना गरेको राष्ट्रिय कविता महोत्सवमा 'महासम्मेलन' भन्ने काव्य लिएर भाग लिदा उनले रजतपदक प्राप्त गरेको पाइन्छ । त्यसपछि झन उनमा साहित्यप्रतीको अनुराग वढेर गयो । त्यसपछि वि.सं. २०५९ सालमा उनले 'महासम्मेलन' भन्ने काव्य प्रकाशित गरे । यो नै उनको पुस्तकाकार रूपमा प्रकाशित प्रथम कृति हो । साहित्यका विविध विधामा कलम चलाउँदैजाँदा हाल काठमाण्डौंमा बसेर नेपाली साहित्यलाई उमार्दै, फलाउदै, फुलाउँदै मूलतः कविता विधामा कलम चलाउँदै महत्वपूर्ण युवा कविका रूपमा दरिन पुग्दछन् । कवि हेमराज

43. ऐजन ।
44. ऐजन ।

मानवतावादी, प्रगतिवादी, प्रयोगधर्मी कवि हुन् । उनका कवितामा उच्चमानवीय अस्तित्वको मूल्यस्थापनाका लागि आशा प्रकट गरेको पाइन्छ । छन्दवद्धतामा कविता लेख्न माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली, राजेन्द्र सुवेदी, रामप्रसाद ज्ञवली, प्रभात सापकोटाबाट प्रेरणा लिँदै यिनै साहित्यकारबाट प्रभावित हुँदै राजनैतिक वितृष्णालाई पनि साहित्यिक सिर्जनामा ल्याउने हेमराज अधिकारीमा यसको प्रभाव र प्रेरणा भएको बुझिन्छ । पछिल्ला समयमा उनका कविताहरूमा वर्तमान नेपालको राजनैतिक, आर्थिक, शैक्षिक अवस्थालाई विषय बनाइ कविताहरू लेख्दै छपाउँदै गरेको पाइन्छ ।

## २.१४. प्रथम रचना र प्रकाशित पुस्तकाकार कृतिहरु

साहित्य लेखन कार्यमा १७, १८ वर्षबाट नै शुरू गरेपनि बिभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कविता लेखेको पाइन्छ । उनको प्रथम प्रकाशित फुटकर कविता वि.सं. २०५० सालमा प्र.ले.स. सुनसरीबाट प्रकाशित पत्रिकामा छापिएको ‘कवि लेखकहरूप्रति’ नै हो ।[४५]

## २.१५. प्रकाशित कृतिहरुको सङ्क्षिप्त सूची

| क्र.स. | कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| 1. | महासम्मेलन | खण्डकाव्य | वि.सं. 2059 |
| 2. | संकलित बाल कविताहरू | कविता | वि.सं. 2060 |
| 3. | ताप्लेजुङ्गको नालीबेली | सोधखोज | वि.सं. 2064 |
| 4. | नौलो नेपाली माला (क-ग) | पा.पु. | वि.सं. 2064 |
| 5. | जम्को नेपाली माला (नर्सरीदेखि कक्षा ५ सम्मका पाठ्यापुस्तक) | पा.पु. | वि.सं. 2066 |
| 6. | विचलित वर्तमान (कवितासंग्रह) | कविता | वि.सं. 2067 |

## २.१६. पुरस्कार तथा सम्मान

हेमराज अधिकारीले साहित्य क्षेत्रमा संलग्न भएर थुप्रै पुरस्कार प्राप्त गरेका छन् । ती पुरस्कारहरू राष्ट्रिय स्तरका, क्षेत्रीय स्तरका र जिल्ला स्तरका, विद्यालय स्तरका गरी जम्मा तीन

45. ऐजन ।

दर्जन जति रहेका छन् । हेमराज अधिकारीले प्राप्त गरेका प्रमुख पुरस्काहरू तथा सम्मानहरू प्राप्त भए बमोजिम निम्नानुसार छन् :

क) संस्कृत विद्या सम्बर्द्धिनी धरानले आयोजना गरेको प्रतियोगितामा पद्मविष्णु पुरस्कार (२०५१) ।

ख) पिण्डेश्वर विद्यापीठ धरानले आयोजना गरेर प्रत्येक वर्ष एकजनालाई दिने सम्मान वि.सं. २०५२ सालमा पिण्डेश्वरश्री प्राप्त ।

ग) ने.रा.प्र.प्र.ले आयोजना गरेको राष्ट्रिय कविता महोत्सव वि.सं. २०५८ मा रजतपदक प्राप्त ।

## २.१७. जीवन र साहित्य सम्बन्धी धारणा

"जीवनलाई एउटा ईश्वरीय बरदानमात्र नठानी जीवन एउटा प्रकृतिको उपहार हो । श्रम र सिर्जना गरेर जीवन जीउँनु पर्दछ । जीवन संघर्षमय छ, रापैरापमा पिल्सिएको छ । त्यसैले जीवनशैली आ-आफ्नो पाराको र आफूलाई अनुकूल हुनेगरि चलाउन सक्नुपर्छ, भन्ने धारणा व्यक्त गर्दछ । साहित्य भन्नाले समाज, व्यक्ति र नीतिको त्रिकोणात्मक सम्बन्धले सिर्जना गरिनु पर्छ । कुनै पनि रचना वा लेखकले एउटा स्पष्ट धारणा बोकेको र मौलिकतामा सिर्जिएको हुनुपर्दछ ।"[४६]

आजभोलिका कविताहरू प्रायः ठाढो पार्दा कविता र तेर्सो पार्दा निबन्ध हुने हुनुहुँदैन । छन्दमा कविता लेख्ने अधिकारी छन्दोपद्ध कवितालाई पुरानो शास्त्रीय झमेलापूर्ण ठान्दैनन् किन भने त्यो त छन्दको मर्म नबुझेर र शब्दभण्डारको कमीले अप्ठ्यारो जस्तो ठानिने हुन्छ । वास्तवमा छन्दोवद्ध कविता रचना गर्दा सम्पूर्ण चराचर जगत बिर्सिएर गर्न सकिन्छ । त्यहाँ गण, सङ्केत, ह्रस्व, दीर्घको ख्याल गर्नुपर्दा अन्त्यानुप्रास मिलाउन खोज्दा आफूलाई नै बिर्सने एउटा रोमाञ्चकारी नशा बन्न सक्दछ ।

छन्दोवद्ध कविता यस अर्थमा गद्यपूर्ण स्वरूपमा अस्वीकार्य विषय भने पटक्कै होइन तर गद्य लेखनमा भावना फरक हुन्छ, बिचार देखिन्छ ।[४७]

## निष्कर्ष

हेमराज अधिकारीको ३९ वर्षे जीवनयात्रा केही सुखमय त केही जटिल तथा संघर्षशील वातावरणमा घुलमिल भई वितेको छ । २० वर्षदेखि साहित्य सिर्जनामा लागेका हेमराज

46. ऐजन ।
47. ऐजन ।

अधिकारीले आजसम्म पनि उक्त कार्यलाई निरन्तरता दिँदै झन नयाँ-नयाँ क्षेत्रका संलग्न भई निकट भविष्यमा नै उपन्यास विद्याको कृति प्रकाशन गर्ने तयारीमा लाग्नु भएको छ ।[४८]

# तेस्रो परिच्छेद

## हेमराज अधिकारीको व्यक्तित्वका विविधपक्षहरु

### ३.१. पृष्ठभूमि

हरेक व्यक्तिलाई समाजमा चिनाउन उसको व्यक्तित्वको निकै ठूलो हात रहेको हुन्छ । सामान्यतः व्यक्तित्व भन्नाले उसको शारीरिक बनावट, लवाइ, वानी व्यवहार, सामाजिक कार्य, पेशा आदि कुरा भन्ने बुझिन्छ । यही कुशल व्यक्तित्वकै कारण समाजमा व्यक्ति अनुकरणीय बनिरहन्छ । यसरी हेर्दा साहित्यिक, राजनैतिक, सम्पादन, प्राध्यापन, धार्मिक, सामाजिक आदि क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरिरहेका हेमराज अधिकारी विविध व्यक्तित्वका धनी मानिन्छन् । यहाँ उनका यिनै व्यक्तित्वका विविध पक्षलाई चिनाउने प्रयास गरिएको छ ।

### ३.२. वाह्य व्यक्तित्व

व्यक्तिको निजी जीवनसँग सरोकार राख्ने कुराहरू नै वाह्य व्यक्तित्वले प्रतिनिधित्व गर्दछ । जस्तो (उचाई, मोटाई, आकार, रूप, प्रवृती, वानी, रूचि)आदि शारीरिक संरचनाका दृष्टिले हेमराज अधिकारीको तौल ५५ के.जी. रहेको बताउछन् । स्वास्थ्य एवम् दुब्लो, अग्लो, पातलो शरीर, लाम्चो अनुहार, रहस्यमय आँखा, ५ फूट ८ इन्चको उचाई, गहुँगोरो वर्ण एवम् हँसिलो चेहरा भएका हेमराज अधिकारीको शारीरिक व्यक्तित्व निकै आकर्षक देखिन्छ । घरमा बस्दा सामान्य पोसाकमा रहने हेमराज अधिकारी बाहिर हिड्दा सर्ट-पाइन्टको पोसाक, कम्मरमा छालाको पेटी, खुट्टामा सामान्यः छालाको कालो जुत्तामा विशेष रूचिका साथ सजिएर हिड्ने गर्दछन् । साथीभाइसँग सरल, स्वाभिमानी र सहयोगी प्रवृतिको व्यवहार गर्दछन् । स्वभाविक बोली, मिठासयुक्त सौहार्द्र तथा नम्र, सरल व्यवहार भएका व्यक्ति अधिकारी देशको पक्षमा बोल्छन् भने प्रगतिशील बिचारधारामा उभिन्छन् ।

48. जानकी पौडेलबाट प्राप्त जानकारी ।

### ३.३. आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भित्र व्यक्तित्वका विविध रूपमा कुनै पनि व्यक्तिलाई हेरिन्छ । जीवनयात्रामा एउटा व्यक्तिले आफ्ने व्यक्तित्व प्रस्तुत गर्दछ । कुनै पनि मानिसको भोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात तथा क्रिया-प्रतिक्रियाले व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछ । यसका साथै व्यक्तिको व्यक्तित्व निर्माणमा ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक, साँस्कृतिक स्थिति, रूचि, पेशा, शिक्षादीक्षा आदिले उल्लेख्य सहयोग पुऱ्याएको हुन्छ ।[1] हेमराज अधिकारीको व्यक्तित्वमा पनि उल्लिखित कुराले प्रभाव पारेको देखिन्छ ।

हेमराज अधिकारीको सम्पूर्ण जीवनभित्र निम्न व्यक्तित्व देखा पर्दछ :-

#### ३.३.१. सम्पादक व्यक्तित्व

हेमराज अधिकारीले भारतको हरिद्वारमा रहेर पढ्दादेखि लिएर धरानको पिण्डेश्वर विद्यापीठमा रहँदादेखि सम्पादन कार्यलाई अगाडि वढाएका थिए । त्यसपछि अध्ययनको क्रमसँगसँगै उनले सम्पादनमा विशेष हात हालेको पाइन्छ । बिभिन्न विद्यालयका रजतअंकहरू र सामान्य स्मारिकाहरूको सम्पादन गर्दै, क्याम्पसमा भित्ते पत्रिकाहरूको सम्पादन गर्दै जाँदा ताप्लेजुङ्गबाट प्रकाशित 'जस्केलो' अर्धवार्षिक, बर्ष १, अंक १, २०५५ का प्रधान सम्पादक भएका थिए । त्यसै गरेर हेमराज सहसम्पादक बनेर ताँदी अर्धवार्षिक पत्रिकालाई आठ अंकसम्म पुऱ्याए भने वि.सं. २०५५ देखि 'साहित्यसागर' पत्रिकाको सम्पादन गर्न थाले, हालसम्म १५ अंकसम्म प्रकाशित गरेर एउटा साहित्यिक पत्रिकाका १५ अंकसम्म धान्नु सानो कुरा होइन । यिनै कुराले उनको साहित्यप्रतीको अभिरूचि र साधना प्रदर्शित गर्दछ । तर उनको सिर्जना पक्ष भने अलग्गै छ ।[2]

यसरी हेर्दा साहित्यिक पत्रिकाहरूको क्षेत्रमा हेमराज अधिकारीको सम्पादक व्यक्तित्व निकै प्रखर भएर देखा परेको पाइन्छ ।

#### ३.३.२. समालोचक व्यक्तित्व

1. वालकृष्ण शर्मा, होमनायक सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व (काठमाण्डौ, अप्रकाशित, स्नातकोत्तर शोधग्रन्थ, त्रि.वि., २०५६), पृष्ठ ३२ ।
2. शोधनायकबाट प्राप्त जानकारी ।

साहित्यको विविध विधामा कलम चलाएर आफूलाई सफलताको सिँढीमा उकाल्दै गरेका अधिकारीले आफ्नो अध्ययनको समय देखि नै समालोचना क्षेत्रमा पनि कलम चलाएको पाइन्छ । जस्केलो वर्ष १, अंक १, २०५५ मा प्रकाशित ताप्लेजुङ्ग र यहाँका सर्जकहरू नै उनको पहिलो समालोचनात्मक लेख हो । जहाँ ताप्लेजुङ्गे साहित्यकारले नेपाली साहित्यमा अविस्मरणीय भूमिका निर्वाह गर्दै आएका छन् । यहाँ जन्मेका साहित्यकारले फुटकर कवितादेखि लिएर महाकाव्य (अप्र.)सम्म, कथा, निबन्ध, उपन्यास, नाटक समालोचनाका क्षेत्रका समेत आफ्ना विशिष्ट लेखनीलाई द्रुततरगतिमा दौडाएका छन् । भन्ने कुरा लेख्दै ताप्लेजुङ्गका साहित्यकार र उनका कृतिहरूको संक्षिप्त विवरण दिएका छन् ।[३] त्यसै गरेर रोग, भोग र शोकका कवि भूपी शेरचन ( भूपी स्मृती विशेषाङ्क २०५५) पनि उनको एक समालोचनात्मक लेख हो भने, यसै शिलशिलामा ताप्लेजुङ्गको सृजन परम्परा र जूठो सुतक निर्णय (पं. बैजनाथ भट्टाराई उत्सर्ग र सिद्धि, (२०५७) अर्को समालोचनात्मक लेख देखिन्छ । त्यसै गरेर मधुपर्कमा मूललेखको रूपमा प्रकाशित 'नेपाली कवितामा नारी हस्ताक्षर' (२०५८)बाट झन यस विधातर्फ सशक्त रूपमा देखापर्दछन् ।[४]

त्यस्तै जम्को प्रकाशन वि.सं. २०५८ मा उपन्यासकार तुलसीप्रसाद भट्टराईका उपन्यासको समिक्षात्मक टिप्पणी लेखेर अधिकारीले समालोचना विधामा आफूलाई दह्रो पारेको पाइन्छ । सम्झना कवितासंग्रहभित्रका कवि तिमसिना (डा. डिल्लीराम तिमसिना स्मृतीग्रन्थ, २०६०)बाट अझ प्रखर रूपमा आफूलाई समालोचकका रूपमा उभ्याउन पुगेका छन् ।

यसरी नेपाली साहित्यमा ताप्लेजुङ्ग जिल्लाको योगदान शीर्षकको शोधपत्रमा ताप्लेजुङ्ग जिल्लामा जन्मिएका र नेपाली साहित्यमा राष्ट्रियस्तरसम्म योगदान पुर्‍याउने बिभिन्न साहित्यकारहरूको कृतिको अध्ययन साथै बिभिन्न पत्रपत्रिकामा जस्तै; जम्को, जस्केलो, साहित्यसागरमा प्रकाशित लेख पनि समालोचनात्मक ढाँचाका पाइन्छन् । त्यसै गरेर निर्माण प्रकाशन सिक्किमबाट प्रकाशोन्मुख रहेको कृति 'साहित्यकार पवन चाम्लिङका कृतिहरूको मूल्याङ्कन' पनि उनको निकट भविष्यमा प्रकाशित हुने समालोचनात्मक कृति हुनेछ ।[५]

### ३.३.३. राजनैतिक व्यक्तित्व

3. जस्केलो वर्ष १, अंक-१, २०५५, पृष्ठ १८ ।
4. शोधनायकबाट प्राप्त जानकारी ।
5. ऐजन ।

अहिले आएर हेमराज अधिकारीका जेजति व्यक्तित्वका पाटाहरू प्रखर रूपमा देखा पर्दै आइरहेका छन् । ती सम्पूर्णको पृष्ठभूमि भारतको हरिद्वारको अध्ययनक्रमसँगै जोडिएर आएका छन्, यसरी नै अधिकारीको राजनैतिक व्यक्तित्वको सुरूवात पनि भारतको हरिद्वारबाटै भएको पाइन्छ । तत्कालीन नेपालको राजनैतिक अवस्थामा पञ्चायतको बिरोधमा नेपालबाट भारत गएका नेताहरूसँगको भेटघाट भएपछि उनको जीवनमा राजनीतिको विजारोपण भएको पाइन्छ । नेपालको पञ्चायती व्यवस्थाबाट आफू आकूलव्याकूल भएर नेपाली जनता र नेपालको हितका पक्षमा कायापलट ल्याउनका लागि नेपालबाट राजनेताहरू भारत गएका, प्रगतिशील बिचारधारा, वामपन्थी बिचार लिएका तत्कालीन राजनेता मनमोहान अधिकारी, देवराज घिमिरे, मदन भण्डारी लगायतका बिभिन्न वामपन्थी बिचारधाराका बुद्धिजिवीहरूसँगको प्रत्यक्ष भेटघाट भएपछि उनको मस्तिष्कका वामपन्थी बिचारको बीजारोपण भएको पाइन्छ ।[६] तिनै वामपन्थी नेताबाट उनले कम्युनिष्ट बिचारधारको विषयमा बुझ्ने मौका पाए । ती नेतामध्ये पनि बिशेष गरेर मदन भण्डारीबाट प्रभावित र प्रेरित भएर वामपन्थी बिचार लिन थालेको पाइन्छ । तत्कालीन नेपालको पञ्चायती व्यवस्थाका बाबजुत लुकीछिपी उनले कम्युनिष्टको बिचार लिएर काम गरेभने हरिद्वारको पढाइ छाडेर नेपालको धरानस्थित पिण्डेश्वर विद्यापीठमा अध्ययनरत रहँदा विद्यार्थी जीवनमा राजनीतिमा सक्रिय रहेर काम गरे । त्यहाँ क्याम्पसमा अनेरास्वबियूको प्रा.क. अध्यक्ष भएर काम गरेको पाइन्छ ।[७] अधिकारी समाजिक सेवामा काम गर्ने व्यक्ति भएकाले, त्यहाँका विद्यार्थीको हकहितमा काम गर्नका लागि अनेरास्वबियुको तर्फबाट, स्वबियु सदस्य हुँदै उपसभापति समेत भएर काम गरे भने छात्र पुस्तककालयका सभापति समेत भएका थिए ।

हेमराज अधिकारी मार्क्सवादी बिचारधाराबाट प्रेरित हुँदै मदन भण्डारीको नौलो जनवादबाट सोझै प्रभावित हुँदै नेपालमा कम्युनिष्ट पार्टीको विकाश गराउन सक्रिय रहँदै आएका छन् । नेपालको वि.सं. २०४६ सालको जनअन्दोलन, वि.सं. २०६२ को जनआन्दोलनमा अधिकारी सक्रिय रहँदै हालपनि वामपन्थी बिचारधारामा नै अडिग रहेर काम गरिरहेको छन् ।

### ३.३.४. खण्डकाव्यकार व्यक्तित्व

वि.सं. २०५८ मा ने.रा.प्र.प्र.ले आयोजना गरेको राष्ट्रिय कविता महोत्सवमा 'महासम्मेलन' खण्डकाव्लयले रजतपदक प्राप्त गरेपछि पाठकको निकै माया र सद्भाव पाएर अधिकारीले वि.सं. २०५९ सालमा सो काव्यलाई पुस्तककाररूपमा प्रकाशित गरे । विशेषतः

6. ऐजन ।
7. ऐजन ।

कृष्णप्रसाद पराजुली, माधवप्रसाद घिमिरे, रामप्रसाद ज्ञवली, राजेन्द्र सुवेदी, प्रभात सापकोटा जस्ता विशिष्ट साहित्यकारहरूको प्रेरणा, प्रभाव र तत्कालीन नेपालको स्थितिबाट प्रेरित भई अधिकारीले 'महाकाव्यसम्मेलन' खण्डकाव्य रचना गरि रजतपदक प्राप्ती गरेपछि पुस्तकाकार रूपमा प्रकाशित गरेका देखिन्छन् । समसामयिक विषयवस्तु र परिस्थितिलाई टपक्क टिपेर शास्त्रीय वर्णमात्रिक छन्दमा रचना गरिएको यस खण्डकाव्यले अधिकारीलाई कुशल प्रयोगधर्मी खण्डकाव्यकार व्यक्तित्वको परिचय दिन सकेको छ ।

### ३.३.५. खोजअनुसन्धानमूलक व्यक्तित्व

हेमराज अधिकारीले वि.सं. २०६४ सालमा 'ताप्लेजुङ्गको नालीबेली' नामक शोधखोज विधा जस्केलो साहित्यिक प्रकाशक ताप्लेजुङ्गबाट प्रकाशित कृतिका माध्ययमबाट ताप्लेजुङ्गमा जन्मिएर इँटाझैं छरपष्ट भएका साहित्यकार र उनको योगदान, ताप्लेजुङ्ग जिल्लाको ऐतिहासिक पृष्ठभूमि, नामाकरण, ताप्लेजुङ्गको भू-बनावट, त्यहाँको जनजीवन, प्रमुख तिर्थस्तल, शैक्षिक परिचय, ताप्लेजुङ्गको लोकसाहित्य, ताप्लेजुङ्गका व्यक्ति, व्यक्तित्वको बारेमा जानकारी लिने क्रममा स्थलगत भ्रमण, पुस्तकालयीय अध्ययन, बिभिन्न व्यक्ति व्यक्तित्वसँग अन्तरवर्ता, भेटघाटबाट जानकारी पत्रपत्रिकाबाट जानकारी लिंदै हालसम्म ताप्लेजुङ्ग जिल्लाले जन्मदिएका व्यक्ति र ती व्यक्तिले नेपाल देशको लागि विविध क्षेत्रमा दिएको योगदानका बारेका प्रष्ट पार्ने काम गरेका छन् ।

यसरी ताप्लेजुङ्ग जिल्लाका बिभिन्न ठाउँमा जन्मिएर बिभिन्न ठाउँमा पुगेर छरपष्ट रूपमा छरिएका व्यक्ति, व्यक्तित्वलाई एउटै पुस्तकमा अटाउनु साधारण कुरो होइन, जुन कार्यबाट हेमराज अधिकारी भावी पुस्ताका लागि अनुकरणीय व्यक्ति बनेका छन् ।

### ३.३.६. धार्मिक, सामाजिक तथा सांस्कृतिक व्यक्तित्व

हेमराज अधिकारी ब्राह्मण परिवारमा जन्मिएका हुनाले धार्मिक प्रेरणाको श्रोत घरपरिवार नै हो । जस्कै फलस्वरूप भारतको हरिद्वारसम्म गएर सँस्कृत पढेको पाइन्छ । अधिकारी धार्मिक कट्टरपन नदेखाउने व्यक्ति भएतापनि घरपरिवार समाजमा आयोजना गरिने धार्मिक कार्यहरूमा संलग्न हुने गर्थे । धर्ममा भएका राम्रा पक्षको मात्र प्रयोग र समर्थन गर्दै समाजको भलाइको लागिमात्र धर्मको प्रयोग गर्नु पर्दछ । नराम्रा पक्षलाई बिरोध गर्दै राम्रो पक्षको समर्थन

गर्नुपर्दछ भन्ने उद्देश्यले बिभिन्न धार्मिक कार्यमा नेपालका केही ठाउँ (ताप्लेजुङ्गको नाङखोल्याङ्ग, थुम्बेदिन) लगायत अन्य ठाउँमा सप्ताह पुराण प्रवचन कार्यक्रममा समेत केही समय बिताएको र भारतको बिभिन्न ठाउँमा प्रवचन दिएको पुष्टि हुन्छ ।[८] साथै समाज सुधार गर्नका लागि गरीब, असाहय, अनाथ, व्यक्तिहरूको भलाइमा लाग्नु पर्दछ, त्यँही नै धर्म कमाइन्छ भन्ने सोच देखिन्छ हेमराज अधिकारीमा । आफ्नो सँस्कृति जोगाउनु पनि पर्छ, तर संस्कृतिले जरो गाडेका नराम्रा पक्षलाई छोड्दै सहज ढङ्ले अरूको अहित हुनेकाम नगरी परमार्थी भावनाले संस्कृतिको संरक्षण गर्नुपर्दछ भन्ने भावना देखिन्छ, अधिकारीमा ।

## ३.३.७. निबन्धकार व्यक्तित्व

अधिकारीको मुलविधा कविता भएपनि सहायक विधाको रूपमा निबन्धलाई पनि लिएको पाइन्छ । पुस्तकाकार रूपमा छुट्टै पुस्तक निबन्धको प्रकाशन नगरे पनि २०५५ सालमा ताँदी पत्रिकामा प्रकाशित 'पाथिभराको भ्रमण' शीर्षकको निबन्ध लेख नै उनको पहिलो निबन्ध हो ।[९] त्यस्तै गरेर हेमराज अधिकारीका निबन्धहरू बिभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका लगभग १ दर्जनजति निबन्ध प्रकाशित भइसकेका छन् ।

## ३.३.८. कवि व्यक्तित्व

कवि व्यक्तित्व हेमराज अधिकारीको महत्वपूर्ण व्यक्तित्व हो । जुन व्यक्तित्वको बीजारोपण धरानको वातावरणले गरेको पाइन्छ । प्र.ले.स. धरानका साहित्यकारसँगको साक्षात्कार भेटघाट र सर्म्पकले गर्दा उनि कविता तिर आकृष्ट भएको पाइन्छ । प्र.ले.स. सुनसरीबाट प्रकाशित 'कवि लेखकहरूप्रति' (२०५०) नै उनको पहिलो प्रकाशित कविता हो ।[१०] त्यसपछि मधुपर्क, मिर्मिरे, समष्टि, उदय, नेपालसमाचारपत्र, ताँदी, साहित्य सन्ध्या, साहित्यसागर, प्र.ले.स., गोधुली, स्पेस टाइम, भानुमोती आदि प्रत्रपत्रिकामा र सामयिक सङ्कलनमा प्रशस्तै मात्रामा ३ दर्जन जति कविताहरू प्रकाशित भएका पाइन्छन् । पुस्तकाकार रूपमा प्रकाशित उनको पहिलो कवितासङ्ग्रह 'विचलित वर्तमान' (२०६७) हो । जुन कवितासङ्ग्रहको प्रकाशक जस्केलो प्रकाशन ताप्लेजुङ्ग रहेको छ । यस कवितासङ्ग्रहमा जम्मा २५ वटा कविताहरू समावेश छन् । उक्त कविताहरू वर्णमात्रिक र गीति छन्दमा रचिएका छन् । जसमध्ये सार्दूलविक्रीडित छन्दका ११ वटा, इन्द्रबज्रा छन्दमा ५

8. ऐजन ।

वटा, पञ्चचामर छन्दका ३ वटा स्रग्विणी दन्छका १ वटा, इन्दिरा छन्दका १ वटा, अनुष्टुप छन्दका १, वटा लामो खालको झ्याउरे लयका २ वटा मन्दाक्रान्त छन्दका १ वटा कविता रहेका छन् ।[11]

समग्रमा भन्दा यस कवितासङ्ग्रहका कविताहरूको ढाँचा आफ्नै किसिमको मौलिकतामा निर्मित रहेको छ । भने काव्यात्मक सम्वेदना र कलाका पक्षहरूको सन्तुलित समायोजनाबाट कविताकृति सिर्जना गर्नु अधिकारीको आफ्नै पहिचान हो ।

## ३.३.९. प्राध्यापक व्यक्तित्व

हेमराज अधिकारीको विविध पक्षमध्ये प्राध्यापक व्यक्तित्व पनि एक निकै महत्वपूर्ण व्यक्तित्व हो । आखिर अधिकारीको जीवन निर्वाहको बाटो पनि प्राध्यापन पेशा नै देखिन्छ । साहित्यक वातावरणसँगैसँगै शिक्षण पेशामा संलग्न हुँदा वि.सं. २०५५ सालदेखि शिक्षण पेशामा लागेको पाइन्छ । नवजीवन उच्च मा.वि.मा वि.सं. २०५५ देखि वि.सं. २०६० सालसम्म शिक्षण गरेको पाइन्छ अनि वि.सं. २०६० सालदेखि लिङ्कन कलेज गोङ्गवु काठमाण्डौंमा हालसम्म कार्यरत हुनुहुन्छ । त्यसै गरेर वि.सं. २०६१ सालदेखि गण्डकी मा.वि. भ्रैपीमा हालसम्म, माउन्ट ग्लोरी मा.वि. बसुन्धरामा वि.सं. २०६३ देखि वि.सं. २०६६ सालसम्म काम गरेको देखिन्छ । २०६४ साल देखि थर्ड आई मा.वि. गोङ्गवुमा हालसम्म कार्यरत हुनुहुन्छ त्यसै गरी वर्न हाट कलेज बल्खुमा पनि वि.सं. २०६७ सालदेखि प्राध्यापन गर्दै आउनु भएको छ ।[12]

पढाइलाई प्रभावकारी तुल्याउन पूर्वीय दर्शन र अन्य थुप्रै दृष्टान्तहरू पस्तुत गर्ने र मनोरञ्जनपूर्ण ढङ्गले सिकाइलाई प्रभावकारी बनाउनु पर्छ भन्ने धारणा भएका अधिकारीको प्राध्यापन व्यक्तित्व सवल रहेको मान्नु पर्छ ।

---

9. ऐजन ।
10. ऐजन ।
11. 'विचलित वर्तमान' कविता संग्रहको भूमिकाबाट साभार गरिएको ।
12. शोधनायकबाट प्राप्त जानकारी ।

# चौंथो परिच्छेद

## साहित्यकार हेमराज अधिकारीको साहित्यिक यात्रा

### ४.१. पृष्ठभूमि

कुनै पनि सर्जकलाई अमर बनाउने प्रमुख तत्व भनेको नै उसका सिर्जना हुन् । कतिपय चिन्तकहरूले त साहित्यकारको दृष्टिचेतलाई सूर्यको प्रकाशभन्दा पनि टाढासम्म देख्न सक्ने वा 'जहाँ पुग्दैन रवि त्यहाँ पुग्छ कवि' भनेर उकासेको पाइन्छ । कविले सूर्यले नदेख्ने ठाउँ पनि देख्छन् भन्ने कुरा कतिको सत्य हो, त्यो त आफ्नै ठाउँमा छ । तथापि समाजको विश्लेषण गर्दै खराब तत्वको पर्दाफास गरेर समाजलाई सुधार्ने सङ्केत भने हरेक सर्जकका सिर्जनामा पाइन्छ ।

आखिर साहित्यकार कति जीवन्त रहन्छ भन्ने कुरा त उसका रचनाहरूको गाम्भिर्यता हो । साच्चै नै साहित्यकारहरू मनका धनी हुन्छन् र कोमल पनि । त्यही कोमलताकै कारणले अरूका दुःख चाँडै बुझ्न सक्दछन् अनि त्यसलाई आफ्नै पीडा हो भनेर कलात्मकताका साथ व्यक्त गरिदिन्छन् । यस्ता सिर्जनाहरूले समाजका धेरै व्यक्तिहरूको प्रतिनिधित्व गर्ने साहस र सामर्थ्य राख्दछन् । त्यसैले गर्दा यी कोमल रचनाहरूले पाठकको मन चाँडै पगाल्छन् अनि जनमानसमा सधैँ जीवन्त रहन्छन् ।

समग्रहमा केलाएर हेर्दा मानिसको जीवन एउटा यात्रा हो, तर यो यात्रा वैज्ञानिक चमत्कारले ल्याएका उपकरण प्रयोग सहित को यात्रा नभएर खाली खुट्टाले हिड्ने वगरको प्राकृतिक यात्रा हो । जसले विगतका यात्राका पृष्ठभूमिमा पाइला राखेर भविष्यको रेखाङ्कन गर्दछ । साच्चै

हेमराज अधिकारीको साहित्यिकयात्रा पनि खारिएका अनुभवको पुञ्ज नै हो, अनि समाजमुक्तिको लागि शंखघोष पनि । आफ्नो रचना यात्राको शुरूबाट हालसम्म आइपुग्दा आफ्नै फुटकर कवि व्यक्तित्वलाई खण्डकाव्यकार व्यक्तित्व र कवि व्यक्तित्वमा परिणत गरिसक्दा पनि अधिकारीले समाजमा तँ छाँड म छाडको भावना देखेका छन् । वर्तमानले भोगेका चोट, मानिसले भोगेका कष्ट, हत्या हिंसा र क्रुर्ता, मानिसले गरेका वर्वरकर्मको चित्र उतारेका छन् भने, उज्यालो वर्तमानको प्रतिक्षामा बसेका छन् । आखिर यो हाम्रो देश र समाजको यथार्थता पनि हो ।

## ४.२. लेखनकार्यका निम्ति प्रेरणा र प्रभाव

कोही कसैले, कोही कसैलाई कवि वा साहित्यकार बनाउन सक्दैन । पूर्वीय साहित्य चिन्तकहरूले भनेकै कवि वन्नका लागि प्रतिभा, व्यूत्पत्ति र अभ्यासको जरूरत पर्छ नै । तथापि कोही व्यक्तिमा कवि बन्ने प्रतिभा छ भने, त्यसलाई समयसापेक्ष रूपमा प्रस्तुत गर्ने पूर्ववर्ती एवम् समकालिन साहित्यकारको प्रेरणा र प्रभाव अवस्य चाँहिन्छ । यसरी हेर्दा हेमराज अधिकारीमा पूर्ववर्ती र समकालिन साहित्यकारको प्रेरणा र प्रभाव परेकै देखिन्छ ।

पढाइकै शिलशिलामा रहँदा भारतको हरिद्वार र धरानको साहित्यिक वातावरण प्र.ले.स.का साहित्यकारहरूको सम्पर्क, बडाबा नारायणप्रसाद अधिकारी, डा.डिल्लीराम तिमसिना, राजेन्द्र सुवेदी, प्रभात सापकोटा, माधवप्रसाद घिमिरे, रामप्रसाद ज्ञवली, कृष्णप्रसाद पराजुली जस्ता साहित्यकारको प्रेरणा र प्रभावबाट प्रेरित र प्रभावित भएको अनि तत्कालीन नेपालको परिस्थितिबाट पनि उनी प्रभावित भएको देखिन्छ ।

यसैगरी अधिकारीलाई हौसला र सहयोग गर्नुहुने दाजु घनश्याम, बुबा श्रीप्रसाद, विशेष सहयोगी भाई टेकनाथ अधिकारीको प्रेरणा पनि उत्तिकै सहरानीय रहेको देखिन्छ । प्र.ले.स. सुनसरीबाट प्रकाशित 'कवि लेखकहरूप्रति' (२०५०) फुटकर कविता प्रकाशित गरी नेपाली साहित्यमा लागेका अधिकारीले थुप्रै पत्रपत्रिकामा फुटकर कविता प्रकाशित गरेको छन् । वि.सं. २०५८ सालमा ने.रा.प्र.प्र.ले आयोजना गरेको राष्ट्रिय कविता महोत्सवमा 'महासम्मेलन' खण्डकाव्यले रजतपदक प्राप्तगर्न सफल भएपछि उनमा झन ठूलो हौसला मिलेको पुष्टि हुन्छ । त्यसपछि वि.सं. २०६४ सालमा प्रकाशित 'ताप्लेजुङ्गको नालीबेली' शोधखोज विधाले थप हौसला मिलेको अनुभूत हुन्छ भने, कविताको लगनशीलता र पाठकको माया पाएकै कारण उनले वि.सं.

२०६७ सालमा वर्तमान नेपालको विचलित अवस्थालाई उतार्दै 'विचलित वर्तमान' शीर्षकको कवितासङ्ग्रह प्रकाशन गर्न पुग्दछन् ।

खासगरी यस 'विचलित वर्तमान' कवितासङ्ग्रहमा संकलित कविताहरू दशवर्षे जनयुद्धका समयमा रचिएका हुन् । "मेरा बिचारमा कविता बिचार, बुद्धि र भावनाको कलात्मक एवम् गेयात्मक सुन्दर अभिव्यक्ति हो । कोरा कल्पना र फगत नाराहरू कविताका कोटीमा पर्दैनन् ।"[1] भन्दै फुटकर कवि व्यक्तित्वदेखि यहाँसम्म आइपुग्दा पाठक, विज्ञ, आलोचकको माया र कविभित्रको ठूलो उत्साहले मात्र यो अवस्थामा कवि आइपुगेको स्पष्ट हुन्छ ।

## ४.३. कविताको विकासक्रमको सन्दर्भमा हेमराज अधिकारीको उपस्थिति र योगदान

## ४.३.१. नेपाली कविताको विकासक्रम

नेपाली कविताको विकासक्रम हेर्दा वि.सं. १८२७ सम्म पुग्नुपर्ने हुन्छ । यसको उठान समयको रूपमा उक्त समयलाई लिइन्छ । नेपाली कविताको विकासक्रम निम्नचरणमा भएको देखिन्छ :

### (क) प्राथमिक काल[2]

प्राथमिक कालमा वीरधारा र भक्तिधारामा कविहरूले कविता सिर्जना गरे । पृथ्वीनारायण शाहको नवनेपाल एकीकरणको अभियानसँगै प्राथमिककालीन वीरधाराको सुरूवात भएको हो । कवि सुवानन्द दासद्वारा वि.सं. १८२६ तिर लेखिएको 'पृथ्वीनारायण शाह' कविता नै वीरधाराको पहिलो कविता हो । यस धारामा उदयनन्द अर्याल, सुन्दरनन्द बाँडा, आदि कविहरूले कलम चलाए । यस धाराका कविहरूले वीरभावनाले ओत्प्रोत् भएका कविताहरू सृजर्ना गरे ।

वि.सं. १८७३ मा नेपाल अंग्रेजबीच भएको सुगौलीसन्धीबाट नेपालीहरू निराश बन्न पुगे । यसैको फलस्वरूप कविहरू युद्ध र योद्धावर्णन परित्याग गरी धार्मिक एवम् आध्यात्मिक चिन्तनतर्फ उन्मुख हुन बाध्य भए । भक्तिधारामा निम्नलिखित तीनवटा उपधाराहरू देखापरे । ती हुन् :

(क) कृष्णभक्ति धारा

(ख) रामभक्ति धारा

(ग) निर्गुणभक्ति धारा

---

1. 'विचलित वर्तमान' कविता संग्रहको लेखकीय शीर्षकबाट साभार गरिएको ।
2. प्रा.डा. पारसमणी भण्डारी, माधवप्रसाद पौडेल, नेपाली कविता र काव्य, २०६६ ।

कृष्णको प्रशंसा वा लीलामा आधारित कविताधारालाई कृष्णभक्ति धारा भनिन्छ भने, रामका चरित्रमा केन्द्रित रहेर लेखिएको कविताधारालाई रामभक्ति धारा भनिन्छ । यसैगरी प्राथमिक कालमा सन्त कविहरूले ईश्वरको निराकार गुणलाई आधार बनाइ कविता रचना गरे, जसलाई निर्गुणभक्ति धारा भनिन्छ ।

कृष्णभक्ति धारा अन्तर्गत कलम चलाउने कविहरूमा विद्यारण्यकेशरी अर्ज्याल, वीरशाली पन्त, पतन्जली गजुर्‍याल, बसन्तशर्मा लुईंटेल आदि हुन् भने, रामभक्ति धारा अन्तर्गत भानुभक्त आचार्य, रघुनाथ पोखेल आदि प्रमुख हुन् । निर्गुणभक्ति धारामा अगम दिलदास, अखण्ड दिलदास, ज्ञान दिलदास आदि प्रमुख कविहरू हुन् । यस समयमा मौलिकतालाई अंगालेर कविता लेख्ने प्रवृत्ति भने थोरै मात्र पाउन सकिन्छ । संस्कृत र अन्य भाषाका कृतिहरूको अनुवादमा नै कविहरू केन्द्रित रहेको देखिन्छ ।

## (ख) माध्यमिक काल[३]

नेपाली कविता साहित्यमा मोतीराम भट्टको प्रवेशसँगै वि.सं. १९४१ देखि माध्यमिककाल सुरूवात भएको मानिन्छ । यस युगका प्रवर्तक तथा केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् । यिनले भानुभक्त आचार्यद्वारा लिखित रामायणको सुन्दरकाण्ड छपाएपछि नेपाली कवितामा मुद्रणयुगको पनि आरम्भ हुन्छ । भट्टले बनारस तथा काठमाडौंमा 'मोतीमण्डली'को स्थापना गरी साहित्यिक वातावरणको सृजना गरिदिए, जसको फलस्वरूप धेरै कविहरू साहित्यतर्फ उन्मुख भए । तत्कालीन दरबारिया र नेपाली जनताको चाहनाअनुरूप शृङ्गारिक कविताहरूको सृजना गरिदिए । यस धारामा कविता लेख्ने अन्य प्रमुख कविहरूमा शम्भुप्रसाद ढुङ्गेल, केदारनाथ खतिवडा, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, रामप्रसाद सत्याल आदि मानिन्छन् ।

शृङ्गारिक धाराका कविहरूले मूलतः तत्कालीन दरबारिया संस्कृति, भोगविलासी प्रवृति, आदिलाई विषयवस्तु बनाएर कविता सृजना गरेका हुनाले कतिपय कविताहरू अश्लील समेत बन्न पुगेका छन् । यस चरणका कविताहरू बढीजसो वर्णनात्मक शैलीमा लेखिए । यसैगरी तत्कालीन कविताहरूमा हिन्दी, उर्दू, फारसी, अंग्रेजी, नेवारी जस्ता आगन्तुक र मिश्रित नेपाली भाषाको समेत प्रयोग भएको पाइन्छ ।

१९७४ सालमा सूक्तिसिन्धुको प्रकाशन भएपछि र लेखनाथ पौडेलको परिस्कारवाद तर्फ आगमन भएपछि यो काल र धाराको अन्त्य हुन्छ ।

3. पूर्ववत् ।
4. पूर्ववत् ।

**(ग) आधुनिक काल**[४]

आधुनिक नेपाली कविताको सुरूवातको सन्दर्भमा विद्वान्हरूबीच एकरूपता पाइदैन । तिनीहरूबीच जतिसुकै विवाद भएपनि कविशिरोमणि लेखनाथ पौडेलको वि.सं. १९७३ सालमा प्रकाशित 'ऋतुबिचार' खण्डकाव्यको प्रकाशनसँगसँगै आधुनिक नेपाली कविताको सुरूवात भएको मानिन्छ । आधुनिक नेपाली कवितामा देखापरेका प्रमुख धारा र तिनका प्रकृत्तिहरू यस प्रकार छन् :

(क) परिष्कारवादी धारा

(ख) स्वच्छन्दतावादी धारा

(ग) प्रयोगवादी धारा

(घ) समसामयिक धारा

परिष्कारवादी धाराको सूत्रपात गर्ने केन्द्रीय प्रतिभा लेख्नाथ पौडेल हुन् । यस धारा अन्तर्गत धेरै कविहरूले कविता सृजना गरेका छन् । बौद्धिकताको अनुसरण गरिनु परिष्कृत र परिमार्जित शैलीको प्रयोग गरिनु जस्ता प्रवृत्तिहरू यस धाराका विशेषताहरू हुन् । लेखनाथका अतिरिक्त धरणीधर कोइराला, सोमनाथ सिग्देल, वालकृष्ण सम आदि यस धाराका प्रमुख कविहरू हुन् ।

स्वच्छन्दतावादी धाराको सूत्रपात गर्ने सर्जक लक्ष्मीप्रसाद देवकोटा हुन् । परिष्कारवादी कठोर सास्त्रीय नियम पालनाका विपरित स्वच्छन्द प्रवृतिको वरण गर्नु, प्रकृतिका विविध रूपको आन्तरिक र बाह्‌य चित्रण गर्नु, क्रान्तिकारी र विद्रोही चेतना जागरित हुनु, युगीन विसंगति, विकृतिमाथि व्यङ्ग्य र आक्रोस प्रकट गर्दै राष्ट्रियता, देशप्रेम र निम्नवर्गप्रति सद्भाव राख्दै स्वतः स्फूर्त भाषाशैलीको प्रयोग गरिनु यस धाराका कविहरूको मुख्य विशेषता हो । यस धारामा कलम चलाउने अन्य कविहरूमा सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, माधवप्रसाद घिमिरे, भूपि शेरचन आदि चर्चित् कविहरू हुन् ।

यसै गरी मोहन कोइरालाले २०१७ सालमा प्रयोगवादी कविता धाराको सूत्रपात गरेभने २०३० साल पछाडिदेखि थालनी भएको समसामयिक धारा आजसम्म निरन्तर चलिरहेको छ । जसले वर्तमान समयमा देखिएका बिभिन्न राजनैतिक, सामाजिक एवम् अन्य क्षेत्रमा देखिएका विसंगतिमाथि प्रहार गर्दै समसामयिक युगमा परिवर्तनको जागरण गरेको देखिन्छ ।

## ४.३.२. नेपाली कविताको विकासक्रममा हेमराज अधिकारीको उपस्थिति र योगदान

नेपाली साहित्यको कविता लेखन परम्परा वीरधाराबाट उठान भइ प्राथमिक कालमै राम भक्तिधारा, कृष्ण भक्तिधारा र निर्गुण भक्तिधारा जस्ता परम्परा चरणहरू पार गर्दै माध्यमिक कालमा भने शृङ्गारिक धाराको वाहुल्यतामा कविता लेखन रूमलिएको पाइन्छ । यसैगरी शृङ्गारिक धारालाई त्यागदै लेखनाथ पौडेलले परिष्कारवादी धारामा कविता लेखेर नेपाली कविता लेखनको परम्परालाई आधुनिकतातिर धकेलेको पाइन्छ । आधुनिकताको प्रवेश पश्चात पाश्चात्य साहित्यमा देखा परेका बिभिन्न वादलाई शिरोधार्य गरी कविता सिर्जना गर्ने सर्जकहरू प्रशस्त देखा परे । फलतः नेपाली कविता परम्परामा स्वच्छन्दतावाद, परिष्कारवाद, प्रगतिवाद, अस्तित्ववाद, प्रयोगवाद जस्ता बिभिन्न वाद र प्रणालीहरू स्थापित हुँदै आएको पाइन्छ । भने वाद अनुसारकै कविता सिर्जना गर्ने स्रष्टाहरू देखापर्न थाले । यसरी हेर्दा कवि हेमराज अधिकारी उत्तर आधुनिक कालमा देखापरेका एक प्रगतिवादी प्रयोगधर्मी कवि हुन् । अधिकारीका कवितामा एकातिर शास्त्रीय नियमलाई पालना गरेको पाइन्छ भने अर्कातिर मार्क्सवादी चिन्तन पनि प्रख्खर रूपमा रहेको पाइन्छ । नेपाली कविताको इतिहासमा प्रगतिवाद, परिष्कारवाद, प्रयोगवाद आ-आफ्नै पहिचान बोकेका वाद हुन् भने ती सिद्धान्तमा आवद्ध भएर कलम चलाउने प्रतिभाहरू पनि थुप्रै छन् । तथापि, आफूले देखेका, भोगेका, अनुभव गरेका, समसामयिक विषयवस्तुलाई परिष्कारवादी, प्रगतिवादी र प्रयोगवादी तीनै मान्यताका आधारमा एकसाथ आफ्ना अनुभूतलाई कविताका माध्यमबाट प्रस्तुत गर्दै छन्दबचाऊ अभियानमा लागेका प्राचीन परम्पराका आधुनिक पुस्ताका रूपमा आधुनिक कविताको इतिहासमा प्रगतिवादी चिन्तन बोकेका कविका रूपमा हेमराज अधिकारीको उपस्थिति रहेको पाइन्छ ।

## ४.४. खण्डकाव्यको विकाशक्रमको सन्दर्भमा हेमराज अधिकारीको उपस्थिति

नेपाली साहित्यको इतिहासमा माध्यमिक कालको सुरू भएपछि मात्र खण्डकाव्यले स्पष्ट विधागत पहिचान लिएर आएको देखिन्छ । शास्त्रीय नियममा आवद्ध भएर खण्डकाव्यको लेखन गर्ने परम्पराको सुरूवात गर्ने लेखनाथ पौडेलबाट नै नेपाली खण्डकाव्यलाई आधुनिकतातर्फ प्रवेश गराएको पाइन्छ । लेखनाथले शुरू गरेको परम्परालाई भीमनिधि तिवारी, वालकृष्ण सम, महानन्द सापकोटा लगायतका सर्जकहरूले निरन्तरता दिइरहे । लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, भानुभक्त पोखेल लगायतका सर्जकहरूले सुरूमा परिष्कारवादी त्यसपछि स्वच्छन्दतावादी शैलीमा रहेर खण्डकाव्य लेखेको पाइन्छ भने, देवकोटाको पछिल्लो चरणमा प्रगतिवादी चेतले प्रवेश पायो । देवकोटाको निधनपछि मोहन कोइराला, मदन रेग्मी, ईश्वर वल्लव लगायतका स्रष्टाहरूले

प्रयोगवादको प्रयोग गर्दै खण्डकाव्य लेख्न थाले । तर शास्त्रीय नियममा आवद्ध भएर खण्डकाव्य लेख्ने प्रवृति पूर्णरूपमा अन्त्य भने हुन सकेको स्थिति देखिदैन । त्यसपछि बि.स २०३८ सालपछि समसामयिक धारा देखा पऱ्यो । यस धारामा रहेर कलम चलाउने स्रष्टाहरू दिनेश अधिकारी, शरदकुमार राई आदि देखा पर्दछन् । यसरी हेर्दा वर्तमान समयमा देखा परेका खण्डकाव्यकार हेमराज अधिकारी समसामयिक विषयवस्तु, राष्ट्रवाद, मानवतावाद, वर्तमान जीवनजगतलाई लिएर अगाडि बढेकाले समसामयिक धारामा रहेर प्रगतिवादकै अति निकट पूर्वसिँढीका रूपमा रहेको आलोचनात्मक यथार्थवादसम्म पुगेर प्रयोगधर्मीतालाई अङ्गाल्दै खण्डकाव्यात्मक स्वरूप प्रदान गर्ने व्यक्तित्वका रूपमा उपस्थित भएका छन् ।

## ४.५. साहित्यकार हेमराज अधिकारीको साहित्यिक यात्राको चरण विभाजन

मानिसका साहित्यिक यात्रामा बिभिन्न मोड र घुम्तीहरू आउँछन । यस्ता मोडहरूले स्रष्टा सिर्जना र प्रवृतिमा परिवर्तन ल्याउछ । यसमा साहित्यकारको वरिपरिको वातावरण, जीवन भोगाइको महत्वपूर्ण भूमिका रहन्छ । यसरी हेर्दा साहित्यकार हेमराज अधिकारीको साहित्यिक यात्रालाई निम्न चरणमा विभाजन गर्न सकिन्छ :

४.५.१. पृष्ठभूमिकाल (वि.सं. २०५० भन्दा अगाडिको समय)

४.५.२. प्रथम चरण (वि.सं. २०५०-२०५८ सम्मको समय)

४.५.३. दोस्रो चरण (वि.सं. २०५९- हालसम्मको समय)

### ४.५.१. पृष्ठभूमिकाल

वि.सं. २०५० साल पूर्वको समय कवि हेमराज अधिकारीको पृष्ठभूमिकाल मानिन्छ । यस समयमा अधिकारीले नेपाली साहित्यको फाँटमा खासै ठूलो योगदान दिन सकेको पाइदैन । तर नेपाली साहित्यका बारेमा बुझ्ने, गोष्ठी, सेमिनारमा जाने, पत्रपत्रिका पढ्ने, भित्ते पत्रिकाहरूमा छोटो कविता लेख्ने, कथा कविता पढ्ने गर्दथे नेपाल हुँदै भारतको हरिद्वार सम्मको यात्रामा उनले विविध साहित्यिक व्यक्तिका साहित्यिक रचना सुन्ने पढ्ने मौका पाए भने लेखनमा खासै कलम चलाएको पाइदैन । समग्रमा अनिश्चितताको भुमरीमा रूमलिएको अध्ययन यात्राको शुरूवात नै यो चरण हो ।

### ४.५.२. प्रथम चरण (वि.सं. २०५० देखि २०५८ सम्म)

यो चरण भनेको अधिकारीको नेपाली साहित्यमा सुरूवाती गरेको चरण हो । भारतको हरिद्वारबाट नेपाल फर्किएर धरानस्थित पिण्डेश्वर विद्यापीठमा अध्ययनरत रहँदा धरानको वातावरण, प्र.ले.स.सँगको सम्पर्कले गर्दा उनले थुप्रै पत्रिकाहरूमा फुटकर कविताहरू प्रकाशित गरेको देखिन्छ । एकातिर पढाइलाई निरन्तरता दिँदै आए भने शैक्षिक वातावरणसँगसँगै साहित्यतिर पनि लम्किए । बिभिन्न पत्रपत्रिकाहरूमा आफ्ना लेख, रचनाहरू प्रकाशित गर्दै आएका अधिकारीले यसै चरणमा बिभिन्न पत्रिकाको सम्पादन पनि गरेको पाइन्छ । धरानमा पढ्दा उनले थुप्रै फुटकर कविताहरू रचना गरी बिभिन्न ठाउँबाट प्रकाशित हुने विविध पत्रपत्रिकामार्फत प्रकाशित गरेको पाइन्छ । यसै समयमा उनले लगभग ३ दर्जन जति स-सना प्रतियोगितामा पुरस्कृत हुँदै पिण्डेश्वर विद्यापीठ धरानले प्रत्येक १ वर्षमा दिने सम्मान पिण्डेश्वरश्री समेत हात पार्न सफल देखिन्छन् । यसै समयमा आएर उनले आफू प्रधानसम्पाक एवम् प्रकाशक भइ 'जस्केलो' अर्धवार्षिक साहित्यिक पत्रिका जि.प्र.का. ताप्लेजुङ्गमा दर्ता नं. ३/०५५/०५६ दर्ता गराइ बर्ष १, अंक १, २०५५ प्रकाशन गरेको पाइन्छ । यसरी यसै समयमा पढाइको शिलशिलामा काडमाण्डौं त्रि.वि.मा भर्ना भएकोले साहित्ययात्रामा झन उनलाई ठूलो सहयोग मिल्यो । त्रि.वि.का गुरूहरू, साहित्यकारहरू झन प्रेरणाका स्रोत बने । त्यसकै फलस्वरूप फुटकर कविताबाट साहित्यमा प्रवेश गरेका अधिकारीले 'साहित्यसागर' नामक पत्रिकाको वि.सं. २०५५ सालदेखि सम्पादन गर्न सुरू गरे भने फुटकर कविताबाट क्रमशः अगाडि बढ्दै जाँदा वि.सं. २०५८ सालमा उनले तत्कालीन नेपालको जनयुद्धको परिप्रेक्षमा रहेर नेपालमा हुन लागेको 'गोलमेच सम्मेलन'लाई इङ्गित गर्दै 'महासम्मेलन' नामक खण्डकाव्य रचना गर्न पुगे । त्यसै बखत वि.सं. २०५८ सालमा ने.रा.प्र.प्र.ले आयोजना गरेको राष्ट्रिय कविता महोत्सवमा उनको यो काव्यले रजतपदक प्राप्त गर्न सफल भयो जुन पदक ज्ञान्नेद्रबाट वि.सं. २०५८ सालमा प्रदान भएको थियो ।[५] यो कृति नै अधिकारीको साहित्यक यात्राको प्रथम चरणको प्रमुख उपलब्धी थियो । यसै चरणमा अधिकारीले समालोचनाका क्षेत्रमा समेत हातहालेको पाइन्छ जस्तै; उपन्यासकार तुलसीप्रसाद भट्टराईका उपन्यासको समिक्ष्यात्मक टिप्पणी वि.सं. २०५८, ताप्लेजुङ्गको सृजन परपम्परा र जुठो सुतक निणर्य (पं. वैद्यनाथ भट्टराई उत्सर्ग र सिद्धि २०५७), भोग, रोग र शोकका कवि भूपि शेरचन (भूपि स्मृति विशेशाङ्क २०५५) आदि उल्लेख्य छन् ।

### ४.५.३. दोस्रो चरण (वि.सं. २०५९ देखि हालसम्म)

5. शोधनायकबाट प्राप्त जानकारी ।

यो चरण साहित्यकार हेमराज अधिकारीको उत्कर्ष समय मानिन्छ । वि.सं. २०५८ सालमा रजतपदक प्राप्त गर्न सफल 'महासम्मेलन' खण्डकाव्य पुस्तकाकार रूपमा वि.सं. २०५९ सालमा प्रकाशन गरेपछि अधिकारीको यो चरण सुरू हुन्छ । यसै चरणमा अधिकारीले समालोचनाको क्षेत्रमा पनि कलम चलाएको पाइन्छ । जस्तै; नेपाली कवितामा नारीहस्ताक्षर ( मधुपर्क, आवरण लेख, साउन, २०६१) सम्झना कवितासंग्रहभित्रका कवि तिमसिना (डा.डिल्लीराम तिमसिना, स्मृतिग्रन्थ वि.सं. २०६०)आदि रहेका छन् । यसै समयमा बिभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका एक दर्जन जति निबन्धहरू पनि प्रकाशित भएको पाइन्छ । यसै समयमा उनले तयार पारेको कृति, 'साहित्यकार पवन चाम्लिङ्का कृतिहरूको मूल्याङ्कन' शीर्षकमा निर्माण प्रकाशन सिक्किमबाट प्रकाशोन्मुख अवस्थामा रहेको समालोचनात्मक लेख रहेको पुष्टि हुन्छ ।[६] यसै क्रममा उनले नेपालको तत्कालीन राजनैतिक अवस्था, वर्तमानले भोगेको क्रुरयथार्थ र विविधतापूर्ण समयको बारेमा लेखी १० वर्षे जनयुद्धका समयको वातावरणलाई लिएर कविता कृतिको प्रकाशन गर्ने जमर्को गर्दै जाँदा अधिकारीले वि.सं. २०६७ सालमा 'विचलित वर्तमान' भन्ने शीर्षकको कवितासंग्रह प्रकाशित गर्न पुगे । जुन संग्रहभित्र २५ वटा कविताहरू रहेका छन् भने, वि.सं. २०६४ सालमा शोधखोज विधा 'ताप्लेजुङ्गको नालीबेली' पुस्तकाकार कृति पनि प्रकाशन गरेर आफूलाई शोधखोजकर्ताका रूपमा उभ्याएका छन् । यसरी अधिकारी साहित्य सिर्जनामा लागि परेको देखिन्छ । हाल आएर अब, उपन्यास विधामा पनि कलम चलाउने र चाँडै उपन्यास प्रकाशित गर्ने तयारीमा रहेको बुझिन्छ ।[७]

यसरी समग्रमा हेर्दा अधिकारीको नेपाली साहित्यिक यात्रा पृष्ठभूमिकालदेखि हालसम्म आइपुग्दा भित्ते पत्रिकाबाट लेखरचना प्रकाशित गर्दै आएका अधिकारीले सम्पादन, शोधखाज गर्दै फुटकर कवितादेखि लिएर कवितासङ्ग्रह र खण्डकाव्य लेखेर प्रगतिवादी चिन्तन बोकेका एक नयाँ पुस्ताका रूपमा आफूलाई चिनाउँदै पाठकको सदा माया पाउन सफल अधिकारी हाल परिवारसँगै काठमाडौंको सामाँखुसीमा डेरा गरी बसेका छन् । लगभग आधा दर्जन कलेजहरूमा काम गर्दै, शिक्षण पेशालाई अगाल्दै फूर्सदको समयमा साहित्य सिर्जनामा लागिरहनु भएको बुझिन्छ । हालसम्म अधिकारीका जे, जति कृतिहरु प्रकाशित भएका छन् र ती कृतिहरले् नेपाली साहित्यमा जे, जति इँटा थपेका छन्, त्यही नै हेमराज अधिकारीले नेपाली साहित्यमा दिएको योगदान रहेको छ ।

6. शोधनायकबाट प्राप्त जानकारी ।
7. जानकी अधिकारीबाट प्राप्त जानकारी ।

# पाँचौं परिच्छेद

## हेमराज अधिकारीका साहित्यिक कृतिहरुको अध्ययन, विश्लेषण

### ५.१. कृतित्वको विधागत वर्गीकरण

साहित्य सिर्जनाका क्षेत्रमा एक दशक व्यतित गरिसकेका हेमराज अधिकारीले हाल सम्ममा ३ वटा कृतिहरू प्रकाशन गरिसकेका छन् । 'महासम्मेलन' खण्डकाव्य (२०५९), 'ताप्लेजुङ्गको नालीबेली' शोधखोज विधा (२०६४) र 'बिचलित बर्तमान' कवितासङ्ग्रह (२०६७) उनका प्रकाशित कृतिहरू हुन् । साहित्यकार 'पवन चाम्लिङको कृतिहरूको मूल्याङ्कन' समालोचना कृति निर्माण प्रकाशन सिक्किमबाट प्रकाशन गर्ने अन्तिम तयारी रहेपनि प्रकाशित भइसकेको छैन । नौलो नेपाली माला क-ग पा.पु.सहलेखन (२०६४), जम्को नेपाली माला ( सहलेखन), नर्सरीदेखी कक्षा पाँचसम्मका पठ्यपुस्तकहरू जस्ता कृतिहरू पनि अधिकारीले प्रकाशित गरेका छन् तर यी कृतिहरू सहलेखनमात्र भएकाले उनका प्रकाशित निजी कृतिभित्र राखिएको छैन । यसरी हेर्दा विधागत हिसाबले शोधखोज विधा, खण्डकाव्य र कवितासङ्ग्रह गरी उनका रचनालाई ३ भागमा वर्गीकरण गर्न सकिन्छ । यस पचिच्छेदमा उनका प्रकाशित कृतिहरूको क्रमशः चर्चा गरिएको छ ।

### ५.१.१. खण्डकाव्यकार हेमराज अधिकारी

### ५.१.१.१. पृष्ठभूमि

ज्ञानविज्ञानको समष्टिरूप वाङमय हो भने कला यसकै एउटा शाखा हो । कलाका पनि वास्तुकला र ललितकला गरी २ पक्ष छन्, ती मध्ये ललितकलाको एक भेदका रूपमा साहित्य पर्दछ । साहित्यका पनि अनेकौं शाखा-प्रशाखा रहेका छन् । ती मध्ये कविताको एउटा उपविधात्मक रूप अन्तर्गत खण्डकाव्य पर्दछ ।

खण्ड+काव्य दुई शब्दको संयोजन खण्डकाव्य शब्दको निर्माण भएको छ । यसको शाब्दिक अर्थ कुनै काव्यको खण्डित अंश भन्ने हुन आउँछ । यस अर्थमा पूर्ण नभईकन खण्ड हुन नसक्ने वा जीवनको पूर्णता भन्दा खण्ड विषेशको चित्रण खण्डकाव्यले स्वीकारेको पाइन्छ ।

पाश्चात्य काव्य शास्त्रीहरूले पद्य काव्यका मुलतः short poim and long poem गरी दुई भेदमा विभक्त गरेको पाइन्छ भने, short poem भित्र Lymn(सूक्त) Lirics(प्रगीत) पर्दछन् । भने Longpoem भित्र balland, ballandelegy (शोककाव्य) गाथा र Narative poem (आख्यानात्मक कविता) गरी अध्ययन गरेको भेटिन्छ भने यिनै Longpoem भित्रपर्ने कविताका विविध रूपलाई खण्डकाव्यको संज्ञा दिदै खण्डकाव्य नाम गरेको छुट्टै विधाको रूपमा विस्तृत चर्चा गरेको पाइँदैन ।[१]

पूर्वीय सन्दर्भमा महाकाव्यको तुलनामा खण्डकाव्यको चर्चा कमै भएको पाइए पनि पाश्चात्य चिन्तन परम्परा भन्दा केही स्पष्ट भने अवश्य पाइन्छ । पूर्वीय चिन्तन परम्परा लिखित ग्रन्थका आधारमा भरतमुनिबाट थालिएको पाइए पनि उनका समयमा खण्डकाव्य नामले कुनै पनि काव्यको चर्चा गरिएको पाइदैन । ईशाको सातौं सताब्दीका रूद्रटले सर्वप्रथम प्रवन्धकाव्यको चर्चा गर्ने क्रममा लघु र महान गरी दुई रूपमा विभाजन गरे । यिनका अनुसार महाकाव्यमा शृङ्गार, विर मध्ये कुनै एक रस र धर्मार्थकामोक्ष जस्ता जीवनका प्रधानतम् उपलब्धी र चतुर्वर्ग पुरूषार्थको समग्र अभिव्यक्ति हुन्छ भने खण्डकाव्यमा चतुवर्गमध्ये कुनै एक वर्गको अभिव्यक्ति हुन्छ ।[२]

नवौं शताब्दीका आचार्य आनन्दर्वधनले पद्य काव्यलाई मुक्तक र प्रवन्ध गरी प्रवन्धकाव्य भित्रका पाँचौ भेद (पर्याय, वन्ध, खण्डकथा, सकलकथा र सर्गवन्ध)को चर्चा गर्दै सर्गवन्धलाई महाकाव्य र खण्डकथालाई खण्डकाव्यको सङ्केत गरेको पाइन्छ ।[३]

यी माथि उल्लेख गरिएका केही प्रयासहरू खण्डकाव्यको निम्ति अविस्मरणीय रहे पनि खण्डकाव्यको नामाकरण गर्ने प्रथम आचार्य भने चौधौं शताब्दीका आचार्य विश्वनाथ हुन् । उन्ले आफ्नो साहित्यदर्पणमा "महाकाव्यका धेरथोर गुणहरूले सम्पन्न महाकाव्यकै एक देश अथवा भावको अनुसरण गर्ने गर्दछ । महाकाव्यमाभ्कै यसमा विस्तृत जीवनको ब्याख्या र चित्रण हुँदैन । यसले कुनै एउटा घटनालाई वा कुनै जीवनको मार्मिक अनुभूतिलाई प्रकट गर्दछ ।"[४] भनि खण्डकाव्यको परिभाषा दिएका छन् ।

यसरी बिभिन्न विद्वानहरूको खण्डकाव्य सम्बन्धी दिइएको धारणा र चिन्तनका आधारमा के भन्न सकिन्छ भने, जीवन र जगतको एकपक्षको चित्रण, एउटै सत्यको उद्घाटन र एउटै उदेश्यको सङ्कथन खण्डकाव्यमा रहने भएकाले घटना, पात्र र रसको एकता पनि जरूरी मानिन्छ । अर्थ, धर्म, काम र मोक्ष एक वर्ग, नौ रस मध्ये कुनै एक रसको शीर्षक संरचनाभित्र

1. इश्वरीप्रसाद गैरे, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य (२०६०), पृष्ठ १५५ ।
2. पूर्ववत, पृष्ठ १५४ ।
3. ऐजन ।
4. राममणि रिसाल, नेपाली काव्य र कविता (२०६१), पृष्ठ १५१ ।

कवितात्मक प्रस्तुतीले सु-सम्वद्ध संयोजन रहनु प्रायः अनिवार्य मानिन्छ । यसरी हेर्दा खण्डकाव्यमा सर्गवद्धता र अनेक छन्दको प्रयोग आवश्यक मानिदैन । प्रयोग भएपनि त्यो अस्थायी तत्वको रूपमा मात्र आउँछ ।

खण्डकाव्य अनुभूतिको आख्यानीकरण भएको प्रबन्ध संरचनात्कम विधानको कविता विधा अर्न्तगतको एक उपविधात्मक साहित्यिक रूप हो । खण्डकाव्य पनि कविता विधाको एक रूप भएकाले कवितात्मकतत्व पनि यसमा पर्दछन् भने, आख्यानीकरणको महत्वपूर्ण प्रयोग हुने भएकाले यसमा आख्यान तत्व सम्बन्धी घटकहरूले प्रमुख भूमिका खेलिरहेका हुन्छन् । खण्डकाव्यमा मूलभूत रूपमा घटित हुने यसका प्रमुख घटकतत्वहरू निम्न किसिमका रहेका भेटिन्छन् :

क) कथावस्तु वा विषयवस्तु

ख) पात्र विधान

ग) केन्द्रीयकथ्य

घ) लयविधान

ङ) भावविधान

च) देशकाल, वातावरण/परिवेश

छ) भाषाशैली

न) बिम्ब, प्रतीक, अलङ्कार

झ) सर्गयोजना

ञ) उद्देश्य[५]

यसरी हेर्दा हेमराज अधिकारीको खण्डकाव्य शास्त्रीय नियममा रहेर प्रगतिवादको अतिनिकट मानिने आलोचनात्मक यथार्थवादसम्म पुगेको देखिन्छ ।[६]

### ५.१.१.२. साहित्यकार हेमराज अधिकारीको खण्डकाव्यगत विशेषता

खण्डकाव्यकार हेमराज अधिकारीले फुटकर कविता प्रकाशन गर्दै एकै चोटी खण्डकाव्यको प्रकाशन गरेको पाइन्छ । उनको हालसम्म प्रकाशित एकमात्र खण्डकाव्य 'महासम्मेलन' वि.सं. २०५९ हो । उनले यो खण्डकाव्य मार्मत तत्कालिन नेपालको अवस्थालाई ध्यान राख्दै, श्री ५ को सरकारले गरेको गोलमेच सम्मेलनलाई इङ्गित गर्दै तत्कालीन अवस्थामा मानवजातिले भयानक सङ्कट र कहालीलाग्दा दुर्घटनाहरू भोग्नु परेको स्थिति तत्कालीन नेपालको जनयुद्ध रोग, भोग,

5. इश्वरीप्रसाद गैरे, पूर्ववत् ।
6. रामप्रसाद ज्ञावली, महासम्मेलन खण्डकाव्य (२०५९)को भूमिकाबाट साभार ।

अशिक्षा, अभाव आदिबाट ग्रस्त आजको मान्छेलाई ढाल बनाएर शासन शक्ता चलाउने शाषकप्रति चहकिलो ब्यङ्ग्य प्रहार गर्दै अहिंसा र शान्तिको उपदेश दिएर भित्रभित्रै हत्या र हिंसा फैलाउनेहरूको बोलबाला रहेको आजको युगमा कवि आफू अलग बसेर समाजको बिभिन्न पक्षको अवस्थाको र परिस्थितिको चित्रण गर्दै विविध बिचारधार बोकेका मानिसहरूको जमघट गराएर 'महासम्मेलन' खण्डकाव्य लेखेको देखिन्छ । शान्तिको कामना, अन्याय अत्यचारको अन्त्य, मानवतावादको वकलात, राजनैतिक प्रवृतिको भण्डाफोर, प्रगतिवादी चेतना समतामूलक समाजको चाहना आदि विषय नै अधिकारीका खण्डकाव्यगत विषेशता हुन् । समग्रमा हेमराज अधिकारीका खण्डकाव्यगत विशेषतालाई निम्न बुँदामा समेट्न सकिन्छ :

क) पराम्परगत शैली र नवीन विषयको संयोजन

ख) बिभिन्न अलङ्कार र छन्दको प्रयोगको कुशलता

ग) वैचारिकतालाई संक्षिप्तता भित्र विस्तृतता देखाउनु

घ) अस्तित्ववादी जीवन दृष्टि

ङ) शास्त्रीयवादमा रहेर प्रगतीवाद र प्रयोगवादको प्रयोग

च) समाजका विविध पक्षका अवस्था र परिवेशको यथार्थ चित्रण

छ) छन्द, सिर्जना र भावव्यञ्जनाको कुशल प्रयोग

ज) इतिहास र युगवोध

झ) विश्वव्यापी यर्थाथको झझल्को

ञ) चिन्तन र कला सौर्दयमा प्रयोगधर्मिता

ट) संप्रेशणीय सिर्जनसिलता

ठ) बौद्धिकता र सलरताको संयोजन

ड) समाजका विकृती र विसङ्गतीप्रति चहकिलो व्यङ्ग्य

ढ) मानवीय अस्तित्वको खोजी

ण) राजनैतिक एवम् समाजिक चेतनको स्वर

त) सरल, सुकोमल भाषाशैली

थ) स्वस्थ्य आर्दशवाद

द) वर्तमान अवस्थाको साङ्गोपाङ्गो चित्रण

ध) सरल र सरस प्रस्तुती

न) दार्शनिक चिन्तन

प) नारीवादी स्वर

फ) राष्ट्रवादी स्वर दिँदै राष्ट्रको चित्रण

### ५.१.१.३. हेमराज अधिकारीको खण्डकाव्यगत प्रवृति

#### ५.१.१.३.१. विषयवस्तुगत प्रवृति

विषयवस्तु खण्डकाव्यको महत्वपूर्ण पक्ष हो । यस आधारमा हेर्दा खण्डकाव्यमा ऐतिहासिक, पौराणिक, धार्मिक, आध्यात्मिक, सामाजिक, प्राकृतिक एवम् समसामयिक आदि विषयवस्तु समावेश गरिएका हुन्छन् । यस दृष्टिले हेर्दा खण्डकाव्यकार हेमराज अधिकारीको खण्डकाव्यमा विश्वको (विशेष गरी नेपालको) समसामयिक विषयवस्तुलाई लिएको पाइन्छ । महासम्मेलन खण्डकाव्यमा नेपालको वर्तमान तत्कालिन अवस्था र त्यसले निम्त्याएको संकटको यथार्थ चित्रण गर्दै देशमा अमनचयन कायम गर्न शान्तिको स्थापना गर्न, समतामुलक राज्य स्थापना गर्न र मानवीय अस्तित्वको खोजी गर्न सबैले सत्कर्ममा लागि आ-आफ्नो ठाउँबाट सक्रिाय भूमिका निर्वाह गर्न प्रेरणा प्रदान गरेको छ भने सामाजिक समस्याका कारणहरू पहिल्याउँदै विकृति र नकरात्मक पक्षको कटुआलोचना गरिएको छ। यस खण्डकाव्यको विषयवस्तु अर्तीउपदेशको सट्टा मान्छेलाई कर्मपथतिर प्रेरित गर्नुपर्दछ, 'इमान्दारीपूर्वक गरिने कर्म नै मान्छेका लागि आवश्यक विषय हो ।' भन्ने सन्देशात्मक निर्ष्कष दिँदै विषयवस्तुमा सामाजिक एवम् समसामयिक दृष्टिचेत रहेको पाइन्छ।

#### ५.१.१.३.२. संरचनात्मक प्रवृति

खण्डकाव्यकार हेमराज अधिकारीले समसामयिक र सूक्ष्म आख्यानको प्रयोग गरेर खण्डकाव्य रचना गरेका छन् । वस्तुतः यो खण्डकाव्य आख्यानधर्मी छैन तरपनि आख्यानात्मक सङ्केत दिन समर्थ छ।

खण्डकाव्यकारले आफ्ना अनुभूतिप्रवाहलाई सरस, सरल, मीठासपूर्ण, परिष्कृत, संयमित एवम् व्यवस्थित रूपमा यसकाव्यमा प्रस्तुत गरेर आफ्नो काव्यकौशललाई प्रस्तुत गरेका छन् । भिंनो आख्यानका कारण यो खण्डकाव्य वाह्य संरचनामा कमजोर देखिएपनि आन्तरिक संरचनाका दृष्टिले सशक्त रहेको छ । सूक्ष्म आख्यानमा सशक्तता प्रदान गर्नसक्नु अधिकारीको परिष्कारकवित्वको परिचायक हो ।

### ५.१.१.३.३. रसभावगत प्रवृति

रस वा भावले पाठक वा स्रोतालाई आल्हाद प्रदान गर्दछ । भाव र सौँन्दर्यका धनी कवि हेमराज अधिकारी नेपाली साहित्यका कविवर माधवप्रसाद घिमिरे, मित्रलाल पंज्ञानी, कृष्णप्रसाद पराजुली, लेखनाथ पौडेल, भानुभक्त आचार्य जस्ता रसवादी कविहरूबाट निकै प्रभावित रहेका छन् । अधिकारीको यो खण्डकाव्यमा वीर, करूण, शान्त, विभत्स गरी प्रायः सबै रसको रसभावमय अनुभूतिहरू प्रकट गरका छन् । समाज परिर्वतन गर्नका लागि हरेक मानिसलाई सचेत बनाउने कविको उद्देश्य सफलपार्न राष्ट्रवादीनेता, पेशेवर राजनीतिज्ञ, नारीप्रतिनिधि, शिक्षक, मजदुरनेता, किसानका तर्फबाट अभिव्यक्त भएका भावहरूमा वीर रसको प्रयोग निकै सार्थक र सान्दर्भिक देखिन्छ । समग्रमा भन्दा रस र भावको उचित तालमेल भएका कारण अधिकारीमा रसभावगत प्रवृति रहेको देखिन्छ ।

### ५.१.१.३.४. स्वरगत प्रवृति

कृतिको मुख्य भावबिचार वा जीवनदर्शन नै त्यसको स्वर हो । यसरी अधिकारीको खण्डकाव्यलाई हेर्दा 'महासम्मेलन' खण्डकाव्यमा अन्याय र अत्यचारका विरूद्ध बिद्रोह गर्न, स्वार्थी शोषणका विरूद्ध लड्न र समतामुलक समाज भएको राज्यव्यवस्था कायम गर्न, सामाजिक न्याय र आर्थिक समानता ल्याउन लड्नुपर्छ ।[७] साथै मानव-मानवबीच विश्वबन्धुत्वको भावना आपसी स्नेह र समझदारी भएमात्र यस धर्तीमा प्रगति हुने बिचार व्यक्त गर्दै मान्छेका खराब प्रवृतिलाई उजागर गर्दै जीवन बाँच्न, भोग्न र रम्न पाउँनु पर्दछ भन्ने जीवनवादी स्वर यस खण्डकाव्यमा प्रस्तुत गरिएको छ ।

### ५.१.१.३.५. लयगत प्रवृति

लय काव्यको मुटु हो अनि साङ्गीतिकता प्रदान गर्ने काव्यिक तत्व पनि । लयले काव्यलाई सुमधुर बनाउँछ । लयका दृष्टिले हेमराज अधिकारीको खण्डकाव्य उत्कृष्ट रहेको छ । यो खण्डकाव्यमा शास्त्रीय वर्णमात्रिक शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । कविले आफ्नो खण्डकाव्यमा प्रयोग गरेको यस छन्दलाई अत्यन्त कुशलताका साथ खेलाउँन सकेका छन् । अतः छन्दका कारणले खण्डकाव्यको अर्थवोधमा कुनै कठिनाई भएको पाइँदैन बरू यसले खण्डकाव्यलाई अझ रोचक एवम् मार्मिक बनाएको छ ।

---

7. ऐजन ।

### ५.१.१.३.६. शैलीशिल्पगत प्रवृति

शैली काव्य रचनाको एउटा ढाँचा हो । शैलीका आधारमा कविका रचनालाई उच्च र निम्न भनेर छुट्याइन्छ । कवि हेमराज अधिकारी पनि शैलीसिद्ध कवि देखिन्छन् । सरल, सहज र सरस शैलीगत आफ्नोपन रहेका अधिकारीको खण्डकाव्यमा चित्तमा तत्काल व्याप्त हुने, अजटिल, वोधगम्य भाषाको प्रयोगले जनसाधारणले सहजै बुझ्न सकिने प्रसाद गुणको प्रयोग गरिएको छ । सशक्त प्रतीकविधान तिव्र व्यन्जनाशक्ति, बिम्व, उत्प्रेक्षा, उपमा, श्लेष, अतिशयोक्ति आदि अलङ्कारले काव्यगत सौन्दर्य र भावगत व्यञ्जकता विस्तारमा थप योगदान पुगेको देखिन्छ ।

### ५.१.१.३.७. भाषिक प्रवृति

भावलाई अभिव्यक्त गर्ने सफल माध्यम नै भाषा हो । अधिकारी आफ्नो खण्डकाव्यमा लयात्मक भाषाको प्रयोग गर्छन् । प्रचलित संस्कृत र नेपाली झर्रा शब्दको प्रयोगले उनमा भाषिक दक्षता रहेको स्पष्ट हुन्छ । उनको भाषा पाण्डित्य प्रदर्शन गर्नमा भन्दा बढी भावलाई डोऱ्याउन क्रियाशील रहेका कारण खण्डकाव्य श्रुतिमय एवम् सङ्गीतसिद्ध बन्न सकेको छ ।

## ५.१.२. 'महासम्मेलन' खण्डकाव्यको अध्ययन र विश्लेषण

### ५.१.२.१. परिचय

'महासम्मेलन' खण्डकाव्य हेमराज अधिकारीले वि.स. २०५९ सालमा प्रकाशन गरेका हुन् । यो खण्डकाव्य अधिकारीको पहिलो खण्डकाव्य हो । आकाशेरङ, चिल्लो कागजको बाहिरी आवरण पृष्ठको शीरानमा गाढारातोमसिले पुस्तकको नाम लेखि त्यसको मुन्तिर सेतोमसिले कविको नाम लेखिएको र बीच भागमा मानिसका टाउकाको नक्सामा सेतो छिर्का राखेको त्यसमुनि हलोको नक्सा राखेको नक्साले साच्चै नै महासम्मेलन हुन लागेको बुझाउँछ । ती सबै चित्रलाई हेर्दा सबैको प्राण अन्न भएकाले सवैले त्यका लागी श्रम गर्नुपर्ने अनिमात्र सुख प्राप्त हुने तथ्य पुष्टि हुन्छ । त्यसपछि भित्रि पृष्ठमा ठूला अक्षरमा कालोमसीले महासम्मेलन लेखी त्यसको मुनी साना अक्षरमा कालोमसीले काव्य लेखेर कोष्ठक चिन्हले बाँधेको छ भने बीचमा चिन्ह राखि पुच्छारमा कविको नाम लेखिएको छ । त्यसदेखि भित्रि पृष्ठको बीचमा तेर्सो धर्सो तानी त्यसमुनी पुस्तकको नाम लेखिएको छ । त्यसमुनी विधा-काव्य, कवि-हेमराज अधिकारी, प्रथम संस्करण-२०५९ लेखेको छ । यस खण्डकाव्यको आवरण रमेश पौडेलले, मुद्रण पारू अफसेट प्रेश, कम्प्यूटर

साथी कम्प्यूटर बागबजारले गरेको हो । यसको प्रकाशक अभियान साहित्यिक प्रतिष्ठान रहेको छ । साथै प्रथम संस्करणमा हजार प्रति छापिएको सर्वाधिकार कविमा रहेको, व्यक्तिगत मूल्य ३५ र संस्थागत मूल्य १०० रहेको छ ।

यसको भूमिका खण्डमा माधवप्रसाद घिमिरेले पहिलो पृष्ठमा यो काव्यको बारेमा भूमिका लेख्नुभएको छ । भने तेस्रो पृष्ठमा गएर कृष्णप्रसाद पराजुलीले कविताका श्लोक मार्फत शुभेच्छा प्रकट गर्नुभएको छ । त्यसै गरेर चौथो पृष्ठमा डा.तुलसी भट्टराईले महासम्मेलनका केहीक्षण भनि आफ्नो भूमिका लेख्नु भएको छ । त्यसैगरि पृष्ठ ५ मा उपप्रा.रामप्रसाद ज्ञावालीले 'महासम्मेलन बहुल चेतनाको सार्थक सम्मेलन' भनि पृष्ठ ५ देखि पृष्ठ २१ सम्म लामो भूमिका लेख्नुभएको छ । त्यसैले कवि हेमराज अधिकारीले 'आफ्नै कुरा' शीर्षकमा पृष्ठ २२ मा आफ्नो भावना पोख्नु भएको छ भने पृष्ठ २३ मा गएर 'कर्मैले सुरराज इन्द्र बनिए द्यौता बने कर्मले' यही श्लोक गुनगुनाउदै धुलौटे पाटीमा क, ख चिनाइ आखाँ खोली दिने पूजनीय बुबा श्रीप्रसाद र ममतामयी माता तुलसादेवी अधिकारीका पवित्र पाउमा सभक्ति समर्पण भनि लेखिएको छ । त्यसपछि पृष्ठ २५ बाट यो खण्डकाव्य सुरू भएको छ ।

### ५.१.२.२. विषयवस्तु

'महासम्मेलन' खण्डकाव्यमा जम्मा २० ओटा कविता छन् । जसलाई २० भाग वा छाल वा पक्ष मान्नु पर्दछ । यो कृति इतिहासवोधक, युगवोध र कविगत आर्दश कल्पनाको कलात्मक अभिव्यक्ति हो । विश्वका अधिकांश जातजाति, धर्म सम्प्रदाय, दर्शन, राजनीति वाद र सिद्धान्तको प्रतिनिधिपात्रहरूको जमघट गराउने प्रयास यहाँ भएको छ । तर समग्र काव्यलाइ हेर्दा सर्वाधिक ध्यान भने नेपालमाथि केन्द्रीभूत  भएको छ ।

काव्यको शुरूमा दुई श्लोकहरू प्रस्तुत छन् जुन कवि स्वयमका तिनिधि हुन् । यी श्लोकहरूमा वर्तमान नेपालको अवस्थाको राम्रो चित्रण पाइन्छ । हेरौं ती मार्मिक श्लोकहरू :

आगोमात्र छ देहमा रगतमा आगो छ यो देशमा
आगो दन्दन दन्कदै छ हिउँमा आगो छ आकाशमा ।
आगो मात्र छ चन्द्रमा जलधिमा यो विश्वब्रह्माण्डमा
आगो छैन भनेर काव्य कसरी लेखूँ म कस्तो यहाँ ?

तिखो शस्त्र बानाई द्वेष जति छन् गौँडू कि संसारका ?
ल्याई औषधी स्वर्गका-भुवनका जोडू कि आरोग्यका ?
यौटा दृष्टि रचौं रचौं कि दुनियाँ हाँसेर बाँच्ने कला ?
यौटा सृष्टि गरौं कि सबका खोलेर सारा व्यथा !

पृष्ठ २५

त्यसपछिका भागहरूमा काव्यको कूल लक्ष्य संयोजित छ । जसलाई क्रमवद्धरूपले यसरी प्रस्तुत गरिएको छ, अशान्त प्रकृतिको वातावरण देखिन्छ । एक क्लान्त, व्यथित र चिन्तित कविलाई सम्बोधन गर्दै देश बोल्दछ । खातै, खात कविता सिरानी हालेर बसेको, अज्ञात कल्पनामा रूमलिएको, दयनीय अवस्थाको कविलाई देशले ईष्यारहित भएर कर्तव्यबोध गरेर कविता सिर्जना गर्न आव्हान गर्दछ । व्यक्तिस्वार्थको दुर्गन्धित कुण्डमा डुबेको मान्छेका घाउमा मलम लगाउँनुको अलवा घाउ बल्झाउँदै कविता लेख्नेहरूलाई विकृतिका पहाडहरू भत्काउदै प्रयोगधर्मी, बिचारप्रधान र सार्थक दर्शनले भरिएका कविता लेख्न देशले अनुरोध गर्छ । हेरौ कविता श्लोकबाटै :

राँको भैकन दन्किदे कलम हे ! अन्याय सारा जला,
भत्का लौ न यहाँ पहाड जति छन् तँ शक्तिशाली कडा ॥

...

हौला क्लिष्ट कठोर शब्दहरूले आफैं तिमी दिग्भ्रम,
यौटा चिन्तन चाहियो नि कविता भित्रै कुनै दर्शन
छात्ती भैकन चर्किदे न कविता ! तारा छचल्काइदे,
गोली भैकन पड्किदे, महलका भित्ता त चर्काइदे ।

पृष्ठ २७

त्यसपछि देशले कविलाई गरेको आव्हानपछि प्रकृतिको अशान्त प्रकोप शान्त हुन्छ र टोलाइरहेको कविलाई विश्वमानव सम्मेलन गर्न उषाले आव्हान गर्छ । उषाको बिचारमा विश्वको बिग्रदो स्थितिलाई सङ्केत गर्दै मान्छे कमशः पतनतर्फ गइरहेको र मूलबाटो बिराएकोले मान्छेमा घमण्ड, लोभ, ईष्या, स्वार्थीपनले गर्दा हत्या, हिँसा बढीरहेको, मान्छे विवेकशून्य बन्दै गएकाले दुःख बढेको छ । त्यसैले यसबाट मुक्तिको बाटो खोजी हुनैपर्ने तर्क उषाको रहेको छ, हेरौ श्लोकबाटै :

के ले उन्नति हुन्छ ? हुन्छ सुखको भण्डार संसार यो ?
मान्छे दुःखविहीन हुन्छ कसरी फैलिन्छ सद्भाव त्यो ??

...

पृष्ठ २९

त्यसपछिको भागमा महासम्मेलनको आयोजना गरिएको छ । जसमा विश्वका प्रमुख वाद-चिन्तन-दर्शन बोक्ने राष्ट्र र मानवसमूदायका प्रतिनिधि राजनेतादेखि लिएर बिभिन्न धर्म, वर्ण, सम्प्रदाय र जातजातिका साधारण मानिसहरूको जमघट गराइएको छ । उषा र कविद्वारा आयोजित विश्व-मानव महासम्मेलनमा भाग लिन विश्वभरिका विविध पेसा एवम् वर्गका प्रवुद्ध व्यक्तिहरूको उपस्थित छ । हेरौं कविताबाटै :

गान्धी, बुद्ध र मार्क्स, लेलिन तथा चार्वाक् योगेश्वर,
आए सेवक शिष्यका लहरमा छन् चाँदझैँ सुन्दर ।
...
लाखौँ भीड बीचत्र यसरी यो विश्वसम्मेलन,
बल्थ्यो धिप्धिप आज यो जगत नै, आएछ नौलो दिन ।

पृष्ठ ३०

त्यसपछिको भागमा महासम्मेलनको सभापतित्व कस्ले गर्ने भन्ने विषयमा विवाद गराएर अहिलेको मानवको अहम् मस्तिको भावना देखाइएको छ र सबै जसोको प्रतिनिधित्व हुनेगरी सवादर्जन सभापतिको सभापतित्वमा सम्मेलन सुरू हुन्छ । हेरौं कविताबाटै :

आ-आफ्ना सब लक्ष्य प्राप्त नगरी छोड्दै नछोड्ने भए
चर्क्यो वाद-विवाद आपसमहाँ घम्सा र घम्सी भए
यौटा सर्वदलीय बैठक भयो टेर्थ्यो र कोही किन ?
निस्क्यो जुक्ति नयाँ सभापति भए मात्रै सवा दर्जन ।

पृष्ठ ३२

त्यसपछिको भागमा प्रतिनिधिमूलक ढङ्गले वक्ताहरू तोकिएका छन् । सबैभन्दा पहिले पुनर्जन्म, परलोक र ईश्वरीय सत्ता स्वीकार्नेहरूका तर्फबाट सन्यासी मञ्चमा उभिएर आफ्नो समूहको धारणा राख्छन् र मानवको जन्मको सार भन्नु नै सत्य बुझ्न र मोक्ष प्राप्त गर्नु हो । त्यो सत्य परमेश्वर हो र परमेश्वरमा लीन हुन सके मुक्ति पाइन्छ भन्ने धारणा यस वक्ताको छ । यस वक्तामा रूसोको मानवतावाद र गीताको निस्काम कर्मयोगको छाप पाइन्छ ।

त्यसपछिको भागमा वर्गविहीन समतावादी समाजका पक्षपातीहरूका तर्फबाट दुब्लो, दाह्रीपालेको युवक मञ्चमा उभिएर आध्यात्मिक सन्यासीका भनाइको खण्डन गर्दै ओजपूर्ण अभिव्यक्ति दिन्छ । यो पात्र मार्क्सवादी दर्शनको प्रतिनिधि भएर सर्वहारावादी चिन्तन प्रस्तुत गर्दै श्रम र संवेदनाको उचित मूल्य पाउने व्यवस्था गर्नुपर्ने कुरामा यसरी जोड दिन्छ :

मर्दैछौं कि भोकले जब स्वयम् ! बाली सपाछौं तर
लाखौं लाख भयौं गरिब कसरी ? जो छौं स्वंय सर्जक ?
...
यौटा मालिक बन्छ लाख दुनियाँ रोएर बस्ने किन ?
एउटा रक्त पिपासुका चरणमा पर्ने हजारौं किन ?

पृष्ठ ३५

...
थाङ्ने हो उठ मागने सडकका खातेहरू हो उठ,
लूला जाग न लङ्गडा श्रमिक हो लौ क्रान्तिमा ए जुट ।

पृष्ठ ३६

त्यसपछि भागमा अहिंसा, शान्ति र मानवताका पक्षपातीका तर्फबाट एक जना बुढा धोती, कमेज र चस्मा लगाएर मञ्चमा गइ पूर्ववक्ताको मत खण्डन गर्दै पहिलेका मानिसमा, विध्वंशकारी छलकपट, जादु नभएर विश्वास थियो । दूर्भावनाको अभाव भएको ज्ञानी सत्मार्ग देखाउने, विश्व बन्धुत्वको भावना थियो तर हालका मानिसमा त्यो गुम्दै गएको छ । त्यसैले हामीले पुर्खाको भाव लिएर अहिंसाको बाटोमा हिड्नु पर्दछ । साधा जीवन र उच्च बिचार लिएर अगाडि बढ्नु पर्दछ भन्छ ।

त्यसपछिको भागमा पूर्ववर्ती सबै बिचारभ्रामक र आडम्बरपूर्ण हुन् भन्दै निस्सारता र नास्तिकताका पक्षबाट प्रौढ आफ्ना भनाई राख्छन् । धर्म, ईश्वर, नीति भन्नेकुरा बेकारका गफ हुन । पूर्वजन्म-परजन्मको धारणाको उपहास गर्दै यस्तो हुने भए धर्म गर्ने मान्छे मृत्युदेखि नडराउनु पर्ने तर धर्म गर्ने मानिस किन मर्न डराउँछन् त ? भन्दै यो पात्र जीवन निस्सार छ हामी मृत्यु पर्खेर बस्न बाध्य छौं । अर्को जन्म हुन्छ भनेर विश्वास गर्नु मुर्खता हो । एकपटक मरेको मानिस फेरि फर्केर आउँदैन जन्मपूर्व हाम्रो कुनै अस्तित्व थिएन र मृत्युपछि पनि हुँदैन भन्दै मोज गरेर बाँच्नु पर्दछ भन्ने धारणा यस पात्रले राख्छ ।

त्यसपछिको भागमा पूर्ववक्ताका भनाइहरू निकम्मा भएको दावी गर्दै शहीदहरूको बलिदान सम्भ्केर व्यवस्था हैन सरकार बदल्नु पर्ने धारणा राख्दछ, पेशेवर राजनीतिज्ञ । वर्तमानका राजनेताले दिएको धोकाले वर्तमानको देश विकराल अवस्थाको जर्जर परिस्थितिमा गुज्रिरहेकोले यस्तै भाँडभैलो र अव्यवस्था नै प्रजातन्त्र हो भने फेरि विद्रोहको राँको सल्काएर क्रान्तिको वीगूल फुक्दै क्रान्ति सफल पार्नुको विकल्प नरहेको अभिव्यक्ति यस पात्रले यसरी प्रस्तुत गर्दछ । हेरौं जुनकुरा निम्न श्लोकले पुष्टि हुन्छ :

भ्रष्टचार अनेक गर्नु सबले यो राष्ट्र रित्याउनु,
सारा भ्रष्ट मिलेर यो मुलुकमा आतङ्क मच्चाउनु
कोही बोल्छ विरोधमा यदि भने बन्दूक पड्काउनु,
'प्रजातन्त्र' यही भए भन अझै राँको नसल्काउनु ?

पृष्ठ ४२

त्यसपछिको अर्को भागमा प्रजातान्त्रिक समाजवादका पक्षपातीका तर्फबाट समाजसेवी दार्शनिक एक बूढा प्रश्नमात्र गर्नाले हामी बिग्रिएका तथ्य अघि सार्दै सुनौलो भविष्यको कल्पना गर्न पुग्छन् । यो पात्र प्रजातान्त्रिक, समाजवाद र मानवतावादको प्रतिनिधि पात्र हो । व्यक्ति स्वतन्त्रता, सामाजिक न्याय र आर्थिक समानताका पक्षमा यस पात्रले मान्छेको धेरै कुरा र सुख हाम्रै प्रश्नमा र उत्तरमा रहेको र यसैबाट सभ्य मानवजातको निर्माण भएको बताएको छ । हेरौं यसका कलात्मक र प्रभावकारी अभिव्यक्ति श्लोकबाटै :

यौटा सभ्य समाज बन्छ जसरी त्यै क्रान्ति चाहन्छु म,
यौटा मानवता युगौंयुग रहोस् त्यै शान्ति चाहन्छु म
...
लाखौं छन् प्रतिभा यही बगरमा लाखौं बिलाए गए,
आफैं भित्र हजार उत्तर यहीं पाइन्छ खोजी भए ।

पृष्ठ ४४

त्यसपछिको भागमा एकजना विकासवादीले भन्छ : कसैले पनि जीव-विकासको क्रमलाई नबुझेको र अहिलेसम्म बस्तुगत एवम् तथ्यपरक कुरा उल्लेख नभएको चर्चा गर्दै संसार उत्परिवर्तनको सिद्धान्त र प्राकृतिक चयनको नियममा अडेको हुनाले सम्मेलनको औचित्य नरहेको दावी गर्दै ब्रहमाण्डको उत्पती र संचालन ईश्वरको सिर्जना भन्नु हास्यास्पद छ । पहिले प्रकृति त्यसपछि पृथ्वी अनिमात्र कालन्तरमा जीवको उत्पती भयो । प्रकृतिसँग संघर्ष गर्दै जाँदा जीवले विकास पायो । सोही प्रकृतिको संघर्षमा विजयी बन्दै आएर शक्तिशाली जीवबाट मानव विकसित भयो र यसले आफ्नो सभ्यताको निर्माण गर्दै आएको छ भन्ने तर्क यस पात्रको छ ।

त्यसपछिको भागमा राष्ट्रवादी नेताले आफ्ना ओजपूर्ण अभिव्यक्ति यसरी राख्छ; राष्ट्र र राष्ट्रियता नै विकासको मूल आधार हो । तर आज विश्वका साना राष्ट्रमाथि ठूलाराष्ट्रले अतिक्रमण गरेका छन् र अनावश्यक दास बनाउन खोजेका छन् । त्यसैले मानिस दुःखी बन्न पुगेका छन् भन्दै देश नै नरहेमा वाद र देशवासी नरहने भाव यसले राख्दछ । वर्तमान अवस्थामा नेपाली राष्ट्रियता कमजोर हुँदै गएको देश अस्तव्यस्त र संकटग्रस्त रहेको स्पष्ट पार्दै घुष्याहा,

देशघाती, भ्रष्टचारी, भ्रष्ट पथपदर्शक अगुवाहरूमाथि तिव्र आक्रोस र असन्तुष्टिको भाव अति नै भावुक र बिचारोत्तेजक ढङ्गले प्रस्तुत गर्दछ । हेरौं श्लोकबाटै :

भ्रष्टचार अनेक गर्न पनि ता यै देश चाहिन्छ ए,
हौला के जब देश नै अबुझ हो बाँकी नहोला भरे
यो बेला पनि देहको रगत यो उम्लिन्न जस्को अहो !
पानी हो बुझ रक्त हैन, यसको मान्छे हुँदै हैन त्यो ।
...
चाटौला पछि रेस्टुराँ घुमीघुमी घ्याम्पा हजारौं तर,
खाऔला कसरी निवास नभए, पैला बचाऔं घर ।

पृष्ठ ४७

त्यसपछिको चौधौं भागमा कविको नारीवादी चिन्तनलाई प्रस्तुत गर्न सम्पूर्ण नारीवर्गको नेतृत्व गर्दै एउटी युवतीलाई उभ्याइएको छ । समाजले नारीमाथि गरेको शोषणका विरूद्धमा बोल्दै आज नारीहरू पुरूषबाट शोषित र पिडित छन् । त्यसैले यस्तो अवस्थाको अन्त्य नगरी मानवजाति सुखी सभ्य बन्न सक्दैन । विश्वका सबै मान्छेको हृदयमा नारी नबसेसम्म मानव जीवन र मानव सभ्यता सुखी र सम्पन्न बन्न सक्दैन त्यसैले नारी र नारीत्वको सर्वोच्चता कायम गर्नुमा नै सबै दुःखबाट छुटकारा पाउने एकमात्र निर्विकल्प उपाय छ भन्दै यस्तो हुन नसके यो नै अन्तिम क्रान्ति हुने र अर्को क्रान्तिको आवस्यकता नपर्ने बिचार यसरी प्रस्तुत गर्छिन् :

यौटा भेल बगाउने रगतको अर्को नबग्ने गरी,
यौटा आँधी चलाउने पछि कुनै आँधि नचल्ने गरी
सारा ध्वस्त बनाउने मयलका पोकाहरू वर्वर,
यौटा विश्व बनाउने हृदयमा नारी बसेको घर ।

पृष्ठ ४९

त्यसपछिको भागमा एक जना वैज्ञानिक उपस्थित हुन्छ सबैको आक्रोस र खिन्नतालाई चिर्दै पूर्ववक्ताका बिचारको आवष्यकता नरहेको उल्लेख गर्दै आजको युग विज्ञानको युग हो र त्यसैबाट मात्र सुख, शान्ति, अमनचयन रहने भएकाले आफू त्यसमा लागिरहेको क्षणमा कसैले पीर, चिन्ता नलिनु भन्दै आफ्नो भाव यसरी व्यक्त गर्दछन् :

इच्छामात्र हुँदा उडेर सबले ब्रह्माण्ड नाप्ने तब,
मान्छे अन्न नखाइ बाँच्न सकिने मर्दै नमर्ने अझ ।
...

लाखौँ यन्त्र विच्छ्याइनेछ यसरी पारी वशीभूतमा,
आफ्नै राज्य हुनेछ यो प्रकृतिमा बाँचिन्छ आनन्दमा ।

पृष्ठ ५०

यसरी यस पात्रले मान्छेले गर्ने सबै काम विज्ञानले गर्नेछ र मान्छे अमर बन्नेछ भन्ने कुरा राख्दछ ।

त्यसपछिको सोरौं भागमा धनी, गरीब, वर्ण र सम्प्रदायको विभेदले गर्दा आजको जटिल परिस्थिति उत्पन्न भएको हो । संसारलाई धनी, गरीब, वर्ण, सम्प्रदाय, धर्म, जाति जस्ता अनुचित भेदभावबाट मुक्त नगरेसम्म मानवसंसार सुखी र सम्पन्न हुन सक्दैन र दुष्प्रवृत्ति र कुबिचारलाई समाप्त पारेर मात्र सुन्दर संसारको निर्माण हुनसक्छ भन्छन् :

मान्छे एक छ जात यो अबुझ हो को सक्छ सम्झाउन ?
हिन्दु, मुस्लिम, बौद्ध, खै ? रगतमा को सक्छ देखाउन ?
...
आफ्नै दुक्ख समान सम्झ अरूको आनन्द आफ्नै बुझ,
हट्दैनन् जबसम्म निमर्म यहाँ हट्दैन हाम्रो दुःख ।

पृष्ठ ५२

त्यसपछिको भागमा मजदुरनेता अहिलेसम्मका वक्ताले समस्याको चुरो फेला नपारेको, आजको प्रमुख समस्या भोक हो । त्यसलाई ज्ञान, विज्ञान, राष्ट्र, राष्ट्रियता, दर्शन, नीति कुनैले समाधान गर्न सक्दैन, जबसम्म पेटको भोकको आगो शान्त हुँदैन तबसम्म खोक्रा आदर्श, चर्कानारा र कोरा सिद्धान्तले मात्र मानवजातिको उत्थान हुँदैन । विश्वको समग्र अशान्ति र पीडा भोककै परिणति भएकाले भोकलाई समाप्त पारौँ भन्दै आफ्ना अभिव्यक्ति यसरी दिन्छ । जसलाई केही अंशमा हेरौँ :

गान्धी, बुद्ध र मार्क्सका मुलुकका सन्देश चाहिन्न ए,
रित्तो पेट लिएर शान्ति भनिने आदेश चाहिन्न हे ।
...
सारा क्रान्ति कथा व्यथा सकलका आक्रोस हुन् भोकका,
पीडा क्रन्दन जालझेल युगका तस्वीर हुन् शोकका ।
मासौँ भोक समस्त राष्ट्रभरिको मासिन्छ कोलाहल,
ढाकौं आङ सबै मिलेर तब पो देखिन्न नाङ्गो स्थल ।

पृष्ठ ५४

त्यसपछिको भागमा बोल्नेक्रम सकिन नपाउँदै उपस्थित सर्वसाधारण मानिसको भिडबाट आक्रोशित जनताको कोलाहल मचिन्छ । सभापतिको अनुमतिबिना नै एकजना ज्यामी मञ्चमा आएर ठूलाबडाले मात्र बोल्न पाउने कि हाम्रो पनि महत्व छ भन्दै उफ्रिदै भन्छ :

आफ्नै जोस र आँटले मुलुकको आकाश फैलाउँछु,
आफ्नै शक्ति र स्रोतले मुलुकमा त्यो चन्द्रमा ल्याउँछु
पाजी हो ! भन वीरता समरमा को सक्छ देखाउन ?
एक्लै आउँछु दुष्ट हो रगतले संसार रङ्ग्याउन ।
...
जाग्यो आज बिचित्र भीडबिचमा संसार थर्काउन,
मान्छेले बुझ बाँच्न पाउँछ यहाँ धर्ती रहेसम्मन ।

पृष्ठ ५५

ठूलावडाले मात्र होइन सबैले बोल्न पाउनु पर्छ र हामी सर्वसाधारणमा पनि संसार थर्काउने आँट छ, हामीले पनि यो धर्ती रहेसम्म सम्मानजनक भएर बाँच्न पाउनु पर्छ भन्ने भाव उक्त बक्ताको रहेको छ ।

त्यसपछिको १९ औं भागमा मजदुरलाई स्वयम्सेवकले मञ्चबाट हटाउँछन् तर उसको वक्तव्यमा तालि बजिरहन्छ । सभामा वातावरण अशान्त भएकाले वार्ता हुन्छ र स्रोताका तर्फबाट एक जना बूडा किसानलाई साझा सहमतिमा बोल्न दिइन्छ । उषा र कवि मुखामुख गर्छन । किसान सबैको प्राण अन्न भएकाले त्यसका लागि श्रम गर्नुपर्ने अनि मात्र सुख प्राप्त हुने तथ्यलाई औंल्याउँदै आफ्ना तर्क पेस गर्दछन् । 'जहाँ पुग्दैन रवि, त्यहाँ पुग्छन् कवि' भन्ने नेपाली उखानलाई निश्तेज पार्दै जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्छन् कवि, जहाँ पुग्दैनन् कवि त्यहाँ पुग्छन् अनुभवि भन्ने कुरा सावित पार्दै मान्छे बाँच्न अन्न चाहिन्छ, त्यो अन्न किसानले उब्जाउँछ अन्न भनेको श्रम, सीप र पसिनाको परिणति हो । अन्न नै जीवन भएकाले जीवनदान गर्दै श्रम र सिर्जनाको सर्वोच्चता कायम गर्नुपर्छ भन्दछ । यस पात्रले उच्च बिचार र सार्थक श्रमको मूल्यबोध गर्दछ । जीवनको सार्थकता विनाशमा नभई निर्माणमा रहेको महत्वपूर्ण जीवनदृष्टि मननयोग्य भएकाले उक्त पात्रको उच्च चेतनायुक्त भावोत्तेजक र कलात्मक अभिव्यक्ति तल दिइन्छ :

तिम्रो शक्ति विनाशमात्र नभए निर्माण नौलो गर,
तिम्रो लक्ष्य त चोटमात्र नभए यी घाउ सन्चो गर ।

पृष्ठ ५७

लाखौँ क्रान्ति भए यहाँ रगतका बन्दूक बारूदका,
पूरा आज भएन लक्ष्य किन हो ? खै वीर संसारका ?
यौटा क्रान्ति बिचारको र श्रमको हुन्थ्यो नि चर्के कति ?
फूल्थे फूल असंख्य बागहरूमा हट्थ्यो नि यो दुर्गति ।

पृष्ठ ५८

...

कोही टन्न हुदैन अन्न नभए सिर्जिन्छ के दर्शन ?
मेरा डाविर्न, बुद्ध ए भन तिमी बाँच्छौ नखाईकन ?
आए क्रान्ति र शान्तिका रगतका थुप्रै खरा भाषण,
कोही मान्न तयार छैन पहिले चाहिन्छ आफ्नै श्रम !

पृष्ठ ५९

त्यसपछिको अन्तिम भागमा मान्छेका भोक, शोक, रोग एवम् यावत पीडा र व्यथालाई हटाउन संसारका कुनैपनि चिन्तन वा दर्शन भन्दा इमान्दारिपूर्वक गरिएको आफ्नै परिश्रम अचूक र सार्थक हुने निश्कर्षका साथ उषा, कवि एवम् धर्ती प्रसन्न देखिन्छन् जुन कुरा निम्न श्लोकबाट पुष्टि हुन्छ :-

मेरो स्वर्ग यहीँ छ, जान्न परको स्वर्गीय आनन्दमा,
मेरो देश यहीँ छ, प्राण छ यहीँ, को जान्छ बैकुण्डमा ?

...

छातीमा अब लेखिदे न समता ! नेपाल मेरो घर,
सारङ्गी अझ घन्किदे न हिउँका मुस्कान भन्दा पर ।

पृष्ठ ६१

यसरी बिचार र श्रमको यौटा नौलो क्रान्ति हुनु पर्दछ, जसले विनाश होइन, निर्माण गरोस् भन्ने निश्कर्षमा यस खण्डकाव्यलाई समापन गरिएको छ ।

## ५.१.२.३. पात्रविधान

पात्रविधान खण्डकाव्यको अनिवार्य तत्व भएकाले खण्डकाव्यको विषयलाई गतिशील बनाउन यसको भूमिका अपरिहार्य रहेको पाइन्छ । यसरी महासम्मेलन खण्डकाव्यका पात्रलाई हेर्दा विश्वका अधिकांश जातजाति, धर्म, सम्प्रदाय, दर्शन, राजनीति, सिद्धान्त र वादको प्रतिनिधित्व गराउनका लागि विश्वमानका मूल प्रतिनिधि-पात्रहरूको जमघट गराउने प्रयास गरिएको भएपनि

सर्वाधिक ध्यान भने नेपाल माथि केन्द्रित रहेको पाइन्छ । यस खण्डकाव्यमा मानवीय र मानवेत्तर पात्रको प्रयोग गरिएको पाइन्छ । मानवीय पात्रहरूमा बुढा सन्यासी, युवक, राजनीतिज्ञ, दार्शनिक, विकाशवादी, सानी छोरी, शिक्षक, वैज्ञानिक, मजदुरनेता, ज्यामी, किसान, कवि आदि रहेका छन् भने मानवेत्तर पात्रहरूमा उषा, देश, खोला, झर्ना, ईश्वर, धरहरा आदि रहेका छन् । किसान, मजदुर, सर्वहारावर्गीय समतावादी नेता प्रजातान्त्रिक समाजवादी नेता जस्ता पात्रहरू सामाजिक न्याय, आर्थिक समानता समतामूलक समाज भएको राज्यव्यवस्थाका पक्षमा देखिन्छन् उषाले विश्वमानव सम्मेलन गर्न आव्हान गर्दछिन् । कविले मान सम्मेलन गराएपछि उषा प्रसन्न हुन्छिन् । विश्वका मानवका बिभिन्न मूल प्रतिनिधिपात्रको जमघट गराए पनि बृद्ध किसानको व्यक्तिअनुभूतिमा काव्यलाई समापन गरेकोले सामूहिकताको पक्ष सापेक्षित रूपमा दुर्बल देखिन्छ । खण्डकाव्यको मूलप्रवन्ध विधान पात्र वा चरित्र पनि एक हो । चरित्र निर्माण केही फितलो देखिन्छ तरपनि मानवीय, मानवेत्तर, प्रत्यक्ष-अप्रत्यक्ष आदि पात्रको प्रयोगले पात्र विधानमा यो खण्डकाव्य उत्कृष्ठ रहेको पाइन्छ ।

### ५.१.२.४. देश काल परिस्थिति/परिवेश

खण्डकाव्य अनुभूति प्रधान विधा हो । अनुभूतिको प्रवाहलाई आख्यानले सुसंयोजित गरेको हुन्छ । अनुभूतिलाई आख्यानले डोऱ्याउँदै लाँदा खण्डकाव्यको कथावस्तु वा विषयवस्तुको निर्माण हुन्छ । देशकाल परिस्थितिले कथावस्तुको स्थान, समय परिवेशलाई सशक्त, जीवन्त र गतिशील बनाउँछ । यसरी हेर्दा खण्डकाव्य रचनाका क्रममा अनुभूतिको प्रवाहलाई सुन्दर बनाउन साङ्केतिक रूपको परिवेशको चित्रण नै किन नहोस यो एउटा अपरिहार्य तत्वको रूपमा रहेको हुन्छ ।

खण्डकाव्यकार हेमराज अधिकारीको 'महासम्मेलन' खण्डकाव्यमा नेपालको वि.सं. २०५२ सालदेखिको जनयुद्धकालीन नेपालको परिवेश रहेको देखिन्छ । त्यसैले मातृभूमिको सेवामा अनवरत रूपमा लागिपरिरहनुपर्ने यथार्थ परिवेश र विषयकाबीच यस खण्डकाव्यमा राम्रो सन्तुलन पाइन्छ ।

### ५.१.२.५. केन्द्रीय कथ्य

कविले कृतिका माध्यमबाट पाठकसामु कुनै न कुनै मुख्य बिचारवस्तु प्रस्तुत गर्दछ र कृतिले त्यसै बिचारलाई अधन्त कलात्मक बान्की भरेर संवहन गर्न पुग्दछ । यस्तो किसिमको मुख्य

बिचारलाई कवि वा खण्डकाव्यकारको मुख्य एवम् केन्द्रीय कथ्य भन्ने गरिन्छ । यसरी हेर्दा खण्डकाव्यमा कविले आफ्नो कथनलाई सोझै भन्ने र कुनै पात्रलाई माध्यम बनाएर आफ्नो बिचार वा धारणालाई भनाउने दुई पद्धत्तिहरू विशेष प्रचलित छन् ।

महासम्मेलन खण्डकाव्यमा हेमराज अधिकारीले विश्वमानवका मूलप्रतिनिधिपात्रको उपस्थिति गराएर तिनै पात्रहरूका माध्यमबाट आफ्नो बिचार व्यक्त गरेका छन् । बिभिन्न प्रकारका पात्रहरूको जमघट गराएर तत्कालीन सामाजिक अवस्थालाई सुधार्नका लागि वैचारिक क्रान्ति गर्नुपर्ने, आजको मानव दुनियाँमा सत्य, अहिंसा, प्रेम र सहिष्णुताका पुजारी मानिने आध्यात्मिक चिन्तनहरू नै युद्धको भाषा बोलीरहेका छन् । आज मानवीय संवेदना शून्यको स्थितिमा छ । हामी मानव संवेदनाहीन भएका छौँ । यस्तो विषम् परिस्थितिमा सिङ्गो मानवीय अस्तित्व नै संकटमा परेको छ । यसमा दोस हाम्रो नै हो । मानवमात्रको उन्नति र कल्याणको डंका फुक्ने बिभिन्न दशर्न र विज्ञान उल्टै मानव विनाशका कारण बन्दैछन् । त्यसैले समस्या उमार्नुमात्र ठूलोकुरा होइन, तत्कालीन र दीर्घकालीन समाधानको उपाय खोज्नु आजको अपरिहार्य आवश्यकता हो भन्ने मूलमर्मका साथ राष्ट्र, राष्ट्रियता र मानवताको वकालत गर्नु नै यस खण्डकाव्यको केन्द्रीय कथ्य रहेको छ ।

### ५.१.२.६. भावविधान

अनुभूतिका लागि भाव साध्य हो । भावविहीन हुनु भनेको अनुभूतिविहीन हुन पुग्नु हो । यसर्थ वस्तुतत्व साधन हो भने भावविधान खण्डकाव्यको साध्य हो । अनुभूतिलाई आकर्षक र कलात्मक रूपमा व्यक्त गर्न भाव विधानको जरूरत पर्दछ । बिना भावको अनुभूति बिनारसको किबी हो । काव्यमा रहेको स्थायीभावको परिपाकले नै पाठकलाई साधारणीकृत गर्न सकेको हुन्छ । "यस क्रममा भाव जति संवेदनशील, सघन र तीव्र एवम् आकर्षक, प्रभावोत्पादक र समोचित आनन्ददायक हुन पुग्दछ, उति भाव विधानका दृष्टिले खण्डकाव्यात्मक कृति प्रभावकारी एवम् उत्कृष्टताको चुडान्त परिणति हुन पुग्दछ ।"[८]

हेमराज अधिकारीको महासम्मेलन खण्डकाव्यमा मानवीय संवेदनाको शून्यको स्थिति, विषम् परिस्थितिमा सिङ्गो मानवीय अस्थित्व नै संकटमा परेको अवस्था, त्यसको दोषीका रूपमा हामी मानव नै रहेकोले शोषक, सामन्त, अहम्वृत्ति भएकाप्रति आक्रोस एवम् क्रोध स्थायीभावका रूपमा व्यक्तिएको छ । मानिसका यावत् पीडा र व्यथा हटाउनका लागि चिन्तन र दशर्नको गफ

---

8. इश्वरीप्रसाद गैरे, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य (२०६०), पृष्ठ १७९ ।

लगाउनु भन्दा इमान्दारीपूर्वक गरिएको कर्म नै अचुक हुन्छ । त्यसैले इमान्दारीतापूर्वक गरिने कर्म नै मानिसका लागि आवाश्यक विषय हो । त्यसैले समान्ता, स्वतन्त्रता, गरीब-दुःखी, उत्पीडितहरूको राज्यसत्ता स्थापित हुनुपर्छ भन्ने भाव यो काव्यमा देखिन्छ । यस खण्डकाव्यले समाजका अनपढदेखि लिएर शिक्षित व्यक्तिहरूका मनमा पनि गहिरो प्रभाव छोड्न सक्छ । त्यसैले भावविधानका दृष्टिले यो खण्डकाव्य उत्कृष्ट नै बन्न पुगेको छ ।

## ५.१.२.७. लयविधान

लयविधानलाई काव्यमा धेरै महत्वकासाथ हेरिन्छ । फुटकर कवितादेखि लिएर महाकाव्यिक उचाइका रचनाहरूमा समेत यसले ठूलो भूमिका खेलेको हुन्छ । पद्य वा गद्य जुनसुकै लयमा लेखिए पनि समग्र कविताविधालाई अन्य विधाबाट अलग बनाउने महत्वपूर्ण तत्वका रूपमा समेत लयविधानको चर्चा गरेको पाइन्छ । खण्डकाव्य कविताको मझौला रूप भएकोले तुलनात्मक रूपमा फुटकर कवितामा भन्दा यसमा लयको भूमिका बढी नै देखिन्छ । “यस क्रममा प्रत्येक कविताका पङ्ति-पङ्ति, वर्ण-वर्ण, मात्रा-मात्रा, अक्षर-अक्षरका विवरण क्रमगति, यति स्थित र शासन-अनुशासनका नियम परिपालनभित्रबाट लयविधानको लालित्य गुञ्जन सौन्दर्यको उत्कर्ष साङ्गीतिक प्रचुर काव्यकला निनाद खण्डकाव्यको लयविधानले परिपालन गर्न सक्नु पर्दछ । अनिमात्र यो लय विधानका दृष्टिले उत्कृष्ट हुन सक्दछ ।”[९]

यसरी हेर्दा हेमराज अधिकारीको यो खण्डकाव्य पद्यात्मक लयमाधुर्यमा आवद्ध भएको पाइन्छ । यस खण्डकाव्यमा सुरूदेखि अन्त्यसम्म नै शास्त्रीय वर्णमात्रिक छन्द शार्दूलविक्रीडितको प्रयोग भएको छ । खण्डकाव्यकारले काव्य रचनाका क्रममा छन्द प्रयोगको कुशलता राम्ररी गरेका छन् । यस खण्डकाव्यमा सुन्दर छन्द सिर्जना पाइन्छ । साथै खण्डकाव्यकारले काव्य रचनाका क्रममा छन्दलाई सहज रूपमा खेलाउन सकेको कारणले यो महासम्मेलन खण्डकाव्य निकै आकर्षक एवम् कलात्मक रहेको पाइन्छ । साथै लयविधानका दृष्टिले यो खण्डकाव्य निकै उत्कृष्ट देखिन्छ ।

## ५.१.२.८. अलङ्कार प्रयोग

अलङ्कारले काव्यलाई चमत्कृत बनाउने गर्दछ । शब्द अलंकारको प्रयोगले काव्यको बाह्य र अर्थालङ्कारको प्रयोगले आन्तरिक अर्थलाई चमत्कार दिन्छ । मानवले जीवन भोगाइको

9. ऐजन ।

क्रममा अनेकौं सजीव र निर्जीव वस्तु र प्रकृतिबाट पनि शिक्षा लिइरहेको हुन्छ तर यस्तो शिक्षा लिन बाह्य चक्षुमात्र प्रयाप्त हुदैन । त्यसलाई देख्न र भोग्न आन्तरिक दृष्टिचेत पनि शक्तिशाली बन्नु जरूरत मानिन्छ । कविले काव्य सिर्जना गर्दा कुनै भावनाबाट प्रेरित बनेर अन्तर हृदयमा डुबुल्की मार्दा यस्ता प्रेरक तत्वहरू बिम्ब, प्रतीक बनेर काव्यमा व्यक्त भइदिन्छन् । अनि त्यसले नै काव्यलाई आलङ्कारिक बनाइदिन्छ । यसरी रचना गरिएको काव्यले पाठकको मन चाँडै छुन सक्दछ । त्यसो त आलङ्कारिक काव्यलाई बुझ्न र बुझेर रसास्वादन गर्न भावक पनि सहृदयी चनाखो बन्न जरूरी छ ।

यसरी हेर्दा खण्डकाव्यकार हेमराज अधिकारीको महासम्मेलन खण्डकाव्यमा सरल किसिमका, बिम्ब, प्रतीकहरूको चयन तथा शब्दालङ्कार र अर्थालङ्कारको सुन्दर संयोजनले यो काव्य उत्कृष्ट बन्न पुगेको छ । यस खण्डकाव्यमा उत्प्रेक्षा, उपमा, श्लेष, विरोध, अतिशयोक्ति, रूपक आदि अलंकारको प्रयोग गरिएको छ । केही उदाहरणहरू हेरौं :

तीखो शस्त्र बनाइ द्वेष जति छन् गोडूँ कि संसारका
ल्याइ औषधी स्वर्गका भूवनका जोडूँ कि आरोग्यका

**रूपकालङ्कार**

जाली रक्त पिपासुका रगतले आफैं नुहाऊँ कि म ?
अर्को भीम बनि गदा फनफनी आफै घुमाऊँ कि म ?

**उत्प्रेक्षालङ्कार**

## ५.१.२.९. सर्गयोजना

पूर्वीय काव्य मान्यतामा सर्ग योजनालाई महाकाव्यको अनिवार्य तत्व मानिए पनि नेपाली खण्डकाव्यमा यसको अनिवार्यतालाई स्वीकारेको पाइन्न । खण्डकाव्यमा जीवनको कुनै एक खण्ड विशेष वा एक पक्षको मात्र चित्रण गरिने भएकाले यसलाई सर्ग-सर्गमा उल्लेख गरिरहनु पर्दैन भन्ने मान्यता आएको हो । तथापि नेपाली खण्डकाव्यका उत्कृष्टतम नमुना मानिने ऋतुबिचार, मुनामदन, राजेश्वरी आदिलाई हेर्दा सर्ग योजना खण्डकाव्यात्मक कृतिका लागि पनि प्रायः अनिवार्य तत्व बनिसकेको प्रमाणित हुन्छ ।[१०]

यसरी हेर्दा महासम्मेलन खण्डकाव्य माधवप्रसाद घिमिरेको 'राजेश्वरी' खण्डकाव्यमा प्रस्तुत गरेझै प्रत्येक भागको सुरूमा कोष्ठक भित्र परिवेश र पृष्ठभूमिको सङ्केत गरिएको छ । जुन प्रयोगले गर्दा यो खण्डकाव्य सर्गयोजनाको दृष्टिले हेर्दा सफलै रहेको पाइन्छ ।

---

10. पूर्ववत् ।

### ५.१.२.१०. भाषाशैली

भाषा प्रयोगका दृष्टिले हेर्दा महासम्मेलन खण्डकाव्य उत्कृष्ट रहन गएको छ । यसमा कतै वाच्यार्थ, कतै लाक्षणिक अर्थ र कतै व्यङ्ग्यार्थ प्रधान पद्यहरूको प्रयोग गरिएको पाइन्छ । भाषा प्रयोगका दृष्टिले सरल र परिपक्क अनुभूतिको संगमका रूपमा यस खण्डकाव्यलाई लिन सकिन्छ । शब्द प्रयोगका दृष्टिले हेर्दा तत्सम्, तद्‌भव र झर्रा नेपाली शब्दको उचित प्रयोगले खण्डकाव्य उत्कृष्ट बन्न पुगेको छ । बोधगम्यता, सुस्पष्टता, सरलता, सरसता, लयात्मकमाधुर्य, सरस कलात्मक अभिव्यक्तिका कारण यसको भाषाशैलीले सिद्धि प्राप्त गर्न सकेको छ ।

### ५.१.२.११. उद्देश्य

जुनसुकै कृति लेखेर प्रकाशन गर्नुको पछाडि एउटा न एउटा उद्देश्य रहेकै हुन्छ । यस खण्डकाव्यमा विश्वको (खासगरी नेपालको) तत्कालीन परिवेशमा मानवले भोग्नु परेका पीडा, व्यथा र चोटलाई छर्लङ्ग पारी तत्कालीन अवस्थामा मानवमा रहेको अहम्‌वृत्तिलाई देखाउँदै मानवीय संवेदना शून्यतामा पुगेको यथार्थतालाई प्रस्तुत गरिएको छ । यसरी चलेको होडबाजीको मानवीय प्रवृतिलाई पेचिलो व्यङ्ग्य गर्दै मानवले विचार र श्रमको एउटा नौलो क्रान्ति गर्नुपर्दछ; जसले विनाश होइन निर्माण गरोस् भन्ने उद्देश्य देखिन्छ । विश्वका ठूला देशहरू लगायत नेपालमा पनि भइरहेका शक्तिका होडबाजी र गृहकलहलाई देखाउँदै शक्तिको होडबाजीले संसार संकटमा फस्दै गइरहेको छ, जसले गर्दा हाम्रो अस्तित्व गुम्दै छ । त्यसैले होडबाजीलाई त्यागेर विश्वबन्धुत्वको भावना जगाउन सबै खाले मानिसको प्रतिनिधि पात्रको जमघट गराएर यउटा ठोस निश्कर्षमा पुगी समानता, स्वतन्त्रता र गरीब उत्पीडितहरूको राज्यसत्ता स्थापना गराई सबैमा मानवीय भावनाको संचार गर्न सक्नुपर्दछ भन्नु नै यस खण्डकाव्यको प्रमुख उद्देश्य रहेको छ ।

### ५.१.२.१२. सारांश

साहित्यका माध्यबाट आफू, आफ्नो प्रतिभा, समाज, राष्ट्र राष्ट्रियता र मानवीय प्रवृतिलाई चिनाउन सफल साहित्यकार हेमराज अधिकारीको यो खण्डकाव्य पहिलो कृति हो । जुन काव्य प्रयोगधर्मी देखिन्छ । यस किसिमको काव्य नेपाली छन्द कविता यात्रामा विरलै पाइन्छ । यस काव्यको वैचारिक्तालाई हेर्दा कविमा अन्तरनिहित विशिष्ट प्रगतिवादी काव्य रचना गर्ने चाहना रहेको बोध हुन्छ, किनकी यस काव्यका प्रमुख वक्ताहरूका बृद्धकिसान, सर्वहारावर्गीय समतावादी नेता, प्रजातान्त्रिक समाजवादी नेता, शिक्षक जस्ता पात्रहरू सामाजिक न्याय, आर्थिक समानता र

समतामूलक राज्यव्यवस्थाका पक्षमा देखिन्छन् । साथै काव्यको सुरू र अन्त्यका दुई-दुई श्लोकहरूमा व्यक्त कविता कविका आफ्नै बिचारले पनि यही कुराको पुष्टि गर्दछ । तथापि यो काव्य पूर्णरूपमै प्रगतिवादी बन्न भने सकेको देखिदैन ।

महासम्मेलन काव्यमा रहेका २० भागमा व्यक्त भावले सामाजिक समस्याका कारणहरू पहिल्याउँदै विकृति र नकरात्मक पक्षहरूको कटु आलोचना गरिएको छ भने समाधानका केही उपाय पनि बताएको छ । तापनि बृद्ध किसानको व्यक्तिअनुभूतिमा काव्यको समापन गरिएकाले सामूहिकताको पक्ष सापेक्षित रूपमा दूर्वल बन्न पुगेको देखिन्छ । तर प्रगतिवादको अतिनिकट पूर्वसिँढीको रूपमा रहेको आलोचनात्मक यथार्थवादसम्म दर्विलो ढंगले पुगेको[११] हुँदा यस काव्यलाई प्रगतिवादी काव्य रचना भन्दा पनि फरक नपर्ने देखिन्छ ।

## ५.१.३. खोज तथा अनुसन्धानकर्ता हेमराज अधिकारी

### ५.१.३.१. आमुख

यस धर्तीमा जब मानिसले पहिलो पाइला टेक्छ तब उसले केही न केही कर्तव्य लिएर आएको हुन्छ । आजको यस दुनियाँमा हामी त्यतीकै आइपुगेका छैनौं । मानिसले केही न केही गरेर छाड्नु पर्दछ र मात्र हाम्रा भावीपुस्ताले हाम्रो वर्तमान उनीहरूले इतिहासका पानामा हेर्न सक्छन् । हामी यस अवस्थामा आइपुग्नको लागि हाम्रा पुर्खाहरूको ठूलो योगदान रहेको छ र हाम्रा अग्रजहरूको वर्तमानलाई हामीले इतिहास मानेका छौं । नयाँ कुराको खोज अनुसन्धान नगर्ने हो भने, हामीले यत्रो प्रगति गर्ने थिएनौं । हालसम्म भएगरेका कार्यको खोज गरी नयाँनयाँ कुराको अनुसन्धान गर्नु आवश्यकता रहेको हुन्छ । हामीले शोधखोज गरेर अनुसन्धानमा नलाग्ने हो भने हाम्रो सामु रहेका प्रतिभा, सिर्जना र साधनहरू त्यतीकै हराएर जाँनेछन् । त्यसैले ती हाम्रो सामु रहेका प्रतिभा, साधन र स्रोतको खोज अनुसन्धान गरेर प्रतिभालाई हौसला दिने र पूरानो इतिहासलाई भविष्यसम्म पुऱ्याउने काम त्यती सजिलो हुदैन । भन्ने कुरालाई आत्मसात गर्दै ताप्लेजुङ्ग जिल्लाको ऐतिहासिक पृष्ठभूमिदेखि लिएर यसको नामकरण हुँदै यस जिल्लाको भौगोलिक अवस्था सामाजिक जनजीवन, शैक्षिक परिचय, लोकसाहित्य र सर्जकहरू प्रमुख, व्यक्ति, व्यक्तित्व, पत्रपत्रिकाको गतिविधि आदि छरपष्ट रूपमा छरिएर रहेको परिप्रेक्षमा ती सबै कुरालाई समेटेर तयार पारिएको पुस्तक 'ताप्लेजुङ्गको नालीबेली' पुस्तक आम ताप्लेजुङ्गेदेखि लिएर ताप्लेजुङ्गको बारेमा जान्न बुझ्न चाहने सबैको लागि उपयोगि हुने छ ।

---

11. रामप्रसाद ज्ञवली, महासम्मेलन खण्डकाव्यको (२०५९)को भूमिकाबाट साभार ।

"नेपालको सुदूरपूर्वोत्तरमा रहेको ताप्लेजुङ्ग जिल्ला प्राकृतिक र सांस्कृतिक दृष्टिले निकै समृद्धशाली मानिन्छ । भारतको सिक्किम र चीनको तिब्बतसँग सिमाना जोडिएको नेपालको एकमात्र जिल्लाका रूपमा परिचित यो जिल्ला अनेकौ बनस्पति, हिमाल, जडिबुटि, झर्ना, नागी, तालतलैया, मठमन्दिर, गुम्बाहरू, भञ्ज्याङ्ग, लालीगुँरास आदिका लागि प्रसिद्ध रहेको छ भने प्राचिनकालदेखि बसोबास गर्दै आएका बिभिन्न जातजातिहरूको साँस्कृतिक धरोहरका रूपमा पनि यो जिल्ला निकै प्रचलित छ ।

विश्वकै दूर्लभ मानिने चराचुरूङ्गी, जडिबुटि, वनस्पति, हिमाल, पोखरी, झर्ना, नागी यस जिल्लाका बहुमूल्य सम्पत्ति हुन् भने यस जिल्लामा जन्मिएर भाषा, साहित्यको सेवामा समर्पित हुने, सामाजिक सेवा र राजनीतिमा सक्रिय रहने, कला र अभिनयमा सम्लग्न हुने, निजामति, प्रहरी, सेना र निजीक्षेत्रबाटै राष्ट्र निर्माणमा योगदान पुऱ्याउने साहित्यकार, बुद्धिजीवि, कुटनीतिज्ञ यस जिल्लाका गौरव हुन् । यी र यस्ता व्यक्तित्वको खोजी गर्नु र सम्मान गर्नु अनि यिनीहरूका कामबाट थप अनुगृहित र उत्प्रेरित बन्दै राष्ट्रको नव निर्माणमा संलग्न हुनु हामी सबै ताप्लेजुङ्गेहरूको कर्तव्य हो ।"[१२] यस जिल्लाको र यसमा रहेका महत्वपूर्ण व्यक्ति, साहित्य, वनस्पति, धार्मिक तीर्थस्थल, सामाजिक जनजीवन, भौगोलिक अवस्थाको चिनारी दिने उद्देश्यले तयार पारिएको यो कृति निक्कै महत्वपूर्ण रहेको छ ।

### ५.१.३.२. 'ताप्लेजुङ्गको नालीबेली'को अध्ययन र विश्लेषण

#### ५.१.३.२.१. आमुख

ताप्लेजुङ्गको नालीबेली शोधखोज विधा अधिकारीले वि.सं. २०६४ सालमा प्रकाशन गरेका हुन् । बाहिरी आवरण पृष्ठमै ताप्लेजुङ्ग जिल्लालाई चिनाउने यस जिल्लामा रहेका बिभिन्न हिमाल, झर्ना, तीर्थस्थलको र बजारको चित्र राखिएको छ । भने कम्प्यूटर साथी प्रकाशनले गरेको छ त्यसपछि भन्नै पर्ने कुरा लेखिएको छ । त्यसपछिको पृष्ठमा विषयसूची राखिएको छ, यस पुस्तकमा ताप्लेजुङ्ग जिल्लामा जन्मिएका र नेपालको निर्माणमा बिभिन्न क्षेत्रबाट लागी परेका व्यक्तित्व, यस जिल्लामा रहेका प्राकृतिक, साँस्कृतिक, धार्मिक, शैक्षिक, साहित्य र साहित्यकारहरूको चिनारी दिने काम भएको छ ।

12. हेमराज अधिकारी, 'ताप्लेजुङ्गको नालीबेली' (२०६४), भूमिका ।

### ५.१.३.२.२. विषयवस्तु

यस पुस्तकको विषयवस्तुलाई जम्मा चार अध्ययनमा विभाजन गरिएको छ । यसको अध्ययन एकमा ताप्लेजुङ्ग जिल्लाको संक्षिप्त परिचय मूल शीर्षक दिएर त्यस भित्रका उपशीर्षकहरू राखिएको हुन् । जसलाई निम्न अनुसार अध्ययन विश्लेषण गरिएको छ ।

### ५.१.३.२.३. ताप्लेजुङ्ग जिल्लाको ऐतिहासिक पृष्ठभूमि

प्रशासनिक दृष्टिकोणले नेपाललाई १४ अञ्चल, ७५ जिल्ला र ५ विकाशक्षेत्रमा विभाजन गरिएको यही विभाजन अनुसार पूर्वाञ्चल विकाशक्षेत्रमा पर्ने ३ वटा अञ्चल मध्ये मेची अञ्चलका ४ जिल्ला मध्ये ताप्लेजुङ्ग जिल्ला मेची अञ्चलको सुदूर पूर्वोत्तरमा पर्ने जिल्ला हो । यो जिल्ला लिम्बुवानका छ जिल्ला मध्ये एक हो । वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गर्नुपूर्व धनकुटा गौँडाअन्तरगत पर्थ्यो । नेपाल अधिराज्यमा गाभिनु अघि यस जिल्लाको इतिहास 'किराँत प्रदेश'को इतिहाससँग गाँसिएको छ । द्वापरयुगको १५,००० औं बर्षमा किराँतीहरू नेपाल आएर यस देशमा १०००० वर्षसम्म शासन गरेको कुरा यहाँ उल्लेख भएको छ ।

"किराँतीहरूका प्राचीन वंशावली अनुसार शरदचन्द्र दासले यिनीहरूलाई पूर्वकालका भोटदेखी नै हिमालयवारि आएका हुन् भनि, इतिहासकार बालचन्द्र शर्माले 'नेपालको इतिहासिक रूपरेखा' पुस्तकमा उल्लेख गरेका हुन् । अभिमानसिंह बस्न्यातको नेतृत्वमा पृथ्वीनारायण शाहले नेपाल एकिकरण गर्ने क्रममा काठमाण्डौंबाट पूर्व पठाएका र बिजयपुर हुँदै पूर्व बढेका बस्न्यातको नेतृत्व फौजले १८३१ मा त्यहाँका सुब्बासँग सम्झौता गरेर पृथ्वीनारयण शाहबाट लालमोहर दिलाई यस क्षेत्रलाई किपट क्षेत्र घोषणा गरी अमालप्रथा लागू गराएको उल्लेख गर्दै वर्तमान ताप्लेजुङ्ग जिल्लाका बिभिन्न क्षेत्रका राजाहरूले आफ्नो क्षेत्रलाई नेपालअधिराज्यमा किन गाभ्न पुगे त भन्ने प्रसङ्गमा इमानसिंह चेम्जोङको लेखाइ यहाँ उल्लेख गरेका छन् । विजयपूर मोरङका किराँत मन्त्रीहरूले गोरखा राजासँग आत्मासर्मपण गरेको कुरा मेव, फेदाम, तम्बर जिल्लाका किराँती नेताले सुनेपछि तिनीहरूले सेरिङ लिम्बूको नेतृत्वमा विजयपुर आई गोरखा राजासँग आत्मासर्मपण गरे भन्नेकुरा उल्लेख गरेका छन् । इतिहासकार इमानसिंह चेम्जोङको लेखाइलाई समेत वर्णन गरेको पाइन्छ । विविध ऐतिहासिक तथ्यहरूको विश्लेषण गर्दा ताप्लेजुङ्ग जिल्ला पहिला लिम्बूवान क्षेत्र रहेको र हालका लिम्बू र मगरका पूर्खा यही बाटो हुँदै भोटबाट नेपाल पसेको पुष्टि हुने कुरा अधिकारीले वताएका छन् ।

नामकरणको सम्बन्धमा लेखक भन्छन्: यस जिल्लाको नामकरण भोट वा लिम्बू भाषावाट भएको हो । ताप्के नाम गरेका भोटेको 'जोङ' वा किल्ला भएकोले यसको नाम ताप्लेजुङ्ग रहन गएको हो । यीनै ताप्के राजालाई किराँतीले पराजित गरी यहाँ किराँतीको वर्चस्व कायम भयो । अर्को मत अनुसार ताप्के भनेको उत्तिस र जोङ भनेको किल्ला वा अधिकार क्षेत्र हो । प्राचीनकालमा यस ठाउँ धेरै उत्तिस भएकाले यसलाई ताप्लेजुङ्ग भनिएको हो, भनेका छन् । यी दुई मत मध्ये पहिलो मत नै बढी तर्कसङ्गत देखिने कुरा लेखकले वताएका छन् ।

त्यस्तै यस जिल्लाको भौगोलिक परिचय दिँदा यो जिल्ला चिनको तिब्वत र भारतको सिक्किम सगै गाँसिएको छ । यो जिल्ला २७$^{0}$ १५' देखि २७$^{0}$ ५६' उत्तरी अक्षांस ८७$^{0}$ ३२' देखि ८८$^{0}$ १५' पुर्वी देसान्तरमा पर्दछ । समुन्द्रसतहदेखि करीव ७७७ मि.देखि ८५९८ मि.सम्ममा रहेको, उत्तरी सिमाना टिपताल घाँटीदेखी दक्षिणीसाँध कावेलीखोलासम्म ९६ कि.मी. (३०कोस) र पूर्वी सिमानाको याम्फुदिन गा.वि.स. देखि पश्चिमी सिमाना पापुङ गा.वि.स.सम्मको चौडाइ करिव ७२ कि.मी. (२२ कोस) रहेको बताएका छन् । भने यस जिल्लाको भू-वनोटलाई हिमाली, पहाडी र बेसी गरी तीन भागमा बर्गीकरण गर्न सकिने कुरा बताएका छन् । यस जिल्लामा बिभिन्न किसिमको हावापानी पाइने, उत्तरीखण्ड धेरैजसो हिउँले ढाकीरहने, तमोर नदीको बेसीतिर औधी गर्मी हुने, यहाँ समशीतोष्ण मनसुनी जलवायू, लेकाली जलवायू पाइने बताएका छन् । यस जिल्लामा विश्वको तेस्रो उच्चशिखर कञ्चनजंघा लगायत खाङवाचेन, जान्नु, जोङसाङडोम, तालुङ, तुम्बासुब्बा, नेपालपिक, दि टुइनस, टेन्टपिक आदि नाम गरेका हिमाल पाइने बताएका छन् ।

यस जिल्लामा बग्ने नदीहरूमा तमोर नेपालको छैटौ ठूलो नदी र यसमा मिसीएर बग्ने काबेली लगायत अन्य सायक नदीहरू पर्ने बताएका छन् । यस जिल्लामा पर्ने ताल र पोखरीहरूमा सिजेमाताल, नुप, नुराक, लामपोखरी, कालीपोखरी, कोशी पोखरी, सिवाताल, तातेपोखरी, सदुपोखरी, युवापोखरी, हाँडी पोखरी साथै पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीले आफ्नो 'अस्तु' चढाउनु भनि इच्छाएको पाँच पोखरी पनि यहीँ पर्ने बताएका छन् ।

त्यस्तै झर्नाहरूमा फेदी झर्ना, फुङफुडे झर्ना, लुङथुङ झर्ना, ढ्वाङढ्वाङे झर्ना, ताबो झर्ना, लेउती भगवती भर्ना पर्ने बताएका छन् । त्यस्तै यस जिल्लामा पर्ने भञ्ज्याङहरूमा काङला, चिसाङ, चावबु देउराली, टिपताला आदि पर्ने बताएका छन्, भने लोदिन, जलजले, निम्बु, तावा, इँवा, मुरिङला आदि नागीहरू पनि यही पर्ने बताएका छन् ।

त्यसै गरेर यहाँ पाइने बनस्पतीहरूमा पाखनबेत, पदमचाल, समारू, सूर्यफूल, मेको नाप्सीस जस्ता फूलहरू र धुपी, भैरूङपाते, सुनपाटे वोटविरूवाहरू हिमाली भागमा पाइने र त्यस

भन्दा तल, गुराँस, चिमाल साथै अझै तल उत्तिस, चाँप, अंगेरी र त्यो भन्दा तल खएर, सिसौ पाइने साथै बिभिन्न प्रकारका जडिबुटी जस्तै; पाखानवेत, यार्सागुम्बा, शिलाजीत, बोझो, हर्रो, वर्रो आदि पनि यस जिल्लामा पाइने बताउँछन् भने बिभिन्न प्रकारका पशुपन्छीहरू पनि यस जिल्लामा पाइने बताएका छन् ।

यसरी यस जिल्लामा पाइने महत्वपूर्ण बस्तुहरूको खोज-अनुसान्धान अधिकारीले गरेका छन् । समाजिक जनजीवनमा यस जिल्लामा बिभिन्न जातजाति, भाषाभाषि र धर्मावलम्बीहरू रहेको बताएका छन् । यस जिल्लामा रहेको रहनसहन जीवनपद्धतिमा विविधता रहेको यर्थाथमा पनि यहाँ उल्लेख छ । भेषभूषाको कुरामा बिभिन्न जाति विशेषले लगाउने भेषभूषा रहेको बताएका छन् । त्यस्तै गरेर यस जिल्लामा ४३.४७% किराँत, ३६.५२% हिन्दु, १८.६८% बौद्ध, ०.५४% क्रिश्चियन, ०.०२% कुस्लिम धर्ममान्ने मान्छे रहेको बताएका छन् ।

त्यस्तै गरेर यस जिल्लाका प्रमुख तीर्थस्थल र पर्यटकीयस्थलहरूमा पाथीभारा मन्दिर, ओलाङचुङगोलामा रहेका प्राचीन धर्मग्रन्थ र मुर्तीहरू गुम्वाहरू, इन्द्रावती (महादेवस्थान), तोप्केगोला, घुन्सा गोला, मिल्के जलजले क्षेत्र, डिकेछिङ गुम्बा, टाँसी छ्योलिङ, टाँसी गुम्बा र यस जिल्लामा रहेका अन्य ताल, पोखरी आदि यहाँका प्रमुख धार्मिक र पर्यटकीय स्थलहरूको परिचय दिने काम लेखकले गरेका छन् ।

यस जिल्लामा बोलिने प्रमुख भाषाहरू पनि वि.सं. २०५८ को जनगणना अनुसार ३९.८६% लिम्बू, ९.४३% शेर्पा, ३७.००% नेपाली, ३.९७% वान्तवा र ३.७६% अन्य भाषा बोलिन्छ भनेर उल्लेख गरेका छन् । यहाँका जातजाति, भाषाभाषि, धर्मावलम्बीहरूको आपसी सम्बध पनि राम्रो रहेको बताएका छन् ।

यतायातको जानकारी दिँदै यहाँ भौगोलिक विकटताका कारणले यातायात राम्रो नभएको बर्खाको समयमा बाहेक हिउँदको समयमा मात्र मोटर कुद्ने त्यही पनि धुलै र फुस्रै भएरमात्र भन्दै यस जिल्ला भित्र ३७ कि.मी. मात्र सडक सुविधा देखाएको छ । यो तत्कालिन समयको यर्थाथता नै थियो । त्यसै गरेर यहाँको प्रमुखबालीहरूमा धान, मकै, कोदो, जौ, गहुँ, आलु नै प्रमुख बाली भएको बताएका छन् ।

यस जिल्लाको स्थानीय निकायको विभाजनको जानकारी दिने कामपनि गरिएको छ । जस अनुसार यस जिल्लालाई २ निर्वाचन क्षेत्र ११ वटा इलाका र ५० वटा गा.वि.स.मा बाँडिएको कुरा उल्लेख छ ।

त्यसै गरेर यस पुस्तक मार्फत यस जिल्लाको शैक्षिक परिचय दिने काम पनि गरिएको छ । जस अनुसार वि.सं. २०५८ को जनगणना अनुसार जम्मा जनसंख्या १३४६९८ रहेको बताएको छ । साक्षरता ५२.६% रहेको त्यसमा, महिला साक्षरता ४२.८% र पुरूष साक्षरता ६२.९% मात्र रहेको देखिन्छ । यस जिल्लामा रहेका शिक्षण संस्थाहरूमा १ क्याम्पस, ५ उच्च मा.वि., ५ निजी बोर्डिङ, ३२ मा.वि., ७१ नि.मा.वि. र २८२ प्रा.वि. देखाइएको छ । यो तथ्याङ्क यो पुस्तक प्रकाशन हुनुभन्दा अगाडिको सापेक्षतामा मात्र ठीक रहेको छ ।

ताप्लेजुङ्गमा शैक्षिक जागरणको प्रारम्भ भने वि.सं. १९८५ सालसम्म पुग्नु परेको देखाएको छ । जसका थालनीकर्ता भोजपुर दिङ्लाबाट ताप्लेजुङ्ग आएर बसोबास गरेका गँगाप्रसाद लम्साल रहेको बताइएको छ । औपचारिक रूपमा शैक्षिक संस्थाको शुरूवात गर्ने संस्था भने वाल सुबोधिनी संस्कृत पाठलाशा रहेको बताइएको छ । जसको स्थापना वि.सं.२००६ सालमा भएको देखाइएको छ । दोस्रो शैक्षिकसंस्था हालको भानु जन उ.मा.वि. रहेको बताइएको छ ।
त्यस्तै गरेर यस जिल्लामा राजनैतिक चेतनाको शुरूवात भने वि.सं. २००७ सालको क्रान्तिले ल्याएको हलचल नै प्रमुख मानिन्छ । वि.सं. २००४ मा नेपाली कांग्रेस र वि.सं. २००६ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएपछि यस जिल्लाको तोक्मेडाँडा नै राजनीतिको प्रमुख थलो रहेको र काँग्रेसको तर्फवाट कुलमान इजम, श्रीप्रसाद पराजुली, सुर्यमान गुरूङ, भगीमान गुरूङ अगुवा देखिन्छन् भने नेपाल कम्युनिष्ट पार्टीको तर्फवाट वि.सं. २०१४ सालमा वल्लभमणि दाहालले दिएको भाषण नै उठान विन्दु मानिन्छ भन्दै राजनैतिक चेतनाको विकास भएको बताइएको छ ।

## ५.१.३.२.४. ताप्लेजुङ्ग जिल्लाको लोक साहित्य, पत्रपत्रिका र साहित्यिक संघ, संस्थाको गतिविधि

मानवीय जीवनका दुःखसुख, विरह, बेदना, करूणा, माया, प्रीति र बिभिन्न अनुभूति र संवेगलाई सरल सहज र स्वभाविकरूपमा अभिव्यक्त गरी मनलाई शान्त्वना दिने माध्यम लोक साहित्य नै हो । साहित्यको अध्ययनबाट नै मानवीय सभ्यता र प्रकृतिलाई बुझ्न सजिलो हुन्छ । साहित्य, देश, काल, परिस्थिति अनुसार फरक-फरक रूपमा फरक-फरक विधामा देखा पर्दछ । त्यस्तै लोक साहित्य पनि एक सर्वप्राचीन विधा हो । यसको इतिहासमा मानव सभ्यताजतिकै पुरानो छ किनकि यसको विशेषता मौखिक र श्रुति परम्परामा आधारित रहन्छ । त्यसैले कवि हेमराज अधिकारीले यस कृतिमार्फत ताप्लेजुङ्ग जिल्लाको लोकसाहित्यको बारेमा प्रष्ट पार्ने काम गरेका छन् । यो जिल्ला विशेषतः लिम्बुवान क्षेत्र भएकोले यहाँ लिम्बूहरूको लोकसाहित्य अगाडि

प्रस्तुत गरिएको छ । लिम्बूहरू 'काशी' गोत्र 'लाशा' गोत्र गरी दुई गोत्रका हुन्छन् भन्दै लिम्बूजातिमा रहेको धाननाचलाई यस जिल्लाको लोकप्रिय नाचको रूपमा रहेको र यो लिम्बूजातिको सभ्यतासँगै जोडिएर आएको देखाएको छ । साथै च्याब्रुङ नाचलाई पनि लिम्बूजातिको सभ्यतासँग जोडिएको धाननाच जतिकै पुरानो परम्परा रहेको बताइएको छ । त्यस्तै यस जिल्लामा रहेको अर्को जाति राई र त्यस जातिमा रहेको साकेवा नाच (उँभौली, उँधौली), शेर्पा जातिमा रहेका धार्मिक चाडपर्व र पूजाआजा, जीवन आरोह-अवरोहलाई समेट्ने गीतहरू रहेको यसै गरी ब्राह्मण, क्षेत्री, नेवार लगायत अन्य जातिमा रहेको विवाह, व्रतबन्ध, बर्त, पूजाआजामा आ-आफ्नै परम्परा अनुसारको गीत गाइन्छ । यस जिल्लामा बिभिन्न जातजातिको बसोबास भएकोले बिभिन्न प्रकारका लोकगीत, लोककथा, लोकगाथा आदि रहेका छन् । यी लोकसहित्यका झुल्काहरू अन्य जिल्ला क्षेत्रका नेपाली भाषीभन्दा खासै फरक नरहेको कुरा लेखकले बताएका छन् ।

त्यसै गरेर ताप्लेजुङ्ग जिल्लाका बिभिन्न साहित्यिक संघ-संस्थाको जानकारी पनि यस कृतिमा दिइएको छ । ताप्लेजुङ्ग जिल्लामा साहित्यिक सिर्जनाको थालनी वि.स. १९१२ बाट भए पनि साहित्यिक संघ-संस्थाको जन्म भने वि.सं. २०४४ सालमा मात्र भएको उल्लेख गरेका छन् । यस जिल्लामा स्थापना भएको पहिलो साहित्यिक संस्था 'मोती झुप्रो प्रकाशन' वि.सं. २०४४ हो । अम्बिका साँवा, केशव साँवा र राजेन्द्र थापाको अगुवाइमा थालनी भएको बताएका छन् । त्यस्तै अन्य साहित्यिक संघ-संस्थाहरूमा राष्ट्रिय जनसाँस्कृतिक मञ्च २०४८, स्रष्टासङ्गम परिवार २०४८, साहित्यिक परिवार, ताप्लेजुङ्ग २०५४ जस्केलो प्रकाशन २०५५, ताप्लेजुङ्ग पुस्तकालय आदि रहेका र ताप्लेजुङ्ग पुस्तकालयको स्थापना २०१४ सालमा भएको र लगभग १५ बर्ष जति निकैगति लिएको र क्रमशः शिथिलता देखाएकोले हाल जीर्ण अवस्थामा रहेको उल्लेख गरेका छन् । यी बाहेक क्याम्पस, उ.मा.वि., मा.वि.हरूमा स-साना पुस्तकालयको स्थापना हुँदै आएको पनि बताएको छ ।

त्यसै गरेर यो जिल्लामा भएका पत्रपत्रिका सम्बन्धी गतिविधिको जानकारी पनि लेखकले दिएका छन् । सामाजिक परिवर्तनका लागि पत्रपत्रिकाको अहम भूमिका हुने भएकोले यस जिल्लामा २०१६ सालदेखि जगमोहन शाक्यको सम्पादनमा प्रकाशित भएको सगरमाथा हस्तलिखित पत्रिका नै यस जिल्लाको प्रथम प्रकाशित पत्रिका हो भन्दै त्यसपछि २०११ सालमा भानु जनमाध्यमिक विद्यालयले 'भानु' नामक मुखपत्र प्रकाशित गरी ताप्लेजुङ्ग जिल्लाको साहित्यिक पत्रपत्रिकाको यात्रालाई संस्थागत रूप दियो भन्दै केही साहित्यिक पत्रपत्रिकाको नाम, सम्पादक,

प्रकाशन, प्रकाशन वर्षको सूचीवद्ध रूपमा जानकारी दिएका छन् । हालसम्म यस जिल्लामा रहेका २४ वटा पत्रपत्रिकाको छोटो चिनारी यहाँ दिएको पाइन्छ । कडा, श्रम र मेहनतका साथ लागेर यस्ता पत्रपत्रिकाको जानकारी दिन लेखकको साहित्यप्रतीको झुकाव रहेको छ । यस कुराले पनि अधिकारी शोध खोजकर्ता तथा खोज अनुशान्धानमूलक व्यक्तित्व हुन् भन्ने पुष्टि हुन्छ ।

त्यस्तै गरेर यस जिल्लावाट प्रकाशित हुने समचारमूलक पत्रिकाहरूमा यो पुस्तकप्रकाशन हुनु पूर्व जम्मा ४ वटा मात्र रहेकोले तिनीहरूको छोटो चिनारी पनि दिएका छन् । जस्तै; कञ्चनजंघा पाक्षिक सम्पादकः नवराज श्रेष्ठ, सूर्य पाक्षिक सम्पादकः लिलाचक्र गुरूङ, ताप्लेजुङ्ग साप्ताहिकः किशोर राई, कन्चनजङ्घा साप्ताहिक डिल्लीरमण बराल ।

बिभिन्न ठाउँबाट विविध विषयमा खोज गरेर प्रकाशित गरेको यो कृतिका आधारमा हेमराज अधिकारीलाई प्रशस्तै शोधखोज गर्ने आकांक्षा प्रवल रहेको व्यक्तिका रूपमा देखिन्छ र उनको यसकार्यले नव-नव प्रतिभालाई थप प्रेरणा र प्रभाव पार्नसक्ने देखिन्छ ।

## ५.१.३.२.५. ताप्लेजुङ्ग जिल्लाको साहित्य र साहित्यकारहरु

ताप्लेजुङ्ग जिल्लाको साहित्यिक इतिहास कस्तो रहेको छ ? ताप्लेजुङ्ग जिल्लामा साहित्य सिर्जनाको पृष्ठभूमि र परम्परा कस्तो रहेको छ ? नेपाली साहित्यमा ताप्लेजुङ्ग जिल्लाले कस्तो योगदान गरेको छ ? यहाँ कस्ता प्रतिभाहरू रहेका छन्, भन्ने कुरा तमाम ताप्लेजुङ्गबासीलाई चासोको विषय बन्ने गर्दछ, जो साहित्यप्रेमी छन् । यिनै खुलदुलीलाई मेटाउने प्रयास गरेका छन्, यस कृतिमार्फत हेमराज अधिकारीले । ताप्लेजुङ्ग जिल्लाको साहित्यिक इतिहास पृष्ठभूमि र परम्पराको खोज गर्दै जादा अधिकारी वि.स. १९१२ सम्म पुगेको देखिन्छ । उनका अनुसार बाग्दल डाँगीबाट यस जिल्लामा साहित्यिक सिर्जना गर्न थालिएको देखिन्छ । ती कवि नेपाली साहित्यको प्राथमिक कालमा देखापरेपनि कविले भोटको लडाईको सवाइ १९१२ मा रचना गरेको र लखनौ लुटको सवाई पनि लेखेको देखाइएको छ । छद्मनामी लेखकबाट भोटको लडाइँको सवाइलाई प्रकाशन गरेको कुरा पनि देखाइएको छ । तर ‘धन्य तिमी रहेछौ बाग्दल डाँगी तिम्रो नाम हनुमान ढोकामा टाँगी’ भन्ने पंक्ति त्यो कृति भित्र रहेकोले यसका लेखक डाँगी नै हुन् भन्ने तथ्य निकालेका छन् । यस कृतिले ताप्लेजुङ्गको सिर्जनपरम्पराको थालनी गरेपनि लामो समय यस जिल्लाको सिर्जनपरम्पराले बिश्राम लिएको बताउँदै माध्यमिककालभरि नै कुनै सर्जकहरू देखानपरेका बताएका छन् ।

नेपाली साहित्यको आधुनिककाल सुरूभएपछि जगन्नाथ गुरागाँइको गुणरत्नमाला (१९९७) र नम्रनिवेदन (१९९७) प्रकशित भएपछि तिनै कृतिको प्रेरणा र प्रभावबाट प्रेरित भइ आध्यात्मिक र नैतिक सन्देशका अनुगामी बनेर ब्रह्मदास खतिवडा (१९७०), बैजनाथ भट्टाराई (१९७१), शिवराज बराल (१९८०), नारयणप्रसाद अधिकारी (१९८४), भिष्मराज प्रसाँइ (१९८९), देखिएको कुरा बताएका छन् । गद्य कविताको फाँटमा सिङ्गै नेतृत्व जगमोहन शाक्यले गरेको बताउँदै कथाको क्षेत्रमा पनि तिनै शाक्य र पुण्य खरेलले नेतृत्व लिएको बताउँछन् । उपन्यास विधामा हरिराज भट्टराईका साथै भूपाल राई, दीर्घराज प्रसाँई, तुलसी भट्टराई, केन्द्रविक्रम थुलुङ्को योगदानलाई उल्लेख्य देखाएको पाइन्छ । नाटकको क्षेत्रमा भीम खरेल र योगेश्वर भट्टराईको योगदान रहेको पाइन्छ । समालोचनाको क्षेत्रमा गणेशबहादुर प्रसाँई, खेमनाथ कोइराला, रविमान लम्जेल, तुलसी भट्टराई आदिको उल्लेख्य भूमिका देखाएका छन् । त्यसै गरी निबन्ध विधामा राधाकृष्ण मैनाली, नरेन्द्रराज प्रसाई, तुलसी भट्टराईको योगदान रहेको बताएका छन् । अहिले आएर जगमोहन शाक्य (हालमृत)ले यस जिल्ला भित्रका स्रष्टाहरूको अगुवाइ गरेको बताएका छन् । यस जिल्लामा हाल आएर नयाँ-नयाँ उत्साह र आशा बोकेका थुप्रै प्रतिभाहरू देखिँदै आएको बताएका छन् । साहित्यको विविध विधामा कलम चलाएर ताप्लेजुङ्गको साहित्यिक भविष्य उज्ज्वल बनाउन लागिपरेका प्रतिभाहरलाई थप प्रेरणा मिलेको छ । यस जिल्लामा उल्लेख्य साहित्यकारहरूको चिनारी दिने क्रममा थुप्रै नाम यहाँ प्रस्तुत गरेका छन् । केही नामहरू हेरौँ: वाग्दल डाँगी, जगन्नाथ गुरागाईं, शिवराज बराल, नारायणप्रसाद अधिकारी, जगमोहन शाक्य, रणबहादुर थापा, लिला श्रेष्ठ, राधाकृष्ण मैनाली, सि.पि. मैनाली, रविमान लम्जेल, डिल्लीराम अधिकारी, भरत प्रसाई, खेमराज निरौला, अमरजङ् लिम्बू, हेमराज अधिकारी, मनोज गजुरेल, ज्ञानेन्द्र कार्की, लक्ष्मी उप्रेती प्रमुख बताएका छन् भने कुलराज निरौला, फणिन्द्र निरौला, डिल्लीरमण बराल, गजेन्द्र तुम्याङ् पनि साहित्य सिर्जनामा अग्रसर रहेको बताएका छन् ।

### ५.१.३.२.६. ताप्लेजुङ्ग जिल्लाका व्यक्ति, व्यक्तित्वहरु

हेमराज अधिकारीले यस अध्यायमा ताप्लेजुङ्गको माटोमा पहिलो पाइला टेकेर यो देश र जनताका लागि अहोरात्र खटिरहने विविध क्षेत्रमा संलग्न रहेकाहरूलाई यस पुस्तकमा एकीकृत गर्ने काम गरेका छन् । इन्जिनियर, डाक्टर, निजामती, सेना, प्रहरी, कूटनीतिज्ञ, प्राध्यापक, समाजसेवी, पत्रकार, राजनीतिज्ञ, कलाकार, साहित्यकार, प्रमुख व्यक्ति, व्यक्तित्वको जानकारी यस कृतिमा दिएका छन् । हेरौँ केही प्रमुख व्यक्तित्वहरू :

- अनन्तबहादुर थेवेः ताप्लेजुङ्गको सिनाम गा.वि.स.को वडा नं. ८ मा बुबा होमप्रसाद र आमा मायादेवीको कोखबाट वि.सं. २०१० साल जेठ ११ गते जन्मनु भएका थेवेले स्नातकोत्तर तहसम्मको अध्ययन पूरागरी सकेका छन् । उनी वि.सं. २०३० सालदेखि सहायक सेनानी पदबाट सैनिक सेवामा प्रवेश गरेका र बिभिन्न देशबाट कमाण्ड एण्ड जनरल स्टाप सैनिक तालिम लिएका छन् भन्दै बिभिन्न सैनिक विद्यालयमा शिक्षक र संस्थाका प्रमुख हुँदै सेनाप्रमुख, गुल्मपति, गाणपति, बाहिनीपति, सैनिक प्रवक्ता समेत भइ सैनिक संगठनको कुशल नेतृत्व गरेको बताएका छन् । शैनिक सेवा रही देश र जनताका लागि पुऱ्याएको योगदानको कदर गर्दै सरकारले विख्यात त्रिशक्तिपट्ट, परदेश सेवापदक, यू.एन. पदकबाट विभूषित भएको कुरा बताएका छन् ।
- अग्नी खरेलः वि.सं. २०१७ सालमा ताप्लेजुङ्ग थेचम्बूमा जन्मेका खरेल सुब्बा पदबाट जागिरे जीवन सुरू गरी कानुन व्यवसायीहरूको राष्ट्रिय संगठन नेपाल बार एशोसियशनका महासचिवसमेत बनेका र अन्तरिम संविधान मस्यौदा समितिका सदस्यसमेत भएको बताएका छन् ।
- अनिल भट्टराईः वि.सं. २०२८ सालमा जन्मेका भट्टराईले बिभिन्न हिमशिखरहरूको आरोहण गर्दै सन् २००५ मा सगरमाथा आरोहण गरी ब्राह्मण समुदायका प्रथम सगरमाथा आरोहीको रूपमा रहेको बताएका छन् ।
- अम्बिका साँबाः वि.सं. १९९२ मा खोक्लिङ्गमा जन्मिएका साँबा सुपरिचित राजनीतिज्ञ रहेका र वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात् नेकपा (एमाले)का तर्फबाट संसदीय निर्वाचनमा विजयी भई वि.सं. २०५५ सालमा जनसंख्या तथा वातावरण मन्त्री समेत भएको बताएका छन् ।
- गौरीमान कडरियाः वि.सं. २००१ सालमा बुबा नन्दराम र आमा जानुकादेवीको कोखबाट मेलै गा.वि.स.को वडा नं. ९ मा जन्मिएका कडरियाले गणेश उ.मा.वि., खेवाङबाट प्रारम्भिक शिक्षा लिदैं भानु जन उ.मा.वि., तेह्रथुमको त्रिमोहन उ.मा. विद्यालयबाट एस.एल.सी. प्रथम श्रेणीमा पास गरी वि.सं. २०२० सालमा त्रिचन्द्र कलेजबाट आई.एससी. पास गरेर वि.सं. २०२५ सालमा भारतको दिल्ली स्थित एल.आइ.टि.बाट इन्जिनियरिङ्गमा स्नातक उत्तीर्ण गरी वि.सं. २०२६ सालबाट नेपाल विद्युत प्राधिकरणमा काम गर्न सुरू गरेका र सोही संस्थाको १६ औं तहसम्म पुगी अनिवार्य अवकाश पाएका साथै उनको कार्यकुशलताको प्रशंसा गर्दै सरकारबाट सुप्रवल गोरखा दक्षिणबाहु, विख्यात

त्रिशक्तिपट्ट जस्ता पदक पाएको कुरा बताउँदै कडरिया जस्ता व्यक्ति ताप्लेजुङ्गको गौरव भएका कुरा बताएका छन् ।

- पूर्णमान कडरियाः ताप्लेजुङ्ग जिल्लाको मेहेले गा.वि.स. वडा नं. ९ मा बुबा नन्दराम र आमा जानुकादेवी कडरियाको कोखबाट सन् १९५३ सेक्टेम्बर ११ तारिखका दिन जन्मेका हुन् । सन् १९७९ मा जवलपुर विश्वविद्यालयबाट इन्जिनियरिङ् (आर्किटेक्चर)मा स्नातक गरी नेदरल्याण्डबाट पोष्ट ग्रेजुयटसम्मको औपचारिक अध्ययन गरी सहरी विकास तथा भवन निर्माण सम्बन्धी बिभिन्न देशबाट तालिम लिएका र बिभिन्न जिल्लाहरूका जि.वि.स.हरूमा इन्जिनियर हुँदै बिभिन्न मन्त्रालयमा कुशलतापूर्वक जिम्मेवारी पूरा गर्दै भौतिक योजना तथा निर्माण मन्त्रालयमा सहरीविकाश तथा भवन निर्माण विभागका महानिर्देशक रहेको (हाल सचिव) बताएका छन् साथै गोरखा दक्षिण बाहुले पनि सम्मानित भएको बताएका छन् ।
- राधाकृष्ण मैनालीः आठराई चोकपुरमा वि.सं. २००३ सालमा जन्मिएका मैनालीले पटक-पटक जेल जीवन बिताएको र वि.सं. २०२८ को झापा आन्दोलनका संगठक वि.सं. २०३५ सालमा स्थापित नेपाल कम्युनिष्ट पार्टी (माले)का संस्थापक रहेको र वि.सं. २०५१ सालमा कृषि तथा भूमि सुधार मन्त्री, वि.सं. २०५३ सालमा स्वास्थ्य मन्त्री, वि.सं. २०५५ सालमा सूचना तथा सञ्चार मन्त्री भई उनी साहित्यकार पनि भएकाले उनका बन्दी रहर (संस्मरण संग्रह २०५५), लुटिएका दुई थुँगा फूल (संस्मरण संग्रह २०१४) प्रकाशित कृति रहेको कुरा यहाँ उल्लेख छ साथै उनी यथार्थवादी प्रगतिवादी निबन्धकार पनि रहेका कुरा उल्लेख छ ।
- डा. सान्दुक रूइतः ताप्लेजुङ्ग जिल्लाको ओलाङचुगोलामा सन् १९५४ सेप्टेम्बर ४ तारिखका दिन जन्मेका रूइत नेपालकै सबैभन्दा ठूलो र सुविधासम्पन्न आँखा अस्पताल तिलगङ्गा आँखा केन्द्रका डाइरेक्टर रहेका, भारतबाट एम.वि.वि.एस., एम.डी. सम्मको अध्ययन गरेका अत्यन्तै सरल र उदार स्वभाव रहेका कुरा यस कृतिमा पाइन्छ । साथै उनी नेपाल नेत्रज्योति संघका उपाध्यक्ष समेत रहेका र एसियाको नोवेल पुरस्कार मानिने 'म्यागासेसे' पुरस्कारबाट पनि सम्मानित भएका छन् भने रोनाष्टबाट राष्ट्रिय प्रतिभा पुरस्कार पाउनुका साथै गोरखा दक्षिणबाहु, त्रिशक्तिपट्ट तथा दर्जनौं राष्ट्रिय तथा अन्तराष्ट्रिय पुरस्कारबाट सम्मानित भएका रूइत ताप्लेजुङ्गका मात्र होइन राष्ट्रकै गौरव हुन् भन्ने कुरा यस कृतिमा पाइन्छ ।

✍ सूर्यप्रसाद श्रेष्ठः सन् १९३६ सालमा बाबु लक्ष्मीप्रसाद र आमा गणेशकुमारी श्रेष्ठका कोखबाट चाँगे गा.वि.स. वडा नं. २ दोभानमा जन्मिई हाल उच्च प्रशासक र कुटनीतिज्ञ समेत रहेका श्रेष्ठ सन् १९५८ बाट शाखा अधिकृतका रूपमा सरकारी सेवामा प्रवेश गरेको कुरा यहाँ उल्लेख छ । उनी अत्यन्तै लगनशील, सौम्य र शीष्ट स्वभावका रहेका र उनले त्रि.वि.बाट राजनीतिशास्त्रमा स्नातकोत्तर र बेलायतको लण्डनबाट एल.एस.इ.बाट उच्च शिक्षा हासिल गरेका श्रेष्ठ बिभिन्न मन्त्रालयका सह-सचिव, सचिव हुँदै निर्वाचन आयुक्त, नेपालकै प्रमुख निर्वाचन आयुक्त, अञ्चलाधिश, बेलायतका लागि राजदूत भएको कुरा उल्लेख छ ।

यी व्यक्तिहरू बाहेक अन्य थुप्रै ताप्लेजुङ्गे व्यक्तित्वको जानकारी यस कृतिमा पाइन्छ । जस्तैः अग्नी खरेल, अनिल भट्टराई, अमरजंग लिम्बू, अर्जुन लिम्बू, असिम थेवे, इन्द्रकुमार श्रेष्ठ, कुलबहादुर थेवे, एल.पि. साँबा, ओमप्रकाश ओझा, कुलमान इजम, केशवप्रसाद खतिवडा, क्याप्टेन खगेन्द्रसिंह आङ्बोहाङ, खेमराज निरौला, गंगा दहाल, डा. केदारनाथ दहाल, डा. खेमनाथ कोइराला, चन्द्रजीत वनेम, डा. गोबिन्दराज भट्टराई, चैतन्य सुब्बा, टाँसी तेन्जिङ, जोन्देन उक्याव, तिर्थ कोइराला, दीर्घराज प्रसाई, तिलकुमार मेन्याङ्बो, दिपेन्द्र सेन्दाङ, नवीन सुब्बा, नेत्रप्रसाद रिजाल, डा. प्रदिप भट्टराई, डा. बुद्धिमान खालिङ, मदन भण्डारी, मनोज गजुरेल, याङ्किला शेर्पा, डा. युवराज खतिवडा, नामग्य शेर्पा, विजयप्रकाश थेवे, शिव गाउँले, डा. सुरेन्द्र के.सी., डा. हरिराज भट्टराई, श्रीप्रसाद भट्टराई, टंक कार्की जस्ता प्रवुद्ध व्यक्तिहरूको जानकारी दिँदै तिनीहरूले पुऱ्याएको योगदानको बारेमा जानकारी यस कृतिमा पाइन्छ ।

परिशिष्ट भन्ने छुट्टै शीर्षक राखेर वि.स. २००७ र २०१७ को आन्दोलनमा सक्रिय रुपमा सहभागी भएका ताप्लेजुङ्गका योद्धाहरुको नामावली पनि लिएका छन् भने ताप्लेजुङ्ग आक्रमणमा सक्रियरूपमा भाग लिने सहभागी योद्धाको पनि नामावली दिएको छ । २००७ साल पछाडिका जिल्ला पञ्चायत पदाधिकारीको नामावली र वि.सं. २०४६ साल पछाडिका जि.वि.स.का पदाधिकारीहरुको नामावली र वि.सं. २०४६ पछिका गा.वि.स. अध्यक्षहरूको नामावली, जिल्लाभित्रका प्रमुख शिक्षण संस्था र प्राचार्यहरूको नामावली समेत यस कृतिमा दिएको छ ।

यसरी ताप्लेजुङ्ग जिल्लाको ऐतिहासिक पृष्ठभूमिदेखि लिएर भू-बनोट, भौगोलिक परिचय, सामाजिक जनजीवन, प्रमुख तीर्थस्थल र पर्यटकीय स्थल, शैक्षिक परिचय, यस जिल्लाको लोकसाहित्य, पत्रपत्रिका, ताप्लेजुङ्ग जिल्लाको साहित्य र साहित्यकार, जिल्लाका व्यक्ति व्यक्तित्वको जानकारी लिनको लागि अहोरात्र खटेर तथ्याङ्क तयार पारेको यो कृति हेमराज अधिकारीलाई

खोजअनुसन्धानकर्ता व्यक्तित्वको रूपमा उभ्याउन सफल रहेको देखिन्छ भने अधिकारीमा रहेको खोजअनुसन्धानको खुवीलाई देखाउन पनि यो कृति सफल मानिन्छ ।

## ५.१.४. कविका रुपमा हेमराज अधिकारी

### ५.१.४.१. आमुख

भारतको हरिद्वार हुँदै धरानको वातावरणबाट निकै प्रभावित भएका हेमराज अधिकारीले 'कवि लेखकहरूप्रति' शीर्षकको कविता वि.सं. २०५० सालमा प्र.ले.स. सुनसरीबाट प्रकाशित गरी औपचारिक रूपमा कवितायात्रा आरम्भ गरेका हुन् । यसरी फुटकर कविता प्रकाशन गरेर कवि बनेका अधिकारीले मधुपर्क, मिर्मिरे, समष्टि, साहित्यसागर, साहित्य संन्ध्या आदि पत्रिकामा थुप्रै फुटकर कविताहरू प्रकाशन गरेको पाइन्छ ।[१३]

त्यसै गरेर रत्नपुस्तक भण्डार काठमाडौंबाट प्रकाशित नौलो नेपाली माला (२०६०)मा पनि उनका थुप्रै फुटकर कविताहरू प्रकाशित भएको पाइन्छ । साथै सिडीमा संकलित रहेका छन् । त्यसै गरेर जम्को प्रकाशनबाट प्रकाशित जम्को नेपाली माला २०६६ नर्सरीदेखि कक्षा पाँचसम्मको पाठ्यापुस्तकमा पनि उनका फुटकर कविताहरू प्रकाशित भएका छन् । यसरी अधिकारीले बिभिन्न फुटकर कविताहरू प्रकाशित गर्दै जाँदा वि.सं. २०६७ सालमा 'विचलित वर्तमान' शीर्षकको कवितासंग्रह प्रकाशन गर्न पुगेका देखिन्छन् । यस कवितासंग्रहमा २५ (पच्चिस) वटा कविताहरू रहेका छन् । जहाँ वर्णमात्रिक र गीति छन्दको प्रयोग गरिएको छ । कविता विधाका मुख्य दुई भेद मध्ये पद्यलाई बढी मनपराएर सबै कविता पद्यमा लेखेका छन् । अधिकारीका सबै कविताहरूमा नेपाली कविताको परम्परागत मान्यतालाई नतोडी रचना गरेका छन् । उनका प्रायः सबै कवितामा परिष्कारवादी र प्रगतिशीलताको छाप पाइन्छ । कविले आफ्ना कविताहरूमा देशको विद्यमान परिस्थितिमा देखापरेका समस्याको चित्रण गरेका छन् । साथै विद्यमान परिस्थितिलाई सुधार गर्न अग्रसर हुनुपर्ने सन्देश दिएका छन् । साथै कविका कुनै कविताले राष्ट्रिय भक्तिभाव प्रकट गरेको छ भने कुनै कुनै कविताले मानवीय चिन्तनमा आएको दरिद्रताको प्रकट गरेका छन् भने कुनै कविताले देशको गौरवमय इतिहास र हाम्रो चिन्तनको प्रस्तुत गरेका छन् साथै केही कवितामा देशको सुरक्षाका लागि जीवन समर्पणको भाव व्यक्त भएको पाइन्छ ।

"कवि हेमराजको 'विचलित वर्तमान' कविता वर्तमानकै अनुभूति चित्र हो । एउटा स्रष्टाले देखेभोगेकै कुराले यी कवितालाई कथ्य प्रदान गरेको छ । यसमा बढी कविको देश छ,

13. शोधनायकबाट प्राप्त जानकारी ।

उनको परिवार र अव्यवस्था, देशप्रेम, जातिप्रेम र आफ्नै मनलाई छोइरहने कुरा वर्तमानले भोगेको चोट अति गहिरो छ, विसङ्गति ज्यादा मानिसले भोगेको कष्ट खपिनसक्ना छन् । यिनै परिस्थितिले कविता जन्मेको छ ।"[१४] यसरी कवि अधिकारीले समय सापेक्षताको उनुभूतिलाई सचेत रूपमा कविता मार्फत व्यक्त गरेका कारण 'विचलित वर्तमान' कवितासङ्ग्रहले पाठक एवम् समालोचकहरूबाट निकै प्रशंसा पाएको छ ।

## ५.१.४.२. 'विचलित वर्तमान'मा सङ्ग्रहित कविताको परिचयात्मक अध्ययन र विश्लेषण

२५ वटा कविताको संगालोको रूपमा आएको 'विचलित वर्तमान' कवितासङ्ग्रह भित्रका कविताहरूको क्रमश: अध्ययन तथा विश्लेषण गर्दै यहाँ प्रकाश पारिएको छ ।

### कवि, कविता र देश

शार्दूलविक्रीडित छन्दमा रचित यो 'कवि, कविता र देश' शीर्षकको कविता तत्कालीन अवस्थामा मान्छेको सुखदु:खमा कलमको कलालाई सुन्दर कल्पनामा घोलेर प्रकृतिको मीठो गला खुलाउँदै, यौटै तरङ्गमा प्रकृतिको सिङ्गो कला बोलादै काव्यरसले संसार छुने शान्तिको उमङ्गको सन्देश फिजाउने साथै युद्वलाई हटाएर शान्ति अमनचयन गराउन सबैको मनमा बुद्धको ज्ञान भराउने, देशरोगी भएको र यसलाई स्वस्थ पार्न जडिबुटी पियाउने प्रशङ्गमा कवि लेख्दछन् :

यौटा युद्व लडेर बुद्ध मनका खोसेर ल्याऊँ कि म
रोगी देश भयो कठै ! जडिबुटी घोटी पियाँऊ कि म
आफैं टप्प टिपेर चन्द्र नभका ल्याइ लुकाऊँ कि म
माझी झैं अझ स्वच्छ तालहरूमा ढुङ्गा खियाँऊ कि म ।

पृष्ठ १९

कविका लागि कला भनेको खुशीमनको उच्छ्‌वास र गीत हो त्यसैले आफैमा नअटाउने हृदयको सङ्गीत र प्रीत चाहिँ आफ्नो सम्मानित मुल्य हो र आफ्नो जीवनलाई नबुझ्नु भनेको महाभूल हो । त्यसैले हामीले आफ्नो कला र जीवनको मुल्य बुझ्नु पर्दछ । हामीले दु:ख र कष्ट यो

---

14. गोविन्दराज भट्टराई, विचलित वर्तमान (२०६७)को भूमिकाबाट ।

भनेर चिन्तित हुनुपर्ने जरूरत छैन । यो कवि र कविता आफू निराकारमा रहेर हाँसिरहन्छ, प्रकाश छर्न नसकीकन बरू चन्द्रमा आकाशबाट हराउँला फूलहरू सुगन्ध छर्न नसकी झर्लान तर यो कविको कविता लेख्ने मसि भने सिद्धिन्न भन्दै कवि लेख्छन् :

मान्छे आँसु नझार झर्छ कविता पग्लेर संसारमा
सारा सृष्टि रूवाइ हास्छ कविता आफू निराकारमा
होलान् लुप्त प्रकाश छर्न नसकी आकाशबाटै शशी
झर्लान् फूल सुवास छर्न नसकी सिद्धिन्न मेरो मसी

पूर्ववत् पृष्ठ २०

यस कवितामा कवि, कविता र देशको महिमा गाउँदै यिनीहरूको सम्मानित मूल्य कस्तो रहेको हुन्छ ? भन्ने पुष्टि भएको छ । शार्दूलविक्रीडित छन्दमा रचित पाँच पद्य रहेको यस कविताको केन्द्रीय कथ्य भने राष्ट्रिय भक्तिभाव रहेको देखिन्छ ।

## नेपाल हाम्रो घर

'नेपाल हाम्रो घर' शीर्षक कवितामा कवि हेमराज अधिकारीको राष्ट्र र राष्ट्रियताप्रतीको भाव व्यक्त भएको छ । विश्वका अग्ला हिमशृङ्खलाहरू हाम्रै देशमा छन् तर हामी नेपालीहरू होचिएर बस्नु परेको छ । हाम्रो हृदय सग्लो छ, तर हामी मैला भएका छौँ, माटो र रगत एउटै छ, तर हामी अलगअलग भएका छौँ, नेपाल राष्ट्र सिङ्गो एउटा छ, तर एउटै देशमा बस्ने हामी नेपालीहरूको मन भने टुक्राटुक्रा भएको छ भन्ने प्रसङ्ग देखाउँदै हामी नेपालीहरूमा आएको बिचारले गर्दा अलगअलग धारमा विभक्त भएको कुरालाई पुष्टि पार्न कवि लेख्छन् :

अग्ला छन् हिमशृङ्खला जब यहीँ छौँ पुड्का किन ?
सग्ला छन् जब ढुकढुकी हृदयका छौँ आज मैला किन ?
माटो एक छ देहको रगत यो छौँ आज फुट्टा किन ?
सिङ्गो राष्ट्र अखण्डभित्र मनमा छौँ आज टुक्रा किन ?

पृष्ठ २१

जसरी पानीका मुहानहरूले पनि यो धर्ती छेडेर फुट्न सकेका छन् त्यसरी नै मानव पनि मिलेर आँट गऱ्यौ भने, पृथ्वीनै उचाल्न सक्छौं र सगर्व साथ अगाडि बढेमा जसरी फूलहरूले फूलेर बास्ना छरेका छन् त्यसरी नै हामीले पनि सत्कर्मको बास्ना छर्न सक्नु पर्दछ । हामी सबै नेपालीहरू मिल्यौ भने यो नेपाल हराभरा हुनेछ र हामी एक जुट भएर लागेमा माटोलाई मह र

ढुङ्गालाई सुनमा परिणत गर्न सक्छौं त्यसैले हामीले सबैको मनमा समताको भावना लिएर नेपाल हाम्रो घर हो, यसको संरक्षण गर्न हामीले काँधमा काँध र हातमा हात मिलाएर अगाडि बढ्नु पर्छ भन्ने भावना यस कवितामा प्रकट भएको छ ।

आफ्नो जन्मभूमिको महत्व वर्णनातीत हुन्छ । यसको कुनै तुलनीय बस्तु पाइँदैन । त्यस्तै आफ्नो जन्मभूमिको प्राकृतिक, सांस्कृतिक, धार्मिक, भौगोलिक जस्ता कुनै पनि सीमाका व्यवधानबाट विभेदको भाषा र कथनबाट अलगअलग बनाउन सकिदैन भन्ने भाव यस शीर्षकको कविताले पुष्टि गरेको छ । साथै पद्य ४ को आयाममा शार्दूलविक्रीडित छन्दमा रहेको यस कविताको केन्द्रीय कथ्य भने राष्ट्रिय भक्तिभाव रहेको छ ।

## कवि र फूलको संवाद

इन्द्रबज्रा छन्दको पद्य ४ को संरचनामा संरचित यो कवितामा मानव र फूलको विषम परिस्थितिमा गुज्रिएको जीवन दृष्टिको भाव रहेको छ । संवादात्मक शैलीमा लेखिएको यस कवितामा जसरी फूलको जीवनले वैलीएर झर्नुपर्नै थाहा हुँदाहुँदै पनि झर्नकै लागि भएपनि फूल्नु परेको छ । त्यसरी नै मानव जीवनले पनि एकपटक मर्नु पर्छ भन्ने थाहा हुँदाहुँदै पनि विषम परिस्थितिमा पनि जीवन जिउनु परेको छ भन्ने कुरा कविले निम्न श्लोकबाट व्यक्त गरेका छन् :

वैलेर पक्कै पनि झर्नुपर्छ
त्यै झर्नलाई पनि फुल्नु पर्छ

पृष्ठ २२

यसरी यस कवितामा कविले फूलले आफ्नो स्वतन्त्र जीवन जिउनका लागि मुना, कोपिला हुँदै फकर्ने गर्दछ । तर उसलाई स्वतन्त्र रूपले फक्रन नदिने, फक्रिन लाग्दै भमराले रस चुसेर उसको सोभा र अस्तित्वमा दाग लगाउछ र देवीका भक्तले गला निमोठ्छन्, त्यसरी नै मानव जीवनले पनि फक्रिन लाग्दा अनेकौं कु-तत्वहरूले उसको स्वतन्त्र रूपले रोजेको बोटोमा तगारो लगाउँछन् भन्ने कुरा देखाउन कवि यसरी भन्दछन् :

फर्के हाँस्दा भमरो निचोर्छ
मिठो छ भन्दै रस चुस्न थाल्छ
यी देवका भक्त गला निमोठ्छन्
आएर प्रेमीहरूले चिमोठ्छन् ।

पृष्ठ २२

त्यसरी नै कविले, जसरी फूलको जीवन छणिक छ, उसले आँधीहुरीले ढल्नुपर्ने, झरीले गल्नुपर्ने, फोहोरमै भएपनि फूल्नुपर्ने अवस्था छ । त्यसरी नै हाम्रो जीवन पनि छणिक छ, कुनैवेला ढल्नु पर्छ । मानवले विषम स्थितिमा जतिसुकै कुण्डा, पीरव्यथालाई आत्मामा दवाएर बाहिरी रूपमा हाँसेर बाँच्नु परेको छ भन्ने कुराको सङ्केत गर्दै कवि लेख्छन् :

आँधिहुरीले पनि ढल्नु पर्छ,
वर्षाझरीले पनि गल्नु पर्छ
फोहोर होस् त्यै पनि सुघ्नु पर्छ
हाँसेर आफू तर फूल्नु पर्छ

पृष्ठ २२

यसरी कविले प्राकृतिक जगतको सौन्दर्ययुक्त सिर्जना र त्यस सौन्दर्यको पारख गर्न सक्षम प्राणी कविका रूपमा उपस्थित भएको यस कविता मार्फत पुष्टि गरेका छन् । प्रकृति जगतको फूलले फक्रन खोज्दाखोज्दै, स्वतन्त्र रूपले फक्रन नपाउँदानपाउँदै, जसरी भमरा र देवभक्तले उसको अस्तित्व मेटाइ दिन्छन् । त्यसरी नै मानवले पनि केही प्रगति गन लाग्दालाग्दै क्षणिक जीवनको समाप्ति हुनु परेको विषम परिस्थितिले गर्दा, जसरी फूलले आफूले स्वतन्त्र भएर फूल्न नपाउँदा आफूलाई तुच्छ सम्झन्छ, त्यसरी नै यो विषम परिस्थितिमा मानवले जीवन जिउँदा आफूलाई पनि व्यर्थ ठान्न पुग्दछ भन्दै मानव र फूलको जीवनको विषम परिस्थितिको जीवन दृष्टि चित्रण गर्नु नै यस कविताको मूल भाव रहेको छ ।

## शान्तिको धाम

कवि हेमराज अधिकारीको यो कविता पद्य ४ को संरचनामा स्रग्विणी छन्दमा रचिएको छ । तत्कालीन समयको युद्धकालीन अवस्थाबाट विरक्तिएर युद्ध होइन, बुद्ध बनौ भन्ने मनासायले प्रस्तुत कविता रचिएको देखिन्छ । हामीहरू बगैंचामा फूलेको फूलझैं फूल्न सकेमा र प्रातको व्योमझैं खुल्न सकेमा पानीमा पनि सञ्जीवनी बन्न सक्छ र यो देश पनि मोतिझैं बन्न सक्छ भन्ने कविको अभिव्यक्ति यस कवितामा पाइन्छ । हेरौं श्लोकबाटै :

बागका फूलझैं फूल्न हामी सके
प्रातको व्योमझैं खुल्न हामी सके
बग्छ संजीवनी हिममा तप्तप
बल्छ मोति बनी देश यो धप्धप ।

पृष्ठ २३

यो नेपाल देशलाई शान्तिको धाम बनाउनको लागि सबै नेपालीहरूले जात, भात, वर्ण, सप्रदाय र वर्ग विभाजनको भावना नलिइ समताको भावना लिइ अगाडि बढ्नु पर्दछ । पूर्वमा प्रातको शान्तिको धुन, व्योममा शान्ति जून, लेकफाँटमा गीत र शान्तिको धाममा प्रीत रहोस् भन्ने कविको भावना रहेको निम्न श्लोकले पुष्टि गर्दछ :

पूर्वमा प्रातको कान्तिको धुन होस्
व्योममा शान्तिको जून नै जून होस्
लेकमा फाँटमा गीत नै गीत होस्
शान्तिको धाममा प्रीत नै प्रीत होस् ।

पृष्ठ २३

यसरी स्वच्छ जल र निर्दोश फूल जस्तै मान्छेको मन फराकिलो र निर्मल हुन सके जुनसुकै स्थान र समय पनि शान्तिको आवास धर्ती हुन सक्ने चिन्तन प्रस्तुत गर्न सफल यो कविताको केन्द्रीय भाव भने शान्ति कामनाको परिपूर्तीको स्थान आफ्नै जन्मभूमि रहेको पाइन्छ ।

## अन्तर्आत्माको आवाज

पद्य ५ मा संरचित इन्द्रबज्रा छन्दमा रचित हेमराज अधिकारीको यो कविता उनको अन्तर्आत्माले राखेको अभिव्यक्तिलाई कविता मार्फत सबै पाठक वर्गमा पुऱ्याउने चाहना स्वरूप लेखिएको कविता हो । मान्छेले जन्म लिए पछि एक दिन अवस्या मर्नुपर्छ, तर मर्नुपर्छ भन्दैमा हामीले केही गर्न भने छाड्नु हुँदैन । हामीले एउटा झिल्कोको रूपमा बल्नसक्नु पर्दछ । केही गर्ने धोको हुँदाहुँदै मृत्युको मुखमा पर्नु नपरोस् मर्नु त छदैछ, तर यस धर्तीमा सानो कीर्ति छाडेर मात्र मर्न पाऊँ भन्दै कवि लेख्छन् :

जन्मेर पक्कै पनि मर्नुपर्छ
झिल्को बनि तै पनि बल्नु पर्छ
उद्देश्य पूरा नभई नजाऊँ
छोडेर सानो पदचाप जाऊँ
...

पृष्ठ २४

यसरी कवि अधिकारीले उनको अन्तर्आत्माको आवाज बाहिर प्रकट गरेका छन् । निर्धक भएर हाँस्न, नाच्न पाऊँ, देशलाई मेरो पनि हो भनेर भन्न पाऊँ, यही देशमा बहने झर्ना सरी बग्न पाऊँ र एक पटक मरेर गए पनि अनन्त यही देशमा जन्म पाऊँ भन्ने अभिव्यक्तिबाट कविमा रहेको राष्ट्र प्रेम पनि पुष्टि हुन्छ ।

मानवीय संवेदनाको अन्तस्करणका स्थायी मूल्यमा जीवनको भित्रि मूल्य अविलक्षित हुन्छ भन्ने कुरा देखाउँदै कहिल्यै, कसैको विरोध नगरौं, आफ्नो कर्तव्यलाई भित्रि हृदयमा बोध गरौं भन्दै मान्छे भएर बाँच्न पाउनु पर्ने, हाँस्न पाउनु पर्ने र छाती विशाल पारेर हिन्नु पर्ने । जसरी यो धर्ती फैलिएर रहेको छ, त्यसरी नै हामीले गरेका कार्यले फैलनु पर्ने भाव कवितामा देखिन्छ जुन निम्न श्लोकबाट पुष्टि हुन्छ :

मान्छे भै बाँच र बाँच्नदेऊँ
सिद्धिन्न हाँसो अलि हाँस्नदेऊँ
आकाश जत्रै हुनु पर्छ छाती
धर्ती भै फैलनुपर्छ साथी
...

पृष्ठ २५

यसरी मनोजगतका असान्त सम्वेदनालाई सान्त बनाउने काम स्थित र स्थिर प्राज्ञत्वोबाट सम्भव हुन्छ भन्ने कुराको पुष्टि गर्न यो कविता सफल रहेको छ । नयाँनयाँ फूल बनेर सुवास छर्दै, संसार हाक्ने आशा राख्दै यो शरीरलाई छोडेर यसै नजाऊँ, नेपाललाई हसाउँने बरदान पाऊँ, भन्दै कविमा रहेको अन्तर्आत्माको आवाजलाई हामी सामु पोख्न कवि सफल बनेका छन् र यस कविताको मूल भाव भने मानवीय अन्तश्चेतनाको सत्याभिव्यक्ति रहेको देखिन्छ ।

## सहिदको संझना

कवि हेमराज अधिकारीद्वारा इन्दिरा छन्दको ८ पद्यको संरचनामा रहेको यो कविता देश र जनताको स्वतन्त्रताको खातिर प्राणदान दिने वीर सन्तानको बलिदानी कार्यको महिमा गान गाइएको कविता हो । यो कविता तत्कालीन नेपालको अवस्थामा साच्चिकै यथार्थता बोकेर आएको कविता हो । नेपाल र नेपालीको उत्थानका लागि हाँसीहाँसी आत्मोत्कर्ष गर्ने त्यस्ता राष्ट्रभक्ति व्यक्तिप्रति सच्चा सम्मान गर्नु भनेको हामी सबैको कर्तव्य हो । ती बलिदानीपूर्ण

कार्यलाई सम्झेर उनीहरूको गुणगान गाउँदै उनीहरूले देखाएको बाटोमा हिन्नु नै उनीहरूप्रति गरिएको सच्चा सम्मान हो ।

विकट युद्धमा प्राण अर्पिएका राष्ट्रका ढुकढुकीले चटक्क छोडेर जाँदा यस धर्तीमा रहने मानिसको मन छिया-छिया हुनु स्वभाविक हो । यही कुरालाई सम्झेर कवि भन्छन् :

विकट युद्धमा प्राण अर्पियौ
सहिद राष्ट्रका ढुक्ढुकी थियौ
मुटु चिरा भयो बाँच्नु के गरी
पथिक भन्छन् अश्रुले भिझी ॥

पृष्ठ २६

त्यस्ता वीर सपूतको यस धर्तीमा अझै खाँचो छ । त्यसैले उनीहरूले देखाएको बाटोमा लागेर हामीले अघि बढ्नु पर्छ भन्ने कुरा कवितामा पाइन्छ । पुराना सहिद स्वर्गका देवता भैसकेका र यस धर्तीमा रहेकाले वेदना लिएर बस्नु परेको छ । नयाँ योद्धाको यहाँ खाँचो परेको छ, त्यसैले देश र जनताको भलाइको लागि आफू पनि कम्मर कसेर लाग्नु परेको र त्यस अवस्थामा प्राण त्याग गर्नु परेपनि नयाँ आशुले यस धर्तीमा रहेको मैला, कलंकलाई बगाउने छ भन्ने भाव निम्न श्लोकबाट व्यक्त गर्छन् कवि अधिकारी :

सहिद स्वर्गका देव भै गयौ
मुटुभरी यहाँ वेदना दियौ ।
नयन आँसुमा पूर्ण केवल
मन उडी उतै जाऊँ भन्दछ ॥

पृष्ठ २६

यस धरतीमा अझै त्यस्ता वीर सहिदको आवश्यकता रहेकाले यस धर्तीमा रहेका सम्पूर्ण जीवहरूले सहिदलाई पुकारी रहेको देखाउँदै अन्तिम अवस्थामा केही भन्न समेत नदीइकन कुतत्वहरूले मृत्युदण्ड दिएको र ती सहिदहरू मरेर स्वर्गमा गए पनि उनीहरूले धर्तीतिर हेरिरहेका छन् भन्ने कुरा यस कवितामा पाइन्छ ।

यसरी नेपाल आमाले सच्चा सपूतलाई गुमाउनु परेकोले मुमाले काखमा मलिन भएर हरिरहेको तर ती सहिदहरूले देखाएको बाटोमा हिड्न नयाँ सपूतको खाँचो रहेकोले नेपाल आमाले ती असल छोराहरूको खोजीगरिरहेकोले फेरि पनि राष्ट्रको रक्षाका लागि यस धर्तीमा उत्रिनु पर्ने कुरा निम्न श्लोकबाट पुष्टि हुन्छ :

मलिन भै मुमा काख हेर्दछिन्
गगनमा कतै पुत्र खोज्दछिन्
घुमिफिरी यहीँ ताप्न शीतल
सहिद एकबार् आउ है तल ॥

पृष्ठ २७

यसरी मान्छे हुनुको सार्थकता देशको सुरक्षा र देशमाथि आइलागेको खतराबाट देशलाई बचाउँनु पर्छ । आत्मोत्सर्ग गर्ने राष्ट्रभक्ति व्यक्तिको बलिदानी कार्यको महिमा गान गाउँदै सबैले देशको सुरक्षाको लागि जीवन समर्पण गर्न पनि पछि पर्नु हुँदैन । यदि यसो गरेमा पुस्तौँपुस्ताले सम्झना गरी रहन्छन् यो नै हाम्रो मातृभूमिप्रतिको सच्चा सम्मान हो भन्ने केन्द्रीय भाव प्रकट गर्न सफल छ, यो कविता ।

## कञ्चनजंघाको फेदीबाट

आफू जन्मेको गाउँ, ठाउँ सबैलाई प्यारो लाग्छ यो स्वभाविक हो र आफ्नो जन्मभूमिप्रतीको सच्चा सम्मान र समर्पण हाम्रो कर्तव्य हो । यसै कुरालाई अनुभूत गर्दै कवि अधिकारीले मन्दाक्रान्ता छन्दको पद्य ५ मा संरचित गरेको यस कविता मार्फत आफू जन्मेको ठाउँप्रति सम्मान र समर्पणको भाव व्यक्त गरेका छन् ।

'जननी जन्मभूमिश्च स्वर्ग दपी गरियसी' भन्ने भाव मनन गर्दै जन्मभूमिको प्रकृतिले स्रस्टाको जीवनमा पारेको प्रभावलाई कविता मार्फत व्यक्त गरेका छन् । आफू जन्मेको ठाउँ यस धर्तीमा कहीँ पाइँदैन भन्दै कावेली नदी, तमोर नदी, पाथिभरा र कञ्चनजंघाको काख आफ्नो ज्ञानको मूहान हो, त्यसैले ज्ञानको मूहान खोलीदिने ठाउँमा भएका प्रकृतिलाई कहिले पनि विर्सने छैन भन्दै कवि लेख्छन् :

कैल्यै मेरो प्रगति नभए दुःख मान्ने म छैन
खोलेँ जहाँ नयन पहिले भूमि म भूल्ने छैन
खाएको त्यो खनिउँ रसिलो आँप, अम्बा अनार
बिर्सौला के तरूल सुठुनी स्वादिलो लाग्छ भार ॥

पृष्ठ २९

यसरी आफू जन्मेको ठाउँलाई आफूले प्रगति नगरे पनि दुःख मान्नु हुदैन र आफूले ज्ञानको आँखा खोलेको ठाउँलाई कहिल्यै पनि भुल्नु हुदैन भन्दै आफ्नो जन्मभूमिको सम्मान र समर्पणभावको अभिव्यञ्जनाद्वारा लेखिएको यस कविताको मूलभाव भने जन्मस्थलको प्रकृतिले

जीवनमा पारेको प्रभाव अमिट रहन्छ र त्यस्तो जन्मस्थलप्रति हामीले समर्पण गर्नुपर्छ । यो नै हाम्रो मूल धर्म हो, भन्ने देखिन्छ ।

## उनीप्रति

कवि हेमराज अधिकारीको यो कविता पञ्चचामर छन्दको ७ पद्यको आयाममा फैलिएको छ । यो कविता पढ्दा खेरी अधिकारीले आफ्नो केही प्रीयवस्तु गुमाउन पुगेका छन् र त्यो गुमाएको वस्तुप्रति उनी सगर्वसाथ समर्पण गर्न पुग्दा यो कविताको जन्म भएको सहजै अनुमान गर्न सकिन्छ । गुमाउनु परेको सन्दर्भ र प्रणयभावको अन्तर्वस्तुमा संयोजन गरी लेखिएको यस कवितामा हाल गुमाएको वस्तु पहिला आफूसँग रहेको वेला आफू आगो जस्तो भएको र हाल त्यो वस्तु नहुँदा एक्लो संसारमा जीउँदो लासमात्र रहेको अनुभूत गर्दै कवि भन्छन् :

तिमी हुँदा नि साथमा म अग्निझैं प्रदिप्त छु
तिमी बिना म प्रेयसी मसानघाट तुल्य छु

पृष्ठ ३०

यसरी कवि एक्लो हुंदा आफूभित्रका नसानसा नै सुषुप्त रहेको र त्यही वस्तु साथमा रहँदा बिचित्रका रङ्ग भरिएको र यो वस्तुको खुशीयालीको लागि आफू चन्द्रलोकमा पुगेर रत्न झिकेर ल्याएर त्यो अनामिक वस्तुलाई स्वर्गमा घुमाउन पनि तत्पर रहेको कुराले पक्कै पनि कविले आफ्नो अति प्यारो वस्तु गुमाउन पुगेको आभास प्रकट हुन्छ ।

कवि आफू पराग बिनाको फूलमात्र भएको र गुमाएको बस्तुनै पराग भएको अनि आफू चेतनाविहीन रीत्तो शरीरमात्र भएको सम्पूर्ण चेतनाको भण्डार त्यही वस्तु रहेको अनुभव गर्दै भनछन् :

म पुष्प मात्र हुँ प्रिये तिमी पराग छर्दिनु
म जीवमात्र हुँ तिमी मभित्र चेतना दिनु

पृष्ठ ३०

यसरी कवि आफू उचको नीचको भेदभाव हटाएर विशाल राष्ट्रभक्तिको दुन्दुभी बजाउने कुरा गर्दै राष्ट्रका लागि गरीएको युद्धमा परेँ भने त्यतीबेला तिमीले प्रितौषधि पिलाउनु भनि त्यो वस्तुप्रति आशावादी भएका छन् । भने यो वस्तुको समर्पण गर्ने क्रममा त्यो वस्तु जून भएर उदाएको र आफू आफ्नो लक्ष्यमा सधैं अगाडि बढीरहने इच्छा प्रकट गर्दै कवि भन्छन् :

विषालु मध्येरातमा तिमी उदाऊ जूनझैं
म त्यो पवित्र लक्षमा बढी रहूँ सधैंसधैं ।

पृष्ठ ३०

यसरी कविले यस कवितामा गुमाउनु परेको वस्तुको सन्दर्भ र प्रणय भावको संयोजन गरी अनामिक प्रियपात्रप्रति समपर्ण भावलाई नै यस कविताको मुख्य भाव बनाएका छन् ।

## यो देश फर्किन्छ झन्

देशको वर्तमान अवस्था देखेर दिकदारी भएका र राष्ट्रभक्त भएका व्यक्तिले केही गर्नुपर्छ भन्ने भावना पलाउँदा, यस देशमा भएका घटनाहरूले निम्त्याएको दुर्दशा र त्यसको उपयोगमा अल्मलिएकाहरूलाई सचेत गराउँदै आफ्नो विश्वास र लक्ष्यमा अडिक रहन आग्रह गर्दै यस्तो खपेर बस्नु बेकार रहेकोले गर्दा कवि साहित्य मार्फत इमान, आस्था र विश्वास हराइ सकेकाहरूलाई विझाउन चाहदै भन्छन् :

धोखा भो, भन खै ? इमान यतिका आस्था र विस्वास खै ?
मेरो उर्वर देश खै ? हृदयको नेपाल मेरो कठै !
औंधी भो अब खप्नुहुन्न खुकुरी लौ चम्क ए चम्चम
पड्किदे कविता बनेर बमका छर्रा यहाँ डम्डम ।

पृष्ठ ३१

यस देशलाई केही बनाउँछौ भनेर अगाडि बढेका र त्यस बखतमा रगतको खोलो बगेको, वीरसपूतहरूले बलिदानी दिएको, हजारौं लास डढेका कयौंका सिन्दुर पुछिएका तर ती सपूतले लिएको लक्ष्यमा वर्तमानका नेताहरू नहिडेको आफ्नै स्वार्थमा डुबेको प्रसङ्ग देखाउँदै कवि भन्छन् :

केका लागि बगे हिजो रगतका खोला यहाँ झल्झल
केका लागि ढले सपूतहरू यी होला कहाँ उत्तर ?
...
थुप्रै लास डढे, चुरा पनि फुटे सिन्दुर पोते झरे
केका लागि जले, मरे किन हजुर के स्वार्थमा ती परे ?

पृष्ठ ३१

यसरी देश बनाउँछौ भनेर क्रान्तिमा होमिएका सपूतहरू मरेर गए आखिरमा बाच्नेहरू अहिले आफ्नै स्वार्थमा सहिदको बलिदानीलाई बिर्सेर बसेका छन् । त्यसैले बस्नेहरूप्रति पेचिलो

व्यङ्ग्य प्रहार पनि यस कवितामा भएको पाइन्छ । जुन उद्देश्यले अगाडि बढेका थियौ ? लक्ष्य कस्तो लिएका थियौ ? त्यसलाई आज किन बिर्सन गयौ ? मर्ने र मार्ने मात्र उद्देश्य थियो भने यो देशलाई किन दुःख दियौ ? भन्दै यदि स्वार्थमा परेर रूमलिने नै हो भने किन धेरैको रगत बगायौ भन्दै यसरी नै जाने हो भने सहिदको सपना अधुरै रहने छन् । ती सहिदहरूको रगतले सिञ्चित यो भूमिले हामीलाई धिकार्ने छ र यो धर्ती फाट्ने छ । त्यसवेला हृदयामा काँडा बिज्ने छन् त्यसैले हामीले आफ्नो उद्देश्यलाई लक्ष्यमा पुऱ्याउनु पर्दछ र मात्र यो देश फक्रन्छ भन्दै कवि आफू एक राष्ट्रभक्ति भएको कुरा निम्न श्लोकबाट देखाउन चाहन्छन् :

मेरो राष्ट्रियता मरेर म गए घट्दैन उम्लिन्छ झन्
वैलाई म झरें भने पनि अझै यो देश फक्रिन्छ झन् ।

पृष्ठ ३१

यो कविता शार्दूलविक्रीडित छन्दको पद्य ४ मा संरचित रहेको छ । सहिदको सपनालाई लत्याएर सहिदको रगतले सिञ्चित यो भूमिप्रति मौनरही व्यक्तिगत स्वार्थमा रूमलिएकाहरूप्रति पेचिलो व्यङ्ग्य दिन पनि यो कविता सफल देखिन्छ । ज्यान भन्दा पनि प्यारो र महत्वपूर्ण वस्तु भनेको मूलुक हो त्यसैले हामीले सचेत भएर जन्मभूमिप्रति बफादार बन्नु पर्दछ भन्ने सन्देश दिदै देशको वर्तमान अवस्थाको चित्रण गरी राष्ट्रिय भक्तिभाव देखाउनु नै यस कविताको मूल भाव रहेको पाइन्छ ।

## सङ्कल्प

कवि अधिकारीले यस कविताको माध्यमबाट कर्तव्यपथबाट बाहिर जान नपरोस् र प्रतिज्ञावद्धताको परिधिबाट भाग्नु नपरोस् भन्ने भावनाको स्वरमुखरित गरेको पाइन्छ । यसै प्रसंगमा राष्ट्रको लागि केही गरेर छाड्ने प्रतिज्ञा गरी, राष्ट्र झण्डा लिएर दिव्यलोकमा गई वीरताको कथा फिजाउँदै अर्मित पिएर देवलोक घुमी त्यस लोकमा भएको रत्न झिकेर ल्याई यस धर्तीमा विहानीको नौलो किरण लिएर आउने सङ्कल्प गरेका छन् । रौद्ररूपमा चण्डमुण्डको हार लगाई यस राष्ट्रको भाग्य र भविश्य सिंग्राने सङ्कल्प गर्दै यस राष्ट्रमा रहेका व्यक्तिगत स्वार्थको भूमरीमा होमिएकाहरूको कथा र छद्म राष्ट्रभक्तहरूको गीत सुन्नु कुनै औचित्य नरहेको प्रसंग देखाउदै कवि भन्छन् :

मलाई राष्ट्रभक्तिको न छद्म गीत सुन्नु छ
मलाई व्यक्तिमात्रको कथा कुनै न भन्नु छ

पृष्ठ ३२

यस देशमा रहेका छद्म राष्ट्रभक्तको व्यवहारले यो मातृभूमि उदास रहेको छ, जसलाई हाँसोको खाँचो रहेको छ । साथै यहाँ उच-नीच, धनी-गरीव, समानताको भेदभाव छ, असमानता छ, स्वतन्त्रता छैन, त्यसैले यसमा कायपलट ल्याउने सङ्कल्प गर्दै कवि भन्छन् :

उदास मातृभूमिको मुहार नै हँसाउछु
गरीव उचनीचको म भेद नै हटाउँछु

पृष्ठ ३२

यस देशलाई कविले शान्तिको धाम मानेका छन् किनकी यो देश अझै फर्किन्छ भन्ने आशा र विश्वासमा छन् र यही देशलाई सुन्दर बनाउने सङ्कल्पमा प्रतिज्ञा र आशा गरेका छन्, जुनकुरा निम्न श्लोकबाट प्रष्ट हुन्छ :

प्रचण्ड वेग मेघको बगेर हुन्हुनाउँछु
प्रदीप्त अग्नि भै उठी व्यथा सबै जलाउँछु
न रम्छु कूटनीतिमा, न दुष्ट खेल चाहियो
मलाई मित्र बन्धु हो, अनन्त प्रेम चाहियो

पृष्ठ ३२

यसरी यस देसमा परिवर्तन ल्याउनका लागि वादलको तेजिलो वेग बनेर अनि प्रदीप्त अग्नि भई हुन्हुनाउने र आगो भइ सबै व्यथा जलाउने कसैको कुनै कूटनीतिमा नरहने दुष्टको खेलमा नपर्ने तर यसका लागि सबै मित्रहरूको माया चाहिने बताउँछन् कवि । पन्चचामर छन्दको ४ पद्यको अयाममा रचिएको यो कविताको मूल भाव भने जीवनमा प्रतिवद्धताको संस्कृतिको विकास हुनु अनिवार्यता रहन्छ भन्ने रहेको छ ।

## टुक्रिएका मन

यस कवितामा वर्तमान अवस्थामा मानव अलग-अलग सोचाइ लिएर आ-आफ्नै स्वार्थमा विभाजित रहेको छ । हामी सबै नेपाली आखिरमा यही नेपाल घरमा बस्ने एक बागमा फूलेका हजारौं फूलहरू हौं, तर हामी अहिलको अवस्थामा छुट्टाछुट्टै सोचले अगाडि बढ्दा टुक्रा-टुक्रा भएका छौं भन्ने कुरा देखाउँदै आखिर हामी भावनाको एकतामा बस्नुपर्छ भन्ने कुराको सन्देश पाइन्छ । यस धर्तीको उर्वर माटो बनेर गुलीया फल फलाउने सोचमा कोही छौं त कोही खोला बनेर पहाड रसाउँदै हिड्ने सपना बोकेर हिडेका छौ, तर यसरी विभक्त भएर हिड्दा हामीले केही पनि गर्न सकेका छैनौं । आखिर रून वाध्य भएका छौं, त्यसैले एकबद्ध भएर हाम्रो मनमा

भएको धमिलो विभक्तको भावनालाई निर्मल जल भएर बगाऊँ भन्ने कविताको भाव देखिन्छ । हामी खोला बन्न सक्दैनौँ तर तट्का, भुल्का भने बन्नु पर्छ र मैला पखाल्नु पर्छ । पहाड जस्तै फराकिलो सोच राख्छौँ भने त्यसको भाकामा पनि परिवर्तन ल्याउनु पर्छ, आकाश जस्तो फराकिलो सोच लिन्छौँ भने आकाशमा भएका ताराले दिएको जस्तै चमक दिन सक्नुपर्छ । हामी जतिसुकै फूर्ति लगाएर देवता बन्न खोजे पनि सक्दैनौँ तर मनका भने सच्चा बन्नै पर्छ भन्दै यसरी विभक्त भएका मनहरूलाई एकत्रित गरी जसरी सूर्य एउटै छ तर उसले संसार भर ज्योति फैलाएको छ । त्यसैगरी हामी एक भएर प्रकाश दिन सक्नुपर्छ । हामीमा भएको कंसरूपी भावनालाई त्याग्नु पर्छ अनि समाजमा भएका रावणरूपी व्यक्तिहरूलाई एकताको भावनाको रामवाण बनि वध गर्नु पर्छ र मात्र हाम्रो अस्तित्व सुरक्षित हुन्छ । त्यसैले टुक्रिएका मनहरूलाई एकतामा आवद्ध गराएर कहिल्यै नवैलाउने गरी भावना एक पारेर समाजका काडाँरूपी शोषक, सामन्तलाई फाँडदै गयौ भनेमात्र हाम्रो अस्तित्व रक्षा हुन्छ र हाम्रो भावनालाई कुँदेर रसिलो भावले जोड्न सकेमात्र हाम्रो गौरवमय अस्तित्वलाई सुरक्षित राख्न सक्छौँ भन्दै कवि यस कवितामा वर्तमानको विभक्त स्थितिमा आएको मानसिक संवेदनाको स्वभाविक प्रस्तुती यसरी व्यक्त गर्दछन् :

गाँस्नै पर्छ अनेक फूलहरूको माला नवैलाउने
फाँड्नै पर्छ कुटो बनेर वनका काँडा सबै घोचने
लेख्नै पर्छ नयाँ अमोध कविता हाँसोस् जहाँ जीवन
जोड्नै पर्छ कुँदेर भाव रसिला यी टुक्रिएका मन ।

पृष्ठ ३३

शास्त्रीय वर्णमात्रिक शार्दूलविक्रीडित छन्दको पद्य ४ मा संरचित यस कवितामा बिभिन्न बिम्ब र प्रतीकको प्रयोग गरिएको छ । संस्कृतका तत्सम्, तद्भव र झर्रा नेपाली शब्दहरूको प्रयोग सरल ढंगले प्रयोग गर्दै, अन्त्यानुप्रासको कुशल संयोजनले गर्दा यो कविता लयात्मक बन्न पुगेको छ । भावनाको एकत्तोका हिसाबले संयोजित नबन्ने हो भने हाम्रो मानवीय अस्तित्वको सुरक्षा हुन सक्दैन, त्यसैले हामीले हाम्रो टुक्रिएको मनलाई रसिला भावले जोडेर अगाडि बढ्नु पर्छ भन्ने सन्देश दिन यो कविता सफल देखिन्छ । तत्कालीन अवस्थामा आएको मानसिक संवेदनाको प्रस्तुती केन्द्रीय कथ्य रहेको उक्त कविता सरल, सरस भाषाशैलीका कारण बोधगम्य हुन पुगेको छ ।

## माटो र बुद्ध

कवि अधिकारीद्वारा रचित यो कविता आफू जन्मेको राष्ट्रमा शान्तिको कामना गर्दै लेखिएको कविता हो । यस कवितामा कविले माटो भनेर नेपाल राष्ट्रलाई मानेका छन् भने बुद्धलाई शान्तिका रूपमा लिएका छन् । माटो नेपालको बुद्ध शान्तिको प्रतीक बनेर आएको छ । कविका बिचारमा यो राष्ट्रमा बस्ने मानिसको मनमा शान्तिको भावना पलायो भने यो देश शान्त हुन्छ । जब देश शान्त हुन्छ, तब सबै जनताको आस्था पलाउन थाल्छ । अनि यस देशमा बस्ने मानिसको मनमा पानीझैं निर्मलताको भावना पलायो भने, मान्छेको मन शुद्ध भयो भने, देश शान्त हुन्छ । देशमा शान्ति छायो भने जसरी आकाशका ताराहरूले विश्वमा चमक दिएका छन्, त्यसरी नै शान्तिले छाउँछ । अहिलेका सम्पूर्ण मानिसहरूको मुटुको प्रत्येक धड्कन-धड्कनमा शान्तिको सास फेर्नुपर्ने आवश्यकता छ । तर अहिलेका मानिसको मस्तिष्कमा त्यो शान्ति आगो बनेर जसरी मानव निर्मित अमेरीकाको पेन्टागन उग्र व्यक्तिको सक्रियतामा जल्यो त्यसै गरी मानिसका मनका पेन्टागनरूपी इच्छाहरू जलिरहेका छन् भनेर यहाँ मानवीय रहरहरूलाई पेन्टागनको सङ्केत गरिएको छ । अहिलेका मानवमा आएको काम नगर्ने प्रवृतिलाई व्यङ्ग्य गरी भाग्य छ भनेर काम नगरी बस्दा हत्केलामा मोती नफल्ने कुरा दर्शाउँछन् कवि । अहिले नेपालमा जन्मन लागेको प्रजातन्त्र र प्रजातन्त्रलाई चोट पुऱ्याउन लागेका राजनेताहरूलाई घुमाउँरो पाराले छेड हान्दै कविले प्रजातन्त्रलाई शैशवको सङ्केत दिँदै, त्यो शैशवलाई घाउ लागेमा फर्किन वा बढ्न नसक्ने कुरा कवि यसरी बताउँछन् :

> हत्केलाभरि भाग्यका लहरामा टप्किन्न मोती तल
> चर्केला जति घाउ चस्स तनमा फर्किन्न है शैशव
>
> ...

**पृष्ठ ३४**

त्यसरी नै कविले यहाँ रहेका अबुझ, अनपढ जो छन्, जसले शान्तिको बारेमा बुझेका छैनन् जसमा चेतनाको अभाव छ । त्यसलाई ढुंगाको सङ्केत दिँदै आखिरमा त्यस्ता अबुझ र चेतना नभएका व्यक्तिलाई चेतना दिन सक्यो भने उनीहरू पनि जसरी बतास् उढ्छ, पानी बग्छ, त्यसरी नै शान्तिको पक्षमा बहने र बग्ने छन् । अनि यो देशमा बस्ने सबै मानिसमा शान्तिको चेतना घुस्यो भने सबै जनता शान्तिको पक्षमा उत्रिएर विश्वमा शान्तिले छाउने छ भन्ने कुरा यस कवितामा पाइन्छ ।

यसरी अहिलेका मान्छेमा आएका विकृति र युद्धको भावनाले गर्दा मानिस सबैले आफै रून् परेको छ र शान्ति पनि राहिरहेको छ । जब मान्छेमा रहेको युद्धको भावना हराएर बुद्धको भावना आउँछ, तबमात्र शान्ति आउँनेछ । यो शान्तिलाई आगो मानेर युद्धको भावना लियो भने दन्किने छ, तर मान्छेको मनमा बुद्धको भावना पलायो भने यो राष्ट्र धन्य हुनेछ, अनि स्वर्ग पनि बन्ने कुरा यस कवितामा पाइन्छ ।

ढुंगाको रूपमा रहेका मानिसहरूमा जब बुद्धको चेतना आउँछ तब त्यो शान्ति संसारमा फैलिनेछ, अनिमात्र कोपिला पसेको प्रजातन्त्र फक्रिनेछ । तर युद्धको सोच लिएर अगाडि बढेमा मानिसमा रहेका पेन्टागनरूपी शान्तिका रहरहरू जल्नेछन् भन्दै कवि यसरी लेख्छन् :

ढुंगो बुद्ध बनेर मूर्तिहरूमा फैलिन्छ संसारमा
फक्रिन्छन् अनि घामजून मनका मौलाइ आनन्दमा
कोही टक्कर लिन्छ नै यदि भने पट्‌काइ लाखौ बम
ठोक्किन्छन् अनि जल्दछन् रहरका ती लाख पेन्टागन ।

पृष्ठ ३४

शास्त्रीय वर्णमात्रिक शार्दूलविक्रीडित छन्दको पद्य ४ मा संरचित यो कविता ऐतिहासिक र साँस्कृतिक महत्ताको पक्षमा उभिएको छ । जीवन र जगतका बिम्ब, प्रतीकको प्रयोगले सर्वसाधरण पाठकलाई रणभूल्लमा पार्न सक्ने देखिन्छ । अन्त्यानुप्रासको कुशल संयोजनले कविता लयात्मक बन्न पुगेको छ । तत्सम्, तद्‌भव र झर्रा नेपाली शब्दको प्रयोग समोचित ढंगले गरेका पाइन्छ । वर्तमानको अवस्थामा हाम्रो चिन्तनमा परिवर्तन ल्याउनु पर्छ र मात्र यो देशमा शान्ति अमनचैन हुन सक्छ भन्ने सन्देश दिने यो कविताको केन्द्रीय भाव भने देशको गौरवमय इतिहास र हाम्रो चिन्तनको विचलनलाई देखाउनु रहेको छ ।

## मेरी कविताप्रति

सौन्दर्य चिन्तनलाई सीमामा राखेर कविताको निर्माण गर्ने कविले यस कवितामा कविता सम्बन्धी आफ्नो सौन्दर्य चिन्तन र कला प्रस्तुत गरेका छन् । कविता त्यस्तो हुनुपर्छ, जसले पाठक वा भावकको मन पगाल्न सक्नुपर्छ । आफूले रचना गर्ने कवितालाई कविले सौन्दर्य दिएर फूल्न नसक्ने विरूवालाई पनि फूल भनिन्छ तर मैले लेख्ने कविता पाठकको मन जित्न सकोस्, नदेखिए पनि घोच्ने भाला बोकेर नआओस् भन्छन् । नबोले पनि भूल हुन्छ तर मेरो कवितामा त्यस्तो भूल नहोस भन्दै आफ्नो कविता सधैँ पाठकको मन, मस्तिष्कमा बस्न सक्नेहोस् भनेका छन्

। जब मान्छेको भित्रि हृदय खुल्न सक्दैन, तब त्यस्तो मान्छे बाँच्नुको सार्थकता रहन्न, जसरी धर्ती पग्लेर पनि शीत दिनसक्दैन त्यसरी नै बाहिरी हाँसोमात्र दिन्छ तर माया दिन सक्दैन भने, त्यस्तो मान्छेको पनि औचित्य रहँदैन । त्यसै गरेर कविले रचना गरेका कविता पनि पाठकको हृदय खुलाउने खालको बनोस र एकछिन पढेर बिर्सने किसिमको नभइ एक पटक पढेपछि जीवनभर पाठकको हृदयमा रहीरहोस् र केही दिइरओस्, अनि कविता आफू हाँसोस र पाठकको माया पाइरओस् भन्दै कविले उनको कविताप्रतीको सौन्दर्य चिन्तन यसरी पोख्छन् :

सक्दैन मान्छे जब भित्र खुल्न
बाँचेर के भो ! ममता रहन्न
पग्लेर धर्ती जब शीत हुन्न
हाँसेर के भो ! जब प्रीत हुन्न ।

पृष्ठ ३५

कविले यस कवितामा जसरी माटो छ भने, त्यहाँ अनेकौं प्रकारका फूलहरू फूल्न सक्छन् । कविता एउटा मूल हो, मूल छ भने, त्यहाँ अनेकौं काण्ड लाग्न सक्छन् भन्दै कविता बोट र आफू त्यसको सौन्दर्य बढाउने पात, काण्ड, फूल भएको बताउँछन् । कवितालाई जननी मान्दै आफू त्यसका सन्तान भएको अनुभूत गर्दै आमारूपी कविताकै काखमा सधैं-सधैं बाँच्न पाऊँ भन्छन् । जसरी छोराछोरीले आमाको सेवा गर्छन्, त्यसरी नै आफूले कवितालाई फूलाउम्ने, फलाउने काममा सेवा गर्दागर्दै, म कविताकै सिर्जना गर्दागर्दै मर्न सकौं भन्छन् ।

कवि आफू कविता सिर्जना गर्दा हाँस्न सकौं र कवितालाई हँसाउन सकौं, मलाई हँसाउन सकेन भन्ने कविताको गुनासो नरओस् भन्छन् र जतिबेला म कविता लेख्न लाग्छु त्यतिबेला मेरो दिमागमा कविताफुरोस्, कविता सिर्जना गर्दा अरूको भर पर्नु नपरोस्, भन्दै यस्तो सर्जकलाई रोजेर मलाई माया गर तिमी कविता मेरो मनमस्तिष्कबाट कहिल्यै नभाग भन्दै कविताप्रति आफ्नो चिन्तन यसरी ओकलेका छन् :

हाँसी, हँसाऔं मनको छ आश
कैल्यै कसैको नबनौं म दास
रोजेर आफैं ममता प्यार
मैबाट मेरी कविता नभाग ।

पृष्ठ ३५

यसरी यस कवितामा कविले कविता पाठकको कठोर हृदयलाई पगाल्न सक्ने हुनुपर्छ । कविता बाँच्नका लागि कवितामा हुनुपर्ने मूलधर्म हुनुपर्छ र आफूले रचना गरेका कविता सधैं यस्तै

बन्नेछन् भन्ने काव्यिक विश्वास गरेका छन् । कविता सिर्जना गर्न कला चाहिन्छ, कविताको सौन्दर्य सीमामा रहेर लेखिएको कविता अमर बन्छ र कवि भएपछि कविताकै काखमा रमाउँदै मर्न सक्नुपर्छ र मात्र कविता सधैं कविको मस्तिष्कमा रही रहनेछ भन्ने भाव यस कवितामा पाइन्छ । इन्द्रबज्रा छन्दको ४ पद्यको आयाममा फैलिएको यो कविता सरल शब्द, सुन्दरभाषाशैलीको प्रयोगले बोघगम्य भएको छ भने अन्त्यानुप्रयासको समुचित प्रयोगले कविता लयात्मक बन्न पुगेको छ । आफ्नो कला र सौन्दर्य चिन्तन सम्बन्धी धारणाको काव्यिक विश्वास नै यसको केन्द्रीय कथ्य रहेको पाइन्छ ।

## विचलित वर्तमान

कवि हेमराज अधिकारीको यो कविता उनको कविता संग्रह 'विचलित वर्तमान'को २५ वटै कविताको प्रतिनिधि कविता हो । यसै कविताको शीर्षकबाट समग्र कवितासंग्रहको नाम राखेबाट पनि यो कुरा पुष्टि हुन्छ । यो कविता अधिकारीको वर्तमानकै अनुभूतिचित्र हो । कवि स्वयम्ले वर्तमानमा देखे, भोगेका कुरालाई कथ्य प्रदान गरेका छन् । यसमा बढी कविको देश छ र वर्वर वातावरण छ, देशप्रेम छ, अनि जातिप्रेम छ ।

वर्तमानले भोगेको चोट गहिरो छ, मानिसले भोगेका कष्ट खपिनसक्ना छन् । विसंगति छ, देशले भरखरै भोगेको भय, हत्या, हिंसा र क्रुरता छ । यही परिवेशलाई लिएर कविले कविताको सिर्जना गरेका छन् । वर्तमानको धर्मराउँदो मूल्यमा देश भत्किन लागेको छ, जुन कुरा यस संग्रहको आवरण पृष्ठ हेर्दै थाहा हुन्छ । यो वर्तमानको भयावह, दर्दनाक स्थिति देखेर कवि यसरी कविता लेख्छन् :

रक्ताम्मै छ मुहार आज सबको बाटा र बस्ती अझ
रातै फुल्छ हिमाल पर्वत यहाँ रक्ताम्य माटो सब
आस्था धर्मरियो कठै रगतका छन् खेल लाखौं किन ?
लासै लास बिहान देशभरि नै छन् आज लाखौं किन ?

पृष्ठ ३६

वर्तमानको युद्धले घर, पानीपधेरो सबै रातै भइसकेको छ । यो शान्तिको भूमिमा आज अशान्तिको तुवाँलोले ढाकेको छ, बुद्धको देशमा युद्धको होड चल्दैछ, नेपाल आमाका छोराहरूको रगतले यो धर्ती सिञ्चित छ । यस्तो अवस्था देख्दा कविको छाती चरक्क चिरिएर आउँछ, यस्तो दूरदशाले यो नेपालको आत्मा पोलेर भत्भति भएको छ । यस देशमा लाखौंलाख अनाथहरूले ज्यान

गुमाइसकेका छन्, तरपनि यो देश पहिला भन्दा झन् भयावह र सन्त्रास्पूर्ण वातावरणमा गुर्जीरहेको छ भन्ने कुरा यस कविता मार्फत देखाइएको छ ।

साच्चिकै यस देशमा रहेका माटोलाई मह र ढुङ्गालाई सुन बनाउँछौ भनेर लागेका राजनेताहरूका फोस्रा नारा र सस्तो लोकप्रियता कमाउँन दिएका भाषण आज दर्के पानीका फोका भएर गएका छन् । यस देशमा कायापलट ल्याउँछौ भनेर अगाडि बढेका र त्यसबेला नेपाल आमाका लाखौं सन्तानले वीरगति प्राप्त गरेको र ती सहिदहरूको सपनालाई धुलो चटाएर, लात्तिले कुल्चिएर, चिल्लो पजेरो र मार्वलाबीचछत गगनचुम्बी महलको अनुराग र कुर्सीको होडबाजीमा अल्झेर तानतान गरिरहेका राजनेताहरूले सहिदको सपना बिर्सेर अनि सहिदको लक्ष्यलाई पैतालामूनी पारेर मौन बसेका राजनेताको प्रवृति र व्यवहार देख्दा सम्पूर्ण नेपाली र नेपाल आमाको आस्थाको धरहरा भत्किसकेको छ । सहिदको सपना निराकार हुन लागेको, नेपाल झन कुरूप हुँदै गएको हाम्रो यथार्थलाई सम्पूर्ण नेपालीहरूको प्रतिनिधि बनेर आफ्ना भावनाका रागलाई कल्पनाका चास्निमा घोल्दै, कवि आफ्नो कला मार्फत यसरी व्यक्त गर्दछन् :

होलान् पक्ष विपक्षको ? हृदयमा नेपाल देखिन्छ खै !
मर्छन् जो जति युद्धमा रगतमा नेपाल लेखिन्छ खै !
आस्थाको जब भत्कियो धरहरा नेपाल के खोज्नु खै !
सोध्लान् मूल्य शहीदले रगतको नेपाल के भन्नु खै !

पृष्ठ ३६

यस्तो भयावह स्थितिबाट देश गुज्रीरहेको खोलाबाट बाहिर झिकेर बगरमा छोडिदिएको माछा जस्तै देश छट्पटाइरहेको अवस्थामा पनि ह्वीस्की र ब्रान्डी, चरेस र भाङ्गको मातमा चढेर सुषुप्त अवस्थामा रहेका नेपालका राजनेताहरूलाई सम्झाउन सम्पूर्ण नेपालीहरूको प्रतिनिधि पात्रका रूपमा कवि उभिएका छन् । चेतनाविहीन र विवेकहीन सठ्मूर्ख राजनेताहरूलाई सम्झाउँदै, भूतलाई टेकेर, वर्तमानमा उभिएर भविष्यलाई समात्न सिक भन्ने चेतना भर्दै शान्तिको आस्थाको दियो सल्काउनका लागि कवि अधिकारीले आफ्नो मानवीय चिन्तन् र राष्ट्रप्रेमको भाव यसरी प्रस्तुत गरेका छन् :

भै गो जे जति भो अझै समय क्यै बाँकी छ आओ सब
हामी झुक्नु हुदैन झुक्छ सहजै आकाश आफैँ तल
आफू आपसमा लडेर रणमा के हुन्छ ? के पाइयो ?
छि : छि : छैन विवेक आज किन खै ? यो देश हाम्रै त हो

पृष्ठ ३७

यसरी यस कविता मार्फत कविले देशको वर्तमान स्थितिलाई छर्लङ्ग पार्दै यस धर्तीमा जति मानवले रगतको खोला बगाए, ती रगतको मूल्य सदासर्वदा रहोस् । ती वीरसहिदको सपना साकार होस् र अव यस भूमिमा युद्ध होइन, बुद्धको जन्म होस्, यो राष्ट्रमा शान्ति छाओस् भनेका छन् । राष्ट्रले जन्माएका सहिदहरूले आफू मरेर गएपनि यो भूमि बाँचिरहोस्, आफू पराजय भएपनि राष्ट्रको जयहोस् भनेको अनुभूत गर्दै अन्तिम वाक्यमा पनि हाम्रो रगतले गर्दा नेपाल हाँसीरओस् भनेर सहिदले बोली रहेका छन् भन्दै अब युद्ध गर्नु हुँदैन युद्ध रहेमा न त कसैको जीत हुने न त हार । त्यसैले यस राष्ट्रमा हजारौँ सहिदको धड्कन गएको छ आखिरमा सहिदकै जित हुन्छ अनि युद्ध छाडे नेपालकै हित भन्ने सारगर्भित पद्यांशमा कविताको अन्त्य गरेका छन् ।

शास्त्रीय वर्णमात्रिक शार्दूलविक्रीडित छन्दको पद्य ५ मा संरचित यस कवितामा सरल, सरस भाषाशैलीको प्रयोग गरिएको कारणले कविता बोधगम्या र अन्त्यानुप्रयासको कुशल संयोजनले श्रुति माधुर्य र लयात्मक बन्न पुगेको छ । यस देशेको वर्तमान अवस्थाको चित्रण गर्दै युद्ध होइन, बुद्धको खोजीमा लाग्नु पर्दछ र मात्र हाम्रो इतिहास र संस्कृति अनि अस्तित्वको पहिचान हुन्छ भन्ने सन्देश यस कविताको रहेको पाइन्छ साथै यसको केन्द्रीयकथ्य भने मानवीय चिन्तनमा विस्तारै आएको दरिद्रता र त्यसले निम्त्याएको दूरदशा रहेको छ ।

## यो देश ज्यूँदो रहोस्

कवि हेमराज अधिकारीको विचलित वर्तमान कवितासंग्रहमा संग्रहित यो कवितामा कविको राष्ट्रप्रतीको चिन्तन प्रस्तुत भएको छ । यस कवितामा राष्ट्र र राष्ट्रियता छ । आफ्नो जीवन केही होइन जीवन भन्दा सच्चा राष्ट्रभक्तका लागि यो राष्ट्र प्यारो लाग्छ । त्यसैले आफू मरेर गएपनि यो राष्ट्र सदासर्वदा जीवित रहोस् भन्ने कविमा रहेको चाहना मुखरित भएर यो कविता आएको छ ।

यो राष्ट्रमा रहेर आफूले नयाँ-नयाँ सिर्जना गर्दै मिठो भाकामा सङ्गीतमय सिर्जना गर्नसकूँ, जसले सम्पूर्ण भावलाई छाँगा र झर्नाझैं छङ्छङ् गरी नाग्न सक्ने बनावोस् । यो राष्ट्रले पनि नयाँ-नयाँ सिर्जनाले आफू आल्हादित भएको महशुस गरोस् भन्ने चाहना कविले यस कवितामा राखेका छन् । हामीले यही माटोमा बसेर यो देशको झण्डा फरफराउने र यो राष्ट्रलाई समुन्नत, समृद्धशाली बनाउनका लागि रवि र शशीको जस्तो चमक दिने आस्था राखेर शान्तिको भावना लिएर उठ्न सके यही भूमि शान्तिको प्रत्याभूति दिने बुद्धको देश बन्ने छ । तर दुनियाँमा हामीले विस्वास दिलाउन सक्नुपर्छ । जसरी माटोमा रहेको गुणले गर्दा यस धर्तीमा बिभिन्न

प्रकारका बोटविरूवाहरू फूलेर सुन्दरता प्रदान गरेका छन् त्यसरी नै हाम्रो सिर्जनामा माटोको जस्तो गुण छ भने त्यो सिर्जनाले आफैँ सुगन्ध छर्ने छ र देशप्रेमले ओत्प्रोत भएका कविता सिर्जना गर्न सकेको खण्डमा हामी मरेर गएपनि प्यारो देश बाँचिरहने छ भन्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् :

छर्दै ज्योति उठे यही रवि-शशी आस्था बनी फर्फर
माटो बुद्ध बनेर उठ्छ दूनियाँ विस्वास आओ छर
आफैं भित्र सुगन्ध भर्छ कविता माटो बनि आउँदा
प्यारो देश मुसुक्क हाँस्छ कविको त्यो काव्य पल्टाउँदा ।

पृष्ठ ३८

यसरी यस देशलाई खुसी पार्नका लागि यही माटोमा बसेर देशप्रेमले ओत्प्रोत भएका कविताको सिर्जना गरेर आफूले रसिला मान्छे जन्माउने, मान्छेका मनमा समुन्द्रको पानीझैं जमेर रहेका कु-बिचार, मैलाभावहरूलाई माझेर, पखालेर चम्काउने काव्य रचना गर्न सकूँ भनेका छन् । राष्ट्रिय भावले भरिएका र पूर्खाको योगदानलाई कदर गर्न सक्ने कविता सिर्जना गर्न आफूले सकेको खण्डमा त्यो पुर्खाको महिमा सुनेर बाटो बिराएर जङ्गल पसेकाहरू पनि यहाँ आउने छन् अनि देशको लागि प्राण त्याग गरेर स्वर्गमा गएका सहिदहरूले पनि आफ्नो सपना पूरा भएको महशुस गरी मिठो गीत गाएर खुशीयाली मनाउनेछन् भन्ने कुरा पनि कविले व्यक्त गरेका छन् ।

त्यसरी नै जसरी विश्वको सर्वोच्च शिखर नेपालमा रहेर विश्वलाई चिनाएको छ, त्यसरी नै हाम्रो भावना उच्च राख्न सके विश्वमा हामी चिनिने छौँ, जस्तो आकाश खुल्ला छ, त्यस्तै हाम्रो भावना राष्ट्रप्रति बफादार रहन्छ भने हामी नेपालीमा रहेको सीप एकतामा रहेर राष्ट्रका निम्ति डट्ने हो भने टुक्रा-टुक्रा भएको सीपले यो देशलाई बुद्धको देश बनाउने छ र यो सीपलाई विनाश हुन दिनुहुन्न निर्माण गर्नुपर्छ । हामी नेपालीहरूको शक्ति, नासियो भने यो देश पनि मासिने छ र हामी जिउँदो सास लिएर यो देशका लागि खडा भएको खण्डमा हामी मरेर गयौं भनेपनि यो देश बाँचिरहनेछ भन्ने भाव कविले यस कवितामा यसरी व्यक्त गरेका छन् :

हामी उच्च हिमाल बन्न नसके देखिन्न संसार यो
त्यो आकाश बनेर उठ्न नसके हट्दैन कालो अहो
हाम्रो सीप विनाश बन्न यसरी लौ हुन्न निर्माण होस्
हाम्रो शक्ति ननासियोस् रगत भै यो देश ज्यूँदो रहोस् ॥

पृष्ठ ३८

यसरी यस कविता मार्फत कविले यो देशको सापेक्षतामा हाम्रो जीवन केही होइन देशको भलो हुने काममा लाग्दा हामी मरेर गयौं भने पनि यो देश बाँचिरहोस् भन्दै आफूमा रहेको राष्ट्रप्रेमको कवि चेतनालाई प्रस्तुत गरेका छन् । राष्ट्रिय भक्तिभाव केन्द्रीय कथ्य रहेको यस कविताको सन्देश पनि एकजुट भएर राष्ट्रको लागि बफदारीका साथ लाग्नुपर्छ भन्ने नै देखिन्छ । शास्त्रीय वर्णमात्रिक शार्दूलविक्रीडित छन्दको पद्य ४ को संरचनामा रचित यो कवितामा तत्शम्, तद्भव र झर्रा नेपाली शब्दको कुशल संयोजन पाइन्छ अन्त्यानुप्रयासको कुशल प्रयोग र सरल, सरस भाषाशैलीका कारण कविता लयात्मक र श्रुतिमाधुर्य बन्न पुगेको छ ।

## मान्छेको कविता

यस संग्रहमा सङ्ग्रहित सबै कविता दश वर्षे जनयुद्धको परिवेशमा लेखिएको हुनाले त्यस अवस्थामा भएका यथार्थलाई देखाउँदै त्यसले निम्त्याएको दूरदशा र मानवीय मनमा आएको चिन्तनलाई अभिव्यक्त गरिएका छन् । यो समयको घिनलाग्दो परिवेशबाट मानव मनमा उब्जिएका भावनाहरूलाई व्यक्त गर्ने क्रममा कविले सबै मान्छेको प्रतिनिधिपात्र आफू बनेर बुद्धको देश बनाउन आगाडि बढेका, शान्ति स्थापना गर्नका लागि हिडेका तर हामीले भूल गरेका, भोका, नाङ्गाहरूलाई भूलेका र अहिलेका मानिसमा मानवीय मौलिकता विस्तारै धमिलिदैं गएकोले यस किसिमका मानवबाट खासै अपेक्षित सत्य आविर्भाव हुन नसक्ने कुरा बताएका छन् । यसै क्रममा कवि भन्छन् :

लेख्यौं बुद्ध, बिचार भित्र मनमा आएन कैल्यै किन ?
बाल्यौं मात्र कि शान्ति खै त जनमा छाएन ऐले किन ?
पक्कै भूल भयो पछाडि अझ लौ फर्की नहेर्ने किन ?
भोकै छन् कि असङ्ख्य मानिसहरू बिर्सेर आयौं किन ?

पृष्ठ ३९

हाम्रो शक्ति भनेको विनास होइन नौलो रचना गरी संसार ढाक्ने बनोस, हाम्रो छातीभित्रका बिचारहरू आकाश जस्तै फराकिला छन् तुवाँलोले ढाकेको पर्वत र हिमाल फाँटहरूमा तुवाँलो हट्दै गएपछि जसरी खुल्ला हुन्छन् त्यस्तै गरेर हाम्रो बिचारमा खराव सोचको तुवाँलो लागेको छ । यो हाम्रो हृदयबाट त्यो नहटेसम्म हृदय खुल्ला हुँदैन । त्यसैले हृदयलाई आकाश जस्तै खुल्ला पार्नलाई हाम्रो तुवाँलोरूपी खराव सोचलाई हटाउनु पर्दछ अनि मात्र लासहरू पनि नयाँ जीवन पाएर यही देशमा उड्नेछन् भनेर कविले भनेका छन् । मेचीदेखि कालीसम्म शान्तिको गीत

गाँउदै नयाँ-नयाँ आभाहरू ल्याउनु पर्दछ अनि मात्र जसरी गुँरास, जाहीजुही फूल्दा यो प्रकृति सौन्दर्य देखिन्छ त्यसरी नै यो देश पनि शुन्दर बन्नेछ अनि शान्तिको बाँसुरी बज्दा मात्र फूल्न लागेको कोपिलाको रूपमा रहेको प्रजातन्त्र फक्रन सक्छ भन्ने कुरा सबै मानिसको मानसपटलमा रहेको छ, भन्ने कुरा देखाउन पनि यो कवितामा कवि पछि पर्दैनन् ।

अब हामी मानिसहरूले शान्तरसका नीला शब्दहरू कुँदेर आकास जस्तै बन्नु पर्दछ, प्यास नमेटिने बगरको पानी बन्नु पर्दछ । हामी सबैले बुद्धको देश नेपाल भनेर विश्वमा चिनाउनु पर्दछ अनि जसरी फूलले सुवास दिएर फूलप्रेमीलाई आकर्शित गर्दछ त्यसरी नै हामी नेपालीले शान्तिको सुवासले छाएको देश नेपाल भनेर विश्वलाई परिक्रमा गर्नुपर्दछ भन्ने भाव अहिलेका मान्छेको मनमा रहेको छ । त्यही भावका कविता अहिलेका मान्छेको मुखारविन्दू भएका छन् भन्ने कुरा देखाएका छन् । हेरौं कविकै श्लोकबाट :

नीला शब्द कुँदेर शान्तरसका आकाश जस्तै बनूँ
कैल्यै प्यास नमेटिने बगरको पानी म आफैं बनूँ
आफैं बुद्ध बनेर विश्वभरि नै नेपाल बोलौं अब
मात्र फूल बनी सुवासित हुँदै संसार ढाकौं सब

पृष्ठ ४०

यसरी यस कविता मार्फत कविले एउटा सुन्दर सिर्जनाको लागि यही माटोमा पसिना बगाएर खुल्ला हृदयले मान्छेको कविता बाटैभरी गाउने भन्दै सम्पूर्ण मानवले अहिले आएर त्यस्ता रगतको फोहोरी खेल नखेलौं, यहाँ धेरै झेल भएका छन् त्यस्ता धेरै झेल र खेल भयो भने हाम्रा आस्थाका चुचुराहरू चम्किँदैनन् हाम्रा आस्थाका चुचुरा चम्काँउनका लागि हाम्रो मानवीय मौलिक रूपलाई सङ्ल्याउँदै लानु पर्दछ र मात्र अपेक्षित सत्य आविर्भाव हुन सक्छन् भन्ने सन्देश यस कविताको रहेको छ । यस कविताको केन्द्रीय कथ्य भने मान्छेको चिन्तनगत बीचत्रताको प्रस्तुती नै रहेको पाइन्छ ।

यो कविता शार्दूलविक्रीडित छन्दमा छ भने यसमा पाँचवटा पद्य रहेका छन् । संस्कृतका तत्सम, तत्भव र नेपाली झर्रा शब्दको प्रयोग भएको छ, बिम्ब प्रतीकको समूचित प्रयोगले कविता आस्वाद्य बनेको छ । अत्यानुप्रास मिलाइएकाले कविता सरल, सरस र लयात्मक बन्न पुगेको छ । सरल भाषाशैलीका कारण कविता श्रुतीमाधुर्य र बोधगम्य उतीकै रहेको छ । शान्तरसलाई अङगीरसका रूपमा पयोग गरिएको यो कविता समयसापेक्षतामा उच्च कोटीको देखिन्छ ।

## सच्चा बनेनौं किन ?

कवि अधिकारीको यो कविता अहिलेको बर्बर्ता देखेर हामी नेपालीहरू अहिलेको समयमा आएर सबै फटाह, झेली, ठग र अपराधि भइसकेका र हामीमा सत्यता भन्ने केही नरहेको, हामी झूट भइसकेका मानवीयताको भावना हराउँदै गइरहेको विवेकहीन बन्दै जादैछौं । त्यसैले आजका हामी मानिसहरू त्यस्तो बाटो छोडेर मानवीय सत्यको खोजी गरेर सत्यको बाटोमा हिड्न सक्ने विवेकशील दृष्टि भएका हुनु पर्दछ भन्दै मानवलाई सच्चा बन्न आग्रह गर्दै लेखिएको कविता हो ।

यी आफ्ना पहाड, तराई बाटा र बस्तीहरूमा निर्धक भएर स्वतन्त्ररूपले डुल्न, बाँच्न पाउनु पर्ने, नौला-नौला सिर्जनाका रसीला गीतहरूद्वारा सबैको मन पखाल्नु पर्ने अवस्था आएको तर त्यसो गरेमा हामी झूट मान्छेबाटै हामी मान्छेले नै तातो गोली खान बाध्य हुनु पर्दछ । एउटा नायक बनेर गोली ठोक्ने आदेश छाट्छ । जस्ले गर्दा मानिस सच्चा नबनेको बताउछन् ।

अहिलेको मानवमा मानवीयताका भावना छैन त्यो भावना कसले भाँचिदियो, अनि मानिस भएर सत्यताको बाटोमा हिड्नु पर्ने, साँचो बोल्नु पर्ने, सत्य काम गर्नुपर्ने त्यो भएको छैन । त्यो सत्यको बाटो कसले रोकिदियो अनि आजका मान्छेले आफैंले आफैंलाई अनि आफ्नो घरलाई आगो लगाइ रहेका छन् अब ती मानवहरूले कहाँ र कसरी बस्ने ? आजका केही मान्छेहरू स्याल बनेर हु-हु गर्दै रूदै हिडेका छन् भने केही रूवाउँदै हिडेका छन् जसले गर्दा मान्छे विवेकहीन भएर आफ्नो सत्यता गुमाएको छ भन्छन् । यो नेपाललाई घर र यसमा बस्ने मानिसलाई त्यही घरका सदस्य मानेका अधिकारीले आजका मान्छे स्वतन्त्ररूपले बोल्न हाँस्न, हिड्न पाएका छैनन् उनीहरूको बोल्ने, डुल्ने, बाँच्ने नैसर्गिक अधिकारहरू हनन् भइरहेछन् । मानवका चेतनाका सबै ढोकाहरू बन्द भएका छन् । बाटामा हिड्न पनि धौ-धौ छ, त्यसैले आजको मान्छेले गरेको बर्बर्तालाई कवि यसरी वकालत गर्दछन् :

मान्छे छन् घरभित्र बोल्न नहुने ढोका सबै बन्दछन्
बाटामा पनि हिँड्न हुन्न भन यो कस्तो प्रजातन्त्र झन् ।

...

पृष्ठ ४१

यो नेपाल हाम्रो घर हो, हामी यसका मालिक हौं । तर यही हाम्रो घरभित्र स्वतन्त्र भएर बस्न र बाँच्न पाएका छैनौं त्यसैले यस धर्तीमा जिउँदाले शासन गर्नुपर्ने त्यसको ठीक विपरित शालिकले शासन गर्दैछ । मान्छेले मान्छेलाई सर्पलेझैं डसेको र निर्धालाई दास बनाएको

छ । तर त्यो उसको बर्बर्ता हो त्यसबाट उसले मुक्ति पाउँदैन भन्दै आजका मान्छेका बर्बर कर्मको प्रस्तुती गर्दै मान्छेमा मानवीय सत्यता हराउँदै गएको र मानव साँच्चो बन्न नसकेको । उसको मनमा दरिद्रता पसेको छ भन्दै अबका हामी मान्छे त्यस्ता हुनु पर्दछ जसले मानवीय सत्यताको पक्षमा उभिएर विवेकशील भइ सत्यताको खोज गरी व्यवहारमा प्रयोग गर्नुपर्छ भन्ने आग्रह कविले यसै कवितामार्फत गरेका छन् ।

यो कविता शार्दूलाविक्रीडित छन्दको पद्य ४ मा संरचित । सरल, सरस भाषाशैलीका कारण कविता बोधगम्य भएको छ । बिम्ब, प्रतीकको समोचित प्रयोग गरी अन्त्यानुप्रासको कुशल संयोजन गरिएकाले कविता लयात्मक बनेको पाइन्छ । मानवीय चिन्तनमा विस्तारै आएको दरिद्रता नै मूल केन्द्रीय कथ्य रहेको यो कविताको मूल भाव पनि मानवीय सत्यताको खोजी गर्न सक्षम विवेकशील दृष्टि भएको मानवको आवश्यकता रहेको छ । त्यसका लागि हामी सच्चा बन्नुपर्छ भन्नु नै रहेको छ ।

## हाँसेन मेरो कवि

कवि हेमराज अधिकारीको यो कविता मानिसका वर्तमानका बर्बरकार्यको चित्र उतार्ने प्रसंगमा आएको कविता हो । कविप्रौढोक्तिको ढाँचामा रचिएको यस कवितामा कविले वर्तमानको सन्त्रासपूर्ण वातावरणमा, अनेकौं नौला संभावना बोकेर झुल्किन लागेका सर्जकहरूले स्वतन्त्रपूर्ण ढंगले आफ्ना अनुभूतिहरू पोख्न नपाएको गुनासोहरू यस कवितामा गरेका छन् ।

पहिलाको वातावरण र वि.सं. २०५२ सालदेखि यताको वातावरणमा भएको अन्तर देखाउँदै कविले पहिलाका सर्जकहरूले स्वतन्त्र रूपमा आफ्ना अभिव्यक्तिहरू पोख्न पाउथे उनीहरूले मित्रमुस्कानले सुरिलो भाकामा आफ्ना अनुभूतिहरूलाई छर्न पाउथे र ती सिर्जनाले पाठकको माया पाउथे अनि सिर्जना र सर्जकले सम्मान पनि । तर आजको अवस्था त्यस्तो छैन जसले गर्दा आजका सिर्जना र सर्जकहरूले हाँस्न सकेका छैनन् भन्ने कुरा व्यक्त गरेका छन् । आजको वातावरणमा नयाँ सिर्जना लिएर दुःखी, अनाथ, शोषित, पीडित र वर्तमानको अवस्थालाई यथार्थ रूपले आफ्ना अनुभूतिलाई सिर्जनामार्फत पोखेर पाठकको माया पाएर हाँस्न र फूल्न खोज्यो भने गला रेटिने अवस्था छ त्यसैले कवि हाँस्न सकेका छैनन् र गुनासो स्वरूप कवि यसरी भन्छन्

भो ! भो ! हर्हर बासना नछर है साना नयाँ कोपिला
फक्री फूल नहाँस है अब तिमी रेटिन्छ तिम्रो गला

पृष्ठ ४२

यसरी हालको जताततै अशान्तिको तुवाँलोले ढाकेको सन्त्रासपूर्ण वातावरणले गर्दा यहाँ कसैले स्वतन्त्रपूर्ण रूपले हाँस्न नसकेको अनुभव गर्दै हजारौं भूल भएपनि शूल नभए केही पनि नबिग्रने, एउटै मूल फूटेर सीप छ भने हाम्रो गौरव रही रहने तर फूटेको मूलको प्रयोगमा आफूले सीप पर्दशन गर्न नसकेमा हाम्रो गौरव नै डुबेर जाने अवस्था रहन्छ भन्ने कुरा कविले व्यक्त गरेका छन् । यस्तो सन्त्रासपूर्ण वातावरणमा नयाँ सिर्जना र सीप लिएर नआए हुन्छ, किनकी मानसिक सन्त्रास भएको सर्जकले ल्याएको सिर्जना उज्यालो बिनाको किरण हुन्छ । त्यसैले कविमा रहेको कवित्व पनि यो वातावरणको डरले प्रष्फुटन हुन सक्दैन फस्वरूप कवि हाँस्न सक्दैन भन्ने कुरा कविले यसरी बताएका छन् :

भैगो घाम नझुल्क ! आज हिमका छैनन् उज्याला छवि
आँफैबाट डराई भाग्छ कविता हाँसेन मेरो कवि ।

पृष्ठ ४२

यसरी यस कवितामार्फत कविले हालको अवस्थामा प्राकृतिक सौन्दर्य र काव्यिक उपकरणहरूका संभावना प्रसस्तै हुँदाहुँदै पनि सिर्जनाका स्रष्टाहरूको भावना स्वतन्त्र रूपले प्रष्फुटन हुन नसक्ने स्थिति उद्भाषित हुदैं गरेको यथार्थताको भाव देखाएका छन् । परिस्थितिका कारण चिन्तनमा आएको विकृति नै मूख्यरूपमा केन्द्रीय कथ्य रहेको यो कविता सरल, सरस भाषाशैलीका कारण बोधगम्य रहेको छ । शार्दूलविक्रीडित छन्दमा रचित यस कवितामा ४ वटा पद्य रहेका छन् । अन्त्यानुप्रासको कुशल प्रयोगले गर्दा कविता लयात्मक र श्रुर्तीमाधुर्य बनेको छ ।

## नेपाल मेरो मुटुको टुक्रा

मान्छेलाई आफ्नो जन्मभूमि प्राणभन्दा प्यारो छ । त्यसैले वीर नेपाल आमाका सपूतहरूले वीरगति प्राप्त गरेका छन् । कविको जन्मभूमि पनि नेपाल नै भएको कारणले गर्दा कविलाई नेपाल आफ्नो मुटुको एक टुक्रा भएको अनुभूति हुन्छ । कविले आफ्नो जन्मभूमिप्रति प्रगाढ प्रेम यस कवितामार्फत पोखेका छन् ।

कवि आफू स्वतन्त्र रूपले बस्ने ठाउँ रोज्न पाउँदा नेपाल नै रोज्ने र यही नेपाललाई फूलबारी र आफूलाई माली सम्झेर सधैं यही देशको गोड्मेल गर्ने इच्छा प्रकट गर्दछन् । यो देशमा रहेका हिमाल हाँस्दा र यस देशमा भएका प्राकृतिक छटाहले सौन्दर्य दिँदा साच्चिकै यो देश आकाशमा रहेका जून र तारा जस्तो देखिन्छ । जसरी तारा र जूनले चमक दिन्छन् त्यसै गरी यो देश चम्किरहेको अनुभूत गर्छन् कवि अधिकारी ।

आफू यही देशमा रहेर यही माटोको मायामा अल्भिएर सम्पूर्ण श्रम र सीप लगाएर मोती फुलाउने र यस धर्तीलाई स्वर्ग बनाएर ज्योति जगाउने प्रतिज्ञा गर्छन् । हेरौं कविताको श्लोकबाटै :

यै माटाभरि ममता पोखी म मोती फुलाउँछु
धर्तीको सानो यो स्वर्गबाट म ज्योती जगाउँछु

पृष्ठ ३४

यसरी अरू देशको तुलनामा सानो तर स्वर्गको रूपमा रहेको यो देशमा विहानी शीत टप्किदा हिमाल हाँस्छ । एक आपसमा मिलेर माया र ममता साटासाट गरेर यो देशको उन्नतीमा लाग्यो भने यो देश पक्कै नाँच्ने छ भन्दै आफू सधैंभरि यै देशमा बाँचिरहूँ र यो नेपाल मेरो मुटुको टुक्रा हो म रहुन्जेल यही गीत गाइ रहन्छु भन्दै राष्ट्रप्रेमको भाव कवि कविताको संरचना र गीतको भाकामा यसरी भन्छन् :

बाँचेर सधैं नेपालभरि म छाइरहन्छु
नेपाल मेरो मुटुको टुक्रा म गाइरहन्छु ।

पृष्ठ ४३

यो कविता पढेपछि कवि अधिकारी, लक्ष्मीप्रास देवकोटाको कवित्वबाट प्रभावित रहेको कुरा सहजै अनुमान गर्न सकिन्छ । झ्याउरे गीति छन्दमा रचिएको यस कवितामा जम्मा ६ वटा कविता रहेका छन् । सरल, सहज बोलीचालीको भाषाशैलीले गर्दा कविता आस्वाद्य बनेको छ । अन्त्यानुप्रासको कुशल प्रयोगले गर्दा कविता लयात्मक र श्रुतिमाधुर्य बनेको छ । आफू जन्मेको मातृभूमिप्रति राष्ट्रप्रेमी मान्छे त्यसको अस्तित्व रक्षाको लागि सधैं उत्सर्ग भावबाट प्रेरित रहन्छ भन्नु नै केन्द्रीय भाव देखिन्छ भने देशको गौरवमय इतिहास र हाम्रो चिन्तनको प्रस्तुत गर्न पनि यो कविता उतिकै सफल देखिन्छ ।

## उज्याला मान्छे

यो कविता मान्छेको शरीरको महत्ताको यथार्थ अनुभूति प्रस्तुत गर्ने कविता हो । यसमा मान्छेकै महिमा गान गाइएको छ । यस कवितामा उज्याला मान्छे भनेर नेपाल आमाको उन्नती र प्रगतिमा लाग्दालाग्दै यही मातृभूमिको काखमा प्राण त्याग गरेर जाने वीरपुरूस्वार्थ सहिदलाई सङ्केत गरिएको छ । पहिलाको अवस्थामा कविले गाउँबस्ती सहरलाई अध्याँरो देखेका छन् र त्यस समयको मान्छे पनि अध्याँरा रहेका थिए । तिनै अध्याँरो गाउँ, सहर, बस्तीलाई उज्यालो पार्न अनि तिनै अध्याँरो मुहार भएका अध्याँरा मान्छेलाई उज्यालो पार्न कम्मर कसेर साहसका साथ अगाडि

बढ्ने त्यस्ता व्यक्ति वीरलै पाइन्छन्, जो पृथ्वी जस्तो विशाल छाती र पहाड जस्तै अटल भएर अगाडि बढेका थिए । तिनीहरूको अनुहार जसरी चन्द्रमा बल्दछ त्यसरी नै धप्धप् बलेको थियो भनेर मान्छेको महिमा यस कवितामा गाइएको छ ।

यस देशमा रहेको अन्धकारलाई हटाएर उज्यालो प्रकाश छर्ने र अध्याँरो मुहार भएका मान्छेको मुहार उज्यालो पार्नका लागि साहसका साथ हिनेका त्यस्ता मान्छे जुन बलका आँटी र बुद्धिका खाँटी थिए भनेर कविले बताएका छन् । जुन अभिव्यक्तिलाई कवितामा यसरी व्यक्त गरिएको छ :

बलका आँटी बुद्धिका खाँटी, उज्याला मानिस
उज्यालो संसार बनाउन हिँडे, लिएर साहस

पृष्ठ ४४

आँट, हिम्मत र साहस लिएर यो गाउँबस्ती सहरलाई उज्लो पार्न हिडेका त्यस्ता उज्ला मान्छेले मान्छे भएर मान्छेकै व्यवहार गरेको, छोरा भएर आमाका लागि पूरा गर्नुपर्ने कर्तव्य पूरा गरेको मातृभूमिको रक्षका लागि एक कदम पनि पछाडि नहटिकन डटेर देशको नाम राखेको कुरा कवितामा व्यक्त भएको छ । नेपाललाई खर्लप्प निल्नका लागि दक्षिण तिरबाट लम्किएका विस्तारवादी, साम्राज्यवादी अंग्रेजहरूको सामना गर्न त्यति सहज थिएन विशेष गरी यहाँ उज्याला मान्छे (सहिद) भनेर नेपाललाई अंग्रेजको पञ्जामा पर्न नदीन लड्दा वीरगति प्राप्त गरेका र जहानीया निरंकुश राणाशासनको विरूद्धमा लड्दा वीरगती प्राप्त गरेका अनि पञ्चायति व्यवस्थाका विरूद्धमा लड्दा वीरगति प्राप्त गरेका व्यक्तिलाई सङ्केत गरेको पाइन्छ । यसरी भदौरे भेलझैँ उर्लीएर आएका माथि डटेर लड्दा कतिले गोली खानु परेको र देशको अस्तित्व जोगाइ देशमा प्रजातन्त्रको उदय गराउनका लागि साहस बोकेर हिड्दा कतिले गोली खानु पऱ्यो तर तिनीहरूले कहिल्यै ऐया भनेनन् र कसैको गुहार पनि मागेनन् । देशमा रहेको अध्याँरो हटाएर नेपाल आमाको मुख हँसाउँने व्यक्ति हाम्रा ढुकढुकि र आस्थाका भरोसा थिए । नेपाली जनताको मुहार हँसाउँन नपाउँदा नपाउँदै आफूले वीरगति प्राप्त गरे भन्दै कवि यसरी भन्छन् :

ऐया म मरेँ, भनेनन् तिनले मागेनन् गुहार
अध्याँरो हटाइ, हँसाइ छाडे आमाको मुहार
सहिद, तिमी ढुकढुकी हाम्रा आस्थाका शिखर
अध्याँरा मान्छे, अध्याँरो मुहार, फेर्नेथ्यो रहर ।

पृष्ठ ४४

यसरी यस कवितामा नेपाल आमाको संरक्षण र नेपाली जनताको भलाइका लागि वीरगतिप्राप्त गर्ने व्यक्तिलाई उज्याला मान्छेको सङ्केत दिएको छ । नेपाली लोकलयको झ्याउरे गीति छन्दमा सरल, सरस भाषाशैलीको प्रयोग गरिएकाले यो कविता सुबोध्य र अन्त्यानुप्रासको उचित संयोजनले गर्दा श्रुतिमाधुर्य बनेर आएको छ । ६ वटा कविताको संरचनामा कविताको आयाम फैलिएको छ । यसरी मान्छेको महिमागान गाउँदै मान्छे भएर मान्छेकै व्यवहार गर्नु पर्दछ, छोरा भएर आफ्नो कर्तव्य पूरा गर्नुपर्दछ र उज्याला मान्छेको श्रेणीमा रहनका लागि मातृभूमिप्रति बफदार भइरहनु पर्दछ भन्ने सन्देश यस कविताको देखिन्छ । साथै मान्छेको महिमागान गाउनु नै केन्द्रीय कथ्य भएर आएको छ ।

## पानी

यो कविता सम्पूर्ण प्रकृति र मानवजगत्को जीवनदाताको रूपमा रहेको पानीको महत्तामाथि प्रकाश पार्दै लेखिएको कविता हो । यस पृथ्वीमा जब पानी रहन्न तब कुनै सजीव प्राणी नरहने भएकोले यस्तो सम्पूर्ण जीवनप्राणदाताको महिमागान गाउन कवि सफल रहेका छन् । पानी सबै सजीवप्राणीको जीवनदाता भएकाले सबैको प्यारो वस्तु हुन पुगेको छ । जहाँ पानी रहन्छ, त्यहाँ प्रकृतिका सौन्दर्यपूर्ण वस्तु, वनस्पतीहरू रहन्छन् र तीनै हरियाली प्रकृतिको छेउमा बसेर पानीले प्राण लगाइ दिन्छ । अग्ला पहाड पर्वतको शिर नाग्दै झर्झर झर्ने गर्दछ अनि बाँझो धर्तीलाई रसाउँदै नलीनालाको रूप लिएर बग्दछ भन्दै पानीको महत्व दर्शाएको छ यस कवितामा । कतै तालको त कतै पोखरीको, कतै खोलाको रूपमा गड्गडाएर बग्ने पानीले कुनै पनि फोहोर मैला बस्न नदीएर, धुलोमैलो बगाएर यस धर्तीलाई सफा पार्ने काम पानीले आफ्नो कर्तव्य ठानेर गरिरहेको छ । फोहोर, मैलो पखालेर आफ्नो वरिपरिको वातावरण सफा राखेर फूलहरू फूलाउने काम पानीले गरेको छ भन्ने कुरा यस कवितामा देखाइएको छ । अग्ला हिमालका टाकुरामा मुस्कुराउँदा पानीको सानो थोपाको रूप लिएर पानीले सारा धर्तीलाई भिजाएको छ । अनि पानी आँटी, फूर्ति र जाँगरिलो छ, यो निरन्तर बगीरहन्छ हुरीबतास, पहाढपर्वतले पनि रोक्न र छेक्न सक्दैन । थोपाको रूप लिएर आएको पानीले नदीको रूप लिदै सारा समुन्द्रको विशाल रूप लिन्छ र मानव लगायत सम्पूर्ण सजीव जगतको यसले सेवा गरेको छ भन्ने कुरा यस कवितामार्फत कविले देखाएका छन् ।

अनुष्टुप छन्दको ६ पद्यको संरचनामा संरचित यस कवितामा सरल, सहज र सरस भाषाशैलीको प्रयोग भएको छ । अन्त्यानुप्रासको कुशल प्रयोगले कविता लयात्मक बन्न पुगेको छ ।

निर्मल तत्वको निर्माता र समस्त प्रकृतिजगत र मानवजगतको जीवनदाता नै पानी हो भन्ने भावका साथ पानीको महत्वमाथि प्रकाश पार्नु यस कविताको केन्द्रीय भाव रहेको देखिन्छ ।

## सखे, तिलाञ्जलि छ यो

कविले यो कविता विद्या आर्जनकोक्रममा परिचित साथी जो कविका आत्मिय मित्र थिए । उनी आज यस धर्तीमा छैनन्, जसका हजारौं संझना कविको दिमागमा आइरहेकाले आफ्नै पुजनीयहरूको कठोर यातानाको व्यवहारलाई चुनौती दिदै छात्रवासमै जलेर आत्महत्या गरेका थिए । तिनै साथीको संझनामा कवितामार्फत श्रद्धाञ्जी अर्पण गर्दै लेखिएको कविता हो ।

आत्महत्या नगर्नु थियो तर साथीले गरिहाले, जे नहुनु थियो आज त्यही भयो भन्दै आफ्नो अमूल्य रगत यै देशमा बगाएर मृत्युवरण गरेको देखेर आज हिमाल पग्लीरहेको र ठूलो शोकमा परेको र कवि आफू पनि शोकमा परेर आँशु चुहाइरहेको, प्रकृति पनि निःशब्द भएको मात्रृभूमि पनि पुत्रको खोजीमा लागिरहेको भन्दै कवि साथीको वियोगमा पर्दा उत्पन्न हुने भाव अभिव्यक्त गर्दछन् ।

ती साथीको वियोगमा कवि आफूमात्र होइन यस धर्तीमा रहेका गुँरास चमेलीले पनि आँशु झारिरहेको र नेपाल आमाले पनि खोजिरहेको र साथी जिवित हुँदा ती साथीले भनेका कुराहरू सम्झँदै आफूलाई एक्लो पारेर गएकोमा कवितामार्फत यसरी सम्झने गर्छन् :

उजाड गाउँबस्तीमा म चेतना फिजाउँछु
गरीव साथीभाइ हो ! समता दिलाउँछु
म झट्ट मातृभूमिमा विशाल स्वर्ग रच्दछु
भनेर गैगयौ तिमी मखाली आश गर्दछु

पृष्ठ ४७

यस श्लोकबाट कविका ती साथी जो आज यस भौतिक जगतमा छैनन् उनको सोच गाउँबस्तीका लाटासोझा जनताको दिमागमा चेतना भर्ने, सबैमा समानता ल्याउने यो मातृभूमिलाई स्वर्ग बनाउने कुरा गर्थे भन्ने पुष्टि हुन्छ । तर आज छाडेर गए कविको मात्र आश छ, पक्कै त्यो वलिदानीले एक दिन यो भूमि स्वर्ग बन्नेछ । तीक्ष्ण बुद्धि भएका, मुसुक्क हाँस्दा रत्नझैं मुहार चम्कने साथीको कस्तो बन्ने, के गर्ने बिचार थियो तर कविलाई नभनी गएको र कविले संझना गर्दा नयाँ काम नथालेको विर्सन खोज्दा पनि नसकेको वर्षौं वर्ष साथीको यादको

आँशुले भिझ्केकोमा तिनै आत्मीय साथीलाई शब्दमा तिलाञ्जलि दिएर कविले कविताको अन्त्य गरेका छन् ।

पञ्चचामर छन्दको पद्य ७ को आयाममा संरचित यो कवितामा तत्सम्, तद्भव र झर्रा नेपाली शब्दको प्रयोग सरल तरिकाबाट गरिएको छ भने अन्त्यानुप्रास मिलाइएकोले कविता लयात्मक र श्रुतीमाधुर्य बन्न पुगेको छ । यस कवितामा देशको सुरक्षाका लागि समर्पणको भाव व्यक्त भएको छ । देश र जनताको पक्षमा लागेर आत्मोत्सर्ग गर्ने राष्ट्रभक्ति माथि गरिने बलिदानी कार्यको महिमा गाउँन सफल छ; कविको यो कविता ।

## मधुरो झझल्को

यो कविता कविको आफ्नो वाल्यकाल पुरै बिताएको जन्मस्थलको बारेमा पछिल्लो जीवनमा आएका स्मृतिको क्षणहरूलाई अभिव्यक्त गर्ने सन्दर्भमा रचिएको कविता हो । त्यही जन्मस्थलमा भएको प्राकृतिक सौन्दर्य नदी, नाला, पहरा, छहरा, हिमाल, पर्वत, देवस्थल, झर्ना आदिको याद आउँदा कविले जन्मस्थलको मुक्तकण्ठले प्रसंसा गर्न पुगेका छन् । जन्मस्थलमा रहेका चराचुरूङ्गीले प्राचिनताको कथा गाइरहेको त्यो ठाउँ स्वर्ग भएको, यात्रुहरू पनि दर्शनका लागि त्यही ठाउँमा आउने गरेको । कविको अनुभूत यस कवितामा पाइन्छ ।

आफ्नो जन्मस्थलमा कोही आयो भने हेर्नेगर्नु त्यो ठाउँमा दुरूस्त मान्छेकै आकृति रहेको छ भन्दै टाढा-टाढाका बटुवाहरू पनि पाथिभरा र कञ्चनजंघाको काखमा रहेको मेरो जन्मस्थललाई एक नजर लगाउनु भन्दै ती पाथिभराको आशिर्वादले तिनीहरूको इच्छा पूरा हुने कुरा बताएका छन् । आफू आफ्नो जन्मस्थलमा हुँदा त्यहाँको प्रकृति र भूमिको माया जति पाएको थियो, त्यति माया कविले अन्य ठाउँबाट पाउन नसकेको अनुभूत गर्दै सबै भन्दा प्यारो आफ्नो जन्मस्थल नै रहेको देखाउँदै जन्मस्थलप्रतीको प्रगाढ प्रेम देखाएको छ; यस कवितामा ।

आफू जन्मिएको ठाउँको पानीलाई पनि अमृत सम्झेर कविले त्यस ठाउँका धाराको वर्णन गरेका छन् । कुनै वस्तु, खानी पत्ता नलागे पनि त्यस ठाउँमा बगेका छाँगा, झर्ना, कावेली र तमोर नदीको छङ्छङ् आवाजले त्यही ठाउँ स्वर्ग भएको अनुभव कविको छ । कविको अन्तिम इच्छा पनि अनन्तकालक्रममा लेखा पनि त्यही ठाउँमा पाइयोस् भन्ने इच्छा प्रकट गरेका छन् । जे, जति कविले गर्न सकेपनि र जे बनेपनि आखिर देहान्त भने उनी जन्मेको जन्मस्थलमा नै होस् भन्दै आफ्नो जन्मस्थलप्रतीको असिम मायालाई कवितामार्फत यसरी व्यक्त गरेका छन् :

इच्छा यो अनन्त कालक्रमको लेखा यहीँ पाइयोस्
जे जे हुँ म बनूँ, बनूँ तर यहीँ यो देहको अन्त्य होस् ।

पृष्ठ ४८

शार्दूलविक्रीडित छन्दको पद्य ४ को संरचनामा संरचित यो कविता तत्सम्, तद्भव र झर्रा शब्दको प्रयोग सहज रूपमा प्रयोग भएको छ । शब्दालङ्कार र अर्थालङ्काकारको उचित प्रयोगले कविता लयात्मक, भावात्मक र श्रुतीमाधुर्य बनेको छ । मनको कुनाकानीबाट व्युझिएका स्मृतिका पुञ्जहरू नै मूल केन्द्रीय कथ्यका रूपमा आएको पाइन्छ । आफू जे भएपनि जस्तोसुकै बनेपनि जन्मस्थलको माया र समर्पण भाव राख्नु पर्दछ भन्ने सन्देश दिन सफल यो कवितामा जन्मभूमिप्रतीको समर्पण भाव रहेको देखिन्छ ।

## मृत्यु चिन्तन

यस कवितामा कविले मृत्युको अनिवार्य सत्यसम्बन्धी चिनतन प्रस्तुत गरेका छन् । जीवनबारेको दर्शन प्रस्तुत गरेका छन् । यस धर्तीमा जो, जस्तो बनोस्, चन्द्रमा भएर झुल्क्योस् वा तारा भएर चम्कियोस् यात संसारकै वीरउपाधि नै किन नपाओस् तर त्यसले आखिरमा म मरे नि !पानी भन्दै यहीँ खरानी हुनुपर्छ भन्दै शरीरको नाश्वरता र मृत्युको नियमित नैसर्गिकता देखाएका छन् ।

यस धर्तीमा जन्मिएर आएपछि सर्वसाधरणदेखि लिएर विद्वान, कवि, सन्त, सग्ला, धीर र सूर्यसँग तुलनीय व्यक्तिले पनि मर्नुपर्छ । यो संसारलाई जित्नेले पनि काललाई जित्न सक्दैन र उसले पनि ढल्नु पर्छ भनेका छन् । मानिसले यो धर्तीमा पाइला नटेकी आमाको काखैमा पनि मर्नुपर्छ भनदै मृत्यु अनिवार्य छ भन्ने कुरा कविले बताएका छन् । मान्छेले बाँचुञ्जेल तेरो, मेरो भन्छन् इर्ष्या, द्वेष राख्छ तर मरेको दिन ती केही पनि पाउँदैन भने बाँचुञ्जेल तेरोमेरो भनेर इर्ष्या गर्नु व्यर्थ छ भन्ने कुरा देखाएका छन् । आफू एक दिन मर्नैपर्छ यो मेरो उ मेरो हो, छोराछोरी, दाजुभाइ, आफन्त-पराइ भनेर मायाममता हजारौं गाँस्छौ । तर यसरी भन्नु यो दुनियाँको बजारमा धिकार छ । कालले संसारमै झेल गरेर मान्छेलाई प्रेम नगरी मर्न लाग्दा, मर्नुको डरले आँशु झार्दा पनि कालको मुटु नपग्लने, काल त्यस्तो कठोर छ, जसको आत्मा कालो छ र कहिल्यै पनि कालको मन सङ्लिदैन भन्दै कालको वर्णन यस कवितामा गरिएको छ ।

शस्त्र-अश्त्रादी, यानहरू, धामीझाक्रिहरू औसधीहरू हजारौं भए पनि कोहीकसैबाट यस दुनियाँमा कालको औषधी बनाइएको छैन । काललाई कसैले जीत्न सक्दैन, कालले यो संसार

सिङ्गै पनि निल्न सक्छ भन्दै यो संसारलाई क्षणभरमा परास्त गर्न सक्नेले पनि आखिर मृत्यु सामु गलेर घुँडा टेक्नै पर्ने हुन्छ । त्यस्तो कालको पार नपाइसक्ने अवस्था छ र यस्तो संसारमै विजय गर्न सक्ने काललाई नमस्कार गर्दै कालको महिमागान अपार छ भन्दै कविताको अन्त्य गरिएको छ । हेरौं एक पद्यबाट :

संसार सिङ्गै पनि निल्न सक्ने
धिक्कार छन् ती सब गल्नुपर्ने
मेरो नमस्कार छ बारबार
हे काल तेरो महिमा नपार !

पृष्ठ ५०

यो कविता इन्द्रबज्रा छन्दको पद्य ७ को आयाममा फैलिएको छ । सरल, सहज भाषाशैलीको प्रयोग छ, अन्त्यानुप्रासको प्रयोग उचित तरिकाले गरिएकाले कविता लयात्मक र भावात्मक बनेको छ । मृत्युको अनिवार्य सत्यसम्बन्धी चिन्तन् नै केन्द्रीय कथ्य रहेको छ । जीवनबारेको दर्शन प्रस्तुत गर्दै मृत्युको प्रकृति नियति नैसर्गिकता र नश्वरशरीरको नियति प्रस्तुत गर्न यो कविता सफल छ । बाँचुन्जेल हामीले लोभलाच, घमण्ड, इर्श्या राखेर झगडा गर्नुको अलवा एकआपसमा मिलेर बसुधैवकुटुम्बको भावनाले बस्नुपर्छ भन्ने सन्देश यस कविताले दिएको छ ।

## मेरो नेपाल

राष्ट्रिय भक्तिभावले ओतप्रोत् भएका कवि अधिकारीको यो कवितामा पनि हाम्रो गौरवमय इतिहास र राष्ट्रिय भक्तिभाव पाइन्छ । राष्ट्रिय महिमाको गुणगान गाउने क्रममा कविले आफू भएको राष्ट्रियतालाई यस कवितामा व्यक्त गरेका छन् । कविले नेपालको ममता र माया कहिल्यै नहट्ने र यो देशमा केही नगरीकन नमर्ने इच्छा प्रकट गरेका छन् । यहाँ रहेको कालोलाई हटाउने र नेपाललाई उज्यालो बनाउनको लागि आफू घामझै उदाउने सोच राख्दै यो देशलाई खोजेर काहीँ पनि भेट्न नसक्ने अठोट गर्दछन् तर यस देशलाई उज्यालो बनाउनको लागि हामी सबै मिलेर नौलो निर्माण गर्नुपर्ने र मात्र इतिहास गौरवको शिरोपर हुने बताएका छन् । आफू साँगुरिएर रहेको र अब आफू अझ तन्केर पृथ्वी जस्तै फराकिलो मन लिएर जसरी आकाशको जूनले अध्यारो रातलाई उज्यालो पारिदिन्छ । त्यसरी नै यो धर्तीलाई उज्यालो बनाई स्वर्ग बनाउने भाव कविले यसरी व्यक्त गरेका छन् :

तन्केर जाऊँ कि अझैअझै म
फैलिएर ठूलो पृथिवी बनूं म
आकाशको जून टिपेर ल्याऊँ
नेपाल हो स्वर्ग भनी चिनाऊँ ।

पृष्ठ ५१

यो देशमा रहेका प्राकृतिक स्रोत र साधनलाई हामीले चिन्न सकेका छैनौं । यो नेपालका बेसीँ, फाँट चिन्न सकेका छैनौँ, यो नेपालमा थुप्रै प्राकृतिक साधनहरू छन्, ती साधन र स्रोतको पहिचान गरेर सदुपयोग हामीले गर्न सकेका छैनौ र नेपाल भन्दा अर्को सुन्दर ठाउँ यस धर्तीको त कुरै नगरौं आकाश भन्दा माथि गए पनि पाइदैन तर यस देशलाई फलाउँन र फूलाउन हामी लाग्नुपर्छ भन्छन् कवि; हेरौं एक पद्यमा :

झर्ना हिमाली तल नागबेली
यी फाँट बेसी नचिनेर खाली
आकाशभन्दा पनि माथि-माथि
पाइन्न नेपाल नखोज साथी !

पृष्ठ ५२

यो नेपाललाई स्वर्ग बनाउनको लागि हामीमा रहेको अभावहरू के, कति छन्, तिनीहरूको पहिचान गरेर ती अभावलाई पन्छाउँदै अगाडि बढ्नु पर्छ र सबैको मनमा नेपाल लेखिनु पर्छ भन्दै मान्छे भएर अनन्त जन्मिनु नपरोस, जन्म लिनु पर्‍यो भने यही देशमा जन्मनु परोस् । आफू मर्नुपर्दा पनि यही देशमा मृत्युवरण गरी यही देशको माटोमा मिल्नु परोस् भन्दै देशप्रतीको प्रेम कविले यसरी प्रस्तुत गरेका छन् :

पन्छाइ सारा जति छन् अभाव
पोखूँ कि क्या हो ! मनका म भाव
मान्छे भई अन्त नपाऊँ जन्म
माटो बनी मिल्न सकूँ यही म ।

पृष्ठ ५२

यसरी कविले आफूमा रहेको राष्ट्रप्रेमलाई कविताका माध्यमबाट हामी सामु ओकल्दै सबैको मनमा नेपाल लेख्नु पर्दछ । राष्ट्रभक्त बन्नु पर्दछ, यो देशप्रति समर्पित हुनुपर्छ भन्ने शिक्षा दिएका छन् । इन्द्रबज्रा छन्दको ५ पद्यमा रचना गरिएको यो कविता अत्यन्तै सुन्दर पदावली, सरस, सहज, सरल भाषाशैलीको प्रयोग र अन्त्यानुप्रासको कुशल संयोजनले गर्दा कविता लयात्मक

र भावात्मक बन्न पुगेको छ । देशको गौरवमय इतिहास र हाम्रो चिन्तनलाई केन्द्रीय कथ्य बनाएर लेखिएको यस कविताको मुख्यभाव पनि राष्ट्रिय महिमाको गुणगानको विषय नै रहेको छ ।

### सारांश

यसरी कवि अधिकारीले यस कवितासङ्ग्रहमार्फत सामयिक र सामाजिक सन्दर्भका कथ्यहरुलाई यस कवितासङ्ग्रहका मूल्य बनाउँदै उनले देखेको, भोगेको यथार्थका र इच्छा गरेको अनुभूतिलाई कविताका बिभिन्न शीर्षकमार्फत रस, अलङ्कार र ध्वानीको उचित प्रयोग गरी वर्तमान लेख्ने काम गरेका छन् । काव्यकलाले अपेक्षा गरेका तथ्यहरु विसङ्गतिका मूल्यहरु र मानवीय संवेदना यस कवितासङ्ग्रहमा कविको अन्तश्चेतनाका सहज र सम्वेदीत भाव बिम्ब निक्कै क्रियाशील बनेर प्रस्तुत भएका छन् । कवि स्फुट कवितामा आफ्नै प्रौढोक्तिमा सम्प्रेषित भएका छन् । यदाकदा सम्वादात्मक  सन्दर्भ आईलाग्दा कवि निबद्ध वक्तृप्रौढोक्तिको व्यवस्था भने साह्रै कम आएको देखिन्छ तर पनि कविता तत्वका दृष्टिले कवि अधिकारीका कविता उत्कृष्ट रहेका छन् । यस्था नवप्रतिभाबाट नयाँ-नयाँ कार्य सिर्जना हुने अपेक्षा सम्पूर्ण कविता प्रेमीको रहने छ र सर्जकले पाठकको हृदय रसाउन, मन पगाल्न सकेमा नै सर्जक र सिर्जना जीवित रहने छन् । त्यस्तै नयाँ पुस्ताका नवप्रतिभा अधिकारीको काव्यकारिताले अझ फैलाने मौका पाउनेछ भन्न सकिन्छ यदि सर्जकले साहित्यिक यात्रामा बिश्राम नलिएमा ।

### ५.१.४.३. ताप्लेजुङ्गको कविता परम्परा तथा कवि हेमराज अधिकारीको योगदान

"ताप्लेजुङ्ग जिल्लाको कविता साहित्य सिङ्गो नेपाली साहित्यको इतिहासभन्दा लगभग ८०-८५ वर्ष पछिको मानिन्छ । यस जिल्लाको साहित्यिक इतिहास तथा पृष्ठभूमिको खोजी गर्दै जाँदा वि.सं. १९१२ सम्म पुग्नुपर्ने हुन्छ । प्राप्तसामग्री अनुसार यस जिल्लाका बाग्दल डाँगी ( लालबहादुर आउमासी ?) बाट कविता विधाको शुरुवात भएको हो । नेपाली साहित्यको प्राथमिककालमा देखिएका यी कविले 'भोटको लडाइँको सवाइ' (१९१२) रचना गरेका हुन् । यद्यपि यिनैले 'लखनौं लुटको सवाइ' पनि लेखेका थिए, तर त्यो आज उपलब्ध छैन । 'भोटको लडाइँको सवाइ' कृतिको लोकप्रियताले गर्दा यसको प्रकाशन छदमभेषी लेखकहरुबाट भएको देखिन्छ । कतै लाल ब. आउमासी, कतै सिद्धिबहादुर बस्नेत त कतै नरबहादुर राणाको नाम उल्लेख छ । तर यसको मूल सक्कली कृतिभित्र 'धन्य तिमी रहेछौ बाग्दल डाँगी, तिम्रो नाम हनुमान ढोकामा टाँगी' भन्ने पंक्तिबाट यसका लेखक बाग्दल डाँगी नै हुन् भन्नेकुरा स्पष्ट हुन्छ । भानुभक्त समकालीन

बाँग्दल डाँगी पछि ताप्लेजुङ्गे सृजनपरम्पराले निकै लामो समयसम्म विश्राम लिएको देखिन्छ ।" यसको झण्डै ८० वर्षपछि जगन्नाथ गुरागाइँको गुणरत्नमाला (१९९७) र नम्रनिवेदन (१९९७) जस्ता आध्यात्मिक विषयवस्तुका कवितात्मक कृतिहरु प्रकाशित हुन्छन् । गुणरत्नमालाकै गोरेटोलाई पछ्याएर ब्रहमदान खतिवडा, बैजनाथ भट्टराई, शिवराज बराल, भीष्मराज प्रसाइँ, नारायणप्रसाद अधिकारी कविता फाँटमा देखा परेका हुन् । वैद्यनाथ भट्टराईको "भट्टराई वंशावली ( २०२४)" "बरालको वंशावली (२०२४)" "जुठो सुतक निर्णय (२०३०)" "दर्शन परिचय (२०४०)" प्रमुख कृति हुन् । त्यस्तै शिवराज बरालको "अचार मन्जरी" "कीर्तन महिमा" "तीर्थयात्रा" "बराल वंश दर्पण" प्रमुख रचना हुन् । वंशको वयान जीवनका सुख, दुःख, यात्रावर्णन आदिका माध्यमबाट आध्यात्मिक र नैतिकमूल्यलाई कवितात्मक रुपमा प्रस्तुत गर्दै मानवीय कर्तव्यको बोध गराउनु यिनीहरुको मूल विशेषता हो । अहिले आधुनिक ढाँचा र वाद, प्रणालीलाई आत्मसाथ गर्दै सृजना गर्ने स्रष्टाहरु पनि छन् ।

गद्य कविताको फाँटमा जगमोहन शाक्य, टेकनाथ न्यौपाने, कृष्णराज प्रसाई, रविमान लम्जेल, चैतन्य सुब्बा आदि प्रतिनिधि कविहरु हुन् । अन्य कविता लेख्दै गरेकाहरुमा योगेश्वर भट्टराई, धान्यप्रसाद अधिकारी, विश्वनाथ भट्टराई प्रमुख देखिन्छन् । यस अतिरिक्त भरत चुडाल, राजेश्वर थापा, मादव प्रधान, पुण्य खरेल, सरस्वतीप्रसाद ढकाल, कृष्णकुमार श्रेष्ठ, कैलाश मादेन, किरण शाक्य, सरिता शाक्य, महेन्द्र प्रसाई, धीरेन्द्र सुब्बा, खगेन्द्र पोमू, हरिप्रसाद पौडेल, हेमराज गौतम, ऋषिराम ढकाल, सुरेन्द्रकुमार सिटौला, नारद गौतम, मोहनप्रसाद दहाल, देवीप्रसाद निरौला, चनद्रप्रकाश मेन्याङ्वो, भोजराज घिमिरे, राजेन्द्र अधिकारी, हेमराज अधिकारी, रमेश घिमिरे, घनश्याम अधिकारी, नेत्रप्रसाद भट्टराई, गोपालचन्द्र पोखरेल, भानु घिमिरे, नेत्रप्रसाद न्यौपाने'गाउँले', बालकृष्ण कत्थके, प्रवीण बानियाँ आदिको नाम लिन सकिन्छ । परिस्कृत भाषाशैलीका माध्यमबाट सामाजिक, विषम् परिस्थितिप्रति तिखो व्यङ्ग्य प्रहार गर्दै सामाजिक परिवर्तनको लागि क्रान्तिको स्वर उराल्नु उल्लेखित कविहरुका मिल्दाजुल्दा विशेषता हुन् ।[१५]

यसरी नेपाली साहित्यको आधुनिक कालको उतरार्धमा देखा परेको समसामयिक धारामा देखा परेका उदीयमान स्रष्टा मध्ये हेमराज अधिकारी प्रमुख देखिन्छन् । अधिकारीले काव्य विधा अन्तरगत आफ्नो अलग पहिचान दिन सफल भएका छन् । समसामयिक विषयवस्तुलाई टिपेर आफ्ना संवेदनपूर्ण भावहरुलाई सुललित पदावलीमा सन्तुलन गरेर कविताको रुपप्रदान गर्दै राष्ट्रभक्त, प्रकृतिप्रेम, मानवतावादी, प्रगतिवादी स्वरका माध्यमबाट राष्ट्रियताको र मानवताको

15. हेमराज अधिकारी, 'ताप्लेजुङ्गको नालीबेली', जस्केलो प्रकाशन, २०६४ ।

स्वर मुखरित गर्न सफल बनेका ताप्लेजुङ्गे प्रतिभाहरु मध्येका प्रखर स्थापित र काव्य साहित्यमा समर्पित व्यक्ति हुन् । समसामयिक विषयवस्तुलाई टप्प टिपेर आफ्ना अन्तश्चेतनाका भावहरुलाई वकलात गर्ने क्रममा अधिकारीले वर्तमानको यथार्थ लेख्ने काम गरेका छन् । साहित्यकार हेमराज अधिकारी ताप्लेजुङ्ग जस्तो विकट जिल्लामा जन्मिएर 'महासम्मेलन' जस्तो उत्कृष्ट काव्य रचना गरी नेपाली साहित्यमा ताप्लेजुङ्गको साहित्यिक योगदानालाई एक सिँढी उकाल्न सफल भएका छन् भने उनको छन्द प्रयोगको कुशलताले ताप्लेजुङ्गको साहित्यमा छन्दवद्धतामा खण्डकाव्य लेख्ने बाटो देखाउनु उनको महत्वपूर्ण योगदान ठहरिन्छ । ताप्लेजुङ्गमा रहेको साहित्य र साहित्यकारको खोजी गर्ने उद्देश्यले प्रकाशन गरिएको 'ताप्लेजुङ्गको नालीबेली' थप उनको योगदान हो । त्यसै गरेर वर्तमानको समय सन्दर्भलाई लिएर मानवता, देशप्रेम र प्रकृतिप्रेम झल्कने कवितासङ्ग्रह 'विचलित वर्तमान' उनको अर्को योगदान हो । जहाँ शास्त्रीय छन्दलाई पालना गर्दै कविताका माध्यमबाट वर्तमानका गतिविधि, प्रकृतिप्रेम, राष्ट्रप्रेम र मानवताका स्वरहरु मुखरित भएका छन् । उनको काव्य यात्रा निरन्तर अगाडि बढिरहेकोले स्पष्ट मूल्याङ्कन हुन भने बाँकी नै रहेको देखिन्छ ।

### ५.१.४.४. हेमराज अधिकारीको मुलभूत प्राप्तिको विधा एवम् कृति

साहित्य सिर्जनामा लगभग १२ वर्ष खर्चिएका हेमराज अधिकारीले फुटकर कविता, निबन्ध, समालोचना, खोजअनुसन्धान, संकलन, खण्डकाव्य आदि विधामा कलम चलाएको पाइन्छ । अधिकारीका एउटा खण्डकाव्य, एउटा कवितासङ्ग्रह, एउटा शोधखोज विधा र निजी विद्यालयका थुप्रै सहलेखन पाठ्यापुस्तकहरु पनि प्रकाशित भइसकेका छन् । प्रकाशित भएका कृतिहरु महासम्मेलन खण्डकाव्य, ताप्लेजुङ्गको नालीबेली र विचलित वर्तमान कवितासङ्ग्रहको अध्ययन गर्दा महासम्मेलन खण्डकाव्य र विचलित वर्तमानमा कवितासङ्ग्रह नै उत्कृष्ट रहेका छन् । अधिकारीका यी कृतिहरुले आफ्नोपन बोकेका छन् । दुवै कृतिले मानवता, देशप्रेम, राष्ट्रियता, प्रगतिवादीता, प्राकृतिक संसाधनको प्रयोग तर्फ जोड दिंदै वर्तमान समयका विकृति र विसङ्गतिको वकालत गर्दै स्वस्थ्य र समतामुलक समाजको निर्माणमा जोड दिएका छन् ।

यसरी मानवता र शान्तिका पक्षमा अल्झिएका अधिकारीका कृतिहरु मध्ये महासम्मेलन खण्डकाव्य निकै उत्कृष्ट देख्न सकिन्छ । विषयवस्तुको गाम्भीर्यता, भावव्यञ्जनात्मकता, छन्दप्रयोग, बौद्धिकताको बेजोडप्रस्तुतीले गर्दा उनको विचलित वर्तमान कवितासङ्ग्रह निकै उत्कृष्ट रहेको छ भने त्यो भन्दा प्रवल रुपमा आएको देखिन्छ महासम्मेलन खण्डकाव्य ।

**निष्कर्ष:**

ताप्लेजुङ्ग जिल्लाको थुम्बेदिन गा.वि.स.मा पिता श्रीप्रसाद र माता तुलसादेवी अधिकारीका कोखबाट वि.सं. २०२८ सालमा जन्मिएका हेमराज अधिकारीको बाल्यकाल सुखद नै रहेको देखिन्छ । बुबाबाट अक्षराम्भ गरेका अधिकारीले औपचारिक शिक्षाको सुरुवात सारदा नि.मा.वि. थुम्बेदिनबाटै गरेको पाइन्छ । शिक्षा आर्जनको क्रममा नेपालदेखि लिएर भारतको हरिद्वारसम्म गई शिक्षा लिएका अधिकारीले पछिल्लो शिक्षा भने नेपालबाटै लिएको पाइन्छ । हेमराजको जीवनमा भारतको हरिद्वार त्यस पछि नेपालको धरान स्थित पिण्डेश्वर विद्यापीठ, धरानको वातावरणको प्रभाव नै प्रमुख रहेको पाइन्छ ।

वि.सं. २०५० सालमा प्र.ले.स. सुनसरीबाट प्रकाशित 'कवि लेखकहरुप्रति' नै अधिकारीको प्रथम प्रकाशित कविता हो । विद्यालयमा अध्ययन गर्दा खेरी नै दर्जनौं पुरस्कारबाट पुरस्कृत अधिकारीमा साहित्यप्रतिको चासो बढ्दै जाँदा र तत्कालिन अवस्थाको नेपालको वातावरणले कविको मनमा पारेको प्रभाव र नेपाली जनताले भोगेको यथार्थतालाई साहित्यको माध्यमबाट प्रस्तुत गर्ने जमर्को स्वरुप अधिकारी वि.सं. २०५८ सालमा ने.रा.प्र.प्र.ले आयोजना गरेको राष्ट्रिय कविता महोत्सवमा 'महासम्मेलन' नामको काव्य लिएर भाग लिँदा रजतपदक प्राप्त गरे पछि साहित्यमा झन् हौसला बढेर गएको देखिन्छ । महासम्मेलन खण्डकाव्यमा देशस्वयम्लाई बोल्न लगाएर कवि र कविताको महत्व देखाउन खोजेको छ भने कवितामा राष्ट्रको चित्र उतार्ने प्रयत्न गरिएको पाइन्छ । त्यस्तै भोग, रोग, अशिक्षा र अभाव आदिबाट ग्रस्त आजको मान्छेलाई ढाल बनाएर शासनसत्ता चलाउनेहरुप्रति निकै चहकिलो व्यङ्ग्य दिन समेत यो कृति उतिकै प्रखर रहेको छ साथै यस काव्यमा बौद्धिक्ता र सरलताको संयोजन पाइन्छ भने कविता उच्च दर्शनले महान बन्छ भन्ने मान्यता समेत प्रस्तुत गरेको छ यस काव्यले ।

त्यसै गरेर हेमराज अधिकारीले आफूलाई खोज अनुसन्धानमूलक व्यक्तित्वमा उभ्याँउन प्रकाशित गरेको कृति हो- 'ताप्लेजुङ्गको नालीबेली' । यस कृतिमा ताप्लेजुङ्ग जिल्लाको ऐतिहासिक पृष्ठभूमिदेखि लिएर नामाकरण यस जिल्लाको भौगोलिक अवस्था, सामाजिक जनजीवन, शैक्षिक परिचय, जिल्लाको लोक साहित्य, पत्रपत्रिकाको गतिविधि, जिल्लाको साहित्य र साहित्यकारहरु, प्रमुख व्यक्ति व्यक्तित्वहरुको बारेमा गहिरो खोजअनुसन्धान गरेर ताप्लेजुङ्ग जिल्लामा जन्मिएर विभिन्न क्षेत्रमा रही ती व्यक्तिहरुले गरेको योगदानको बारेमा चर्चा गरेको पाइन्छ, यस कृतिमा । जुन कृति ताप्लेजुङ्गको चिनारी दिन सफल देखिन्छ ।

त्यसै गरेर साहित्यप्रतिको निरन्तर झुकावले गर्दा हेमराज अधिकारीले वि.सं. २०४७ सालमा 'विचलित वर्तमान' शीर्षकको कवितासङ्ग्रहको प्रकाशन गरेको पाइन्छ । सामयिक र सामाजिक सन्दर्भका कथ्यहरु यस कवितासङ्ग्रहका मूल्य बनेर रहेका छन् । काव्य कलाले अपेक्षा गरेका तथ्यहरु, विसङ्गतिका मूल्यहरु र मानवीय संवेदना यस कवितामा कविको अन्तश्चेतनाका सहज र संवेदित भाव, बिम्ब निकै क्रियाशील बनेर प्रस्तुत भएका छन् । यस कवितासङ्ग्रह भित्रका कविताहरुमा कुनै कवितामा राष्ट्रियता छ, कुनैमा मानवता छ र कुनैमा प्रकृतिप्रेम पनि । साहित्यका माध्यमबाट मान्छेको चिन्तनमा आएको विकृतिलाई यस कविता मार्फत उजागर गरेका छन् ।

हेमराज अधिकारीका कविताहरु नदीझैँ सलल बगेका छन् भने पाठकलाई केही सन्देश पनि छोड्न सफल देखिन्छन् । उनका कवितामा भावुकतामात्र नभएर समयका पीडाको प्रस्तुती पनि पाइन्छ । उनका रचनाले कविलाई प्रगतिवादी कविका रुपमा उभ्याएको पाइन्छ । उनका कविताका विषय प्रकृति र मानवता छन् भने कुनै कुनैमा सामाजिक संरचनाले जनमाएको वर्गीय चेतना अभिव्यक्ति हुन्छ । हेमराज अधिकारी सुन्दर सृजनाका धनी छन्द शिल्पी  कवि हुन् । उनले वर्तमान लेखेका छन्, यसले भोगेको क्रूर यथार्थ लेखेका छन् र विविधतापूर्ण समय पनि । संक्षिप्तता भित्र विस्तृतता अनि सरलता र पूर्णता नै उनका सिर्जना उपलब्धी हुन् । नेपाली साहित्यका उर्जाशील साहित्य साधक हेमराज अधिकारीको योगदान अविष्मरणीय रहेको देखिन्छ । अझ थप योगदान र नेपाली साहित्यमा नयाँ इँटाहरु थपिदै जाने छन् यदि सर्जकले विश्राम नलिएमा ।

# छैटौं परिच्छेद

## उपसंहार

### ६.१. साहित्यकार हेमराज अधिकारीको समग्र मूल्याङ्कन

दृढ इच्छाहशक्ति भएका व्यक्ति नै जीवनमा सफलताको शिखरमा पुग्छन् भने सानातिना कठिनाइ र अभावमा डराउने व्यक्तिहरूले जीवनभर सफलता हासिल गर्न सक्दैनन् । कुनै एउटा सफल व्यक्तिको जीवनभित्र यस्ता दुःखपीडाका अनेकौं कथा-व्यथा लुकेका हुन सक्छन् । जीवनयात्रामा आफ्ना पाइला गतिमान बनाउँदै जानेले सानातिना अवरोध देखेर रोकियो भने आफ्नो लक्ष्यमा पुग्न सक्दैनन् ।

यसरी हेर्दा एउटा सामान्य शिक्षित मध्यमवर्गीय परिवारमा वि.सं. २०२८ सालमा ताप्लेजुङ्ग जिल्लाको थुम्बेदिन गा.वि.स., वडा नं. १ मा जन्मिएका हेमराज अधिकारीको जीवनका विविध खुड्किला र उनका व्यक्तित्वका वहुविध पाटाहरू तथा कृतित्वका बारेमा अघिल्ला परिच्छेदमा विस्तृत रूपमा चर्चा गरिसकिएको छ । उपर्युक्त अध्ययनको निष्कर्ष अनुसार हेमराज अधिकारी शिक्षा आर्जनको क्रममा आफ्नै बुबाबाट घरमै अक्षरारम्भ गरी जन्मस्थलमा, भारतको हरिद्वार हुँदै फेरि नेपाल फर्किएर नेपालको धरानमा त्यसपछि काठमाडौंसम्म पुगेका देखिन्छन् । औपचारिक रूपमा स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका अधिकारी बिभिन्न पत्रपत्रिकाको सम्पादन गर्दै आएका छन् भने नेपाली साहित्यको विकासमा पनि सक्रिय भएर लागेका छन् ।

विशेष गरेर धरानको वातावरणबाट प्रभावित भई साहित्य सिर्जनामा पनि हात हालेका अधिकारी पढाइका अतिरिक्त विद्यार्थीराजनीति, साहित्यिक पत्रकारिता त्यसपछि प्राध्यापन जस्तो सम्मानित पेशामा पनि हात लगाई हाल त्यही कार्यलाई निरन्तरता दिइरहेका छन् । प्र.ले.स.सँगको सम्पर्क, बिभिन्न साहित्यकारसँगको सम्पर्क र विशेष गरी प्रभात सापकोटाको प्रेरणाबाट प्रभावित हुँदै तत्कालीन नेपालको अवस्थाबाट उत्पेरित भई वि.सं. २०५९ सालमा महासम्मेलन खण्डकाव्य प्रकाशन गरी चर्चित साहित्यकारका रूपमा देखा परेका अधिकारी वर्तमानसम्म पनि काव्य सिर्जना एवम् साहित्यिक गतिविधिहरूमा संक्रिय रहँदै आएका छन् ।

हेमराज अधिकारीले काव्य सिर्जनामा आफूलाई निरन्तर समाहित गरिरहन सकेका कारण एकपछि अर्को गर्दै सफलताका सिँढीहरू उकाल्न सकेका छन् । वर्तमानको अवस्था, यसले गरेका वर्वरता, मानवीय चिन्तनमा आएको परिवर्तन र वर्तमान समयमा मानवले भोग्नुपरेका

दुर्दशा आदिको यथार्थताको अभिव्यक्ति उनका रचनामा पाइन्छ । हालसम्म उनका पुस्तकाकार रूपमा प्रकाशित कृतिहरू महासम्मेलन खण्डकाव्य (२०५९), ताप्लेजुङ्गको नालीबेली (२०६४) र विचलित वर्तमान (२०६७) रहेका छन् भने थुप्रै फुटकर रचनाहरू बिभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । साथै केही कृतिहरू प्रकाशोन्मुख अवस्थामा प्रेसमा रहेका छन् ।

हेमराज अधिकारीका व्यक्तित्वका विविध रूपहरू देखा परेका छन् । साथीभाइसँगको उनको व्यवहार सरल, सहज रहेको देखिन्छ । अधिकारीको व्यक्तित्वलाई २ रूपमा हेर्नसकिन्छ : साहित्यिक व्यक्तित्व र साहित्येत्तर व्यक्तित्व । साहित्यकार व्यक्तित्वमा कवि, खण्डकाव्यकार र निबन्धकार व्यक्तित्वका रूपमा परिचित छन् । साहित्येत्तर व्यक्तित्वमा खोजअनुसन्धानमूलक व्यक्तित्व, सम्पादक व्यक्तित्व, राजनैतिक, धार्मिक, साँस्कृतिक, प्राध्यापक व्यक्तित्वका रूपमा अधिकारीलाई लिन सकिन्छ । यी मध्ये उनको साहित्यिक व्यक्तित्व नै बढी मौलाएको देखिन्छ ।

पद्यलाई बढी मनपराएर फुटकर रचना, कविता संग्रह, खण्डकाव्य रचना गर्न पुगेका अधिकारी नेपाली शास्त्रीय छन्दलाई खेलाउन सफल देखिन्छन् । रस, अलंकार, भाव र छन्द प्रयोगको कुशलता एवम् परिस्कृत भाषाशैलीका कारण अधिकारीका कृतिहरू ओजपूर्ण बनेकाछन् । सरल किसिमका बिम्ब, प्रतीकको प्रयोग, समसामयिक घटनाको बेजोड प्रस्तुतिकरण एवम् देशको वर्तमान राजनैतिक, आर्थिक, सामाजिक, नैतिक घटनाक्रममा नै उनका कविताहरू विशेष केन्द्रित रहेका पाइन्छन् भने प्रकृति, राष्ट्र, राष्ट्रियताले पनि प्रसस्तै ठाउँ ओगटेको छ; कविको विचलित वर्तमान कवितासंग्रहमा ।

महासम्मेलन खण्डकाव्य लिएर आएपछि चर्चित बन्न पुगेका अधिकारीको हालसम्म एउटैमात्र खण्डकाव्य प्रकाशित भएको छ । आकारका दृष्टिले केही सानो देखिए तापनि विषयवस्तुका दृष्टिले उनको खण्डकाव्य महान रहेको छ । संक्षिप्तता भित्र विस्तृतता रहेको छ । जम्मा २० भागमा संरचित यस खण्डकाव्यमा ११७ श्लोक रहेका छन् । यस खण्डकाव्यमा विश्वको तत्कालीन परिस्थिति र त्यसले निम्त्याएको दुर्दशा, वर्तमान मानवले गरेका वर्वरकार्य र त्यसले ल्याएको विकृति, दुःखकष्ट, पीडाहरूलाई देखाउँदै, सामाजिक समस्याका कारणहरू पहिल्याउँदै विकृति र नकारात्मक पक्षको कटु आलोचना गर्दै समाधानका केही उपायहरू पनि यसमा बताइएको छ । यस खण्डकाव्यमा शास्त्रीय छन्द शार्दूलविक्रीडितको प्रयोग गरिएको छ । अलंकार, रस, भाव, बिम्ब, प्रतीक आदिको समुचित व्यवस्थापनले गर्दा अधिकारीको काव्य कालीगढीप्रतीको सिर्जनात्मक निपुणता स्पष्ट देख्न सकिन्छ । अधिकारीको यो खण्डकाव्य प्रगतिवादी बन्न खोजेको देखिन्छ तर पूरै प्रगतिवादी बन्न भने सकेको छैन । अधिकारीमा

प्रयोगधर्मिता र प्रगतिवादी चेतना रहेको सङ्केत भने यस काव्यले पुष्टि गर्दछ । जसले गर्दा अधिकारीलाई प्रगतिवादी खण्डकाव्यकार भन्न डराउनु पर्दैन । तथापि शैलीशिल्पलाई हेर्दा अधिकारीले परम्परालाई पूर्णरूपमा तोड्न सकेका छैनन् । यसरी हेर्दा परम्परा र प्रगतिशीलताको तानातानीमा अधिकारीका रचनाहरू अल्भिरहेको आभास हुन्छ । त्यसैले अधिकारीलाई शास्त्रीयवादी, आदर्शवादी वा प्रगतिवादी के हुन् भनेर यकीन गर्न नसकिने देखिन्छ तापनि वर्गीय समानता, समतामूलक राज्यसत्ताको स्थापना, सिर्जनधर्मिता जनसाधारणको पक्षमा वकालत गर्ने कृतिका आधारमा प्रगतिवादी खेमामा उभिएर सशक्त कलम चलाउने हस्ताक्षरकै रूपमा मूल्याङ्कन गर्नु त्यति अर्घेल्याइँ हुनेछैन ।

अधिकारी वर्तमानको सामाजिक, राजनैतिक, आर्थिक र ऐतिहसिक विषयको प्रभावबाट साहित्य सिर्जना गर्ने साहित्यकार हुन् । उनका सिर्जनामा मानवतावाद, प्रकृतिप्रेम, राष्ट्रिय भावना, शान्तिको कामना र सामाजिक यथार्थताको चित्रण छताछुल्ल भएको पाइन्छ । "सधैं अघि बढिरहने हो भने पछिलाई छोडिरहन सक्नुपर्छ । पछिलाई पनि साथै लिएर अघि जानसक्नु असम्भव छ । मायालाग्दो हुन्छ, त्यसलाई रूँघेर बसिरहनु जस्तो पनि लाग्छ, कति बसिरहेकै पनि हुन्छन् तर युग र समयसँग हिँड्न नसक्ने, गतिमिलाउन नसक्नेहरू यथास्थिति र पुरातन हुँदै छोडिदै जान्छन् ।"[१]

कृष्णधरावासीको यस भनाइले पनि यो सङ्केत गर्छ कि, साहित्यकारहरू नयाँपनका भोका हुन्छन् तर पुरानोलाई पनि माया गरिराख्छन् अनि दोधारमै परिरहन्छन् । एकातिर परम्परा भाँचिएला भन्ने डर अर्कातिर नवीनताको खहरेमा लागेर आफूलाई स्थापित गर्न नसकिएला कि ? भन्ने डर । हुन त हरेक मान्छेका बिचारहरू आफ्नै अर्थ र सापेक्षतामा ठीक भइरहेका हुन्छन् । त्यसैले सर्जकहरू आफूले अँगालेको पद्धतिलाई स्थापित गर्न आ-आफ्नै पाराले बहस गरी रहेका हुन्छन्, तथापि यो कुरा प्रायः निर्विवाद छ कि, युग, परिस्थिति अब बदलिएको छ, पाठकहरू नवीनताका भोका छन् । साहित्यिक कुराले केही नयाँ खुराक दिउन् भन्ने अपेक्षा राख्छन् त्यसैले सर्जकहरूले परम्पराको निर्वाह गरेर मात्र पुग्दैन केही नयाँ खुराक अवश्य पस्कन सक्नुपर्छ । यसरी हेर्दा यही कुरालाई आत्मसात गरेर युवापुस्ताका तर्फबाट प्रशस्त सम्भावनासहित आएका साहित्यकार अधिकारीको सिर्जनधर्मिता र प्रयोगधर्मिताले प्रगतिशील साहित्यिक फाँटमा अझ प्रगतिशीलताको आगमनको कामना गर्नुपर्ने देखिन्छ ।

1. कृष्ण धरावासी, प्रयोगहरु भनेका वालुवामा टेकिएका पाइलाहरु हुन्, साहित्यिक संगम, वर्ष ५, अंक ४ (२०६३, बैशाख-जेठ), पृष्ठ ९ ।

समग्रमा हेमराज अधिकारी जस्ता चिन्तन र कला सौन्दर्यको प्रयोगधर्मी एवम् बौद्धिक कविका हातबाट आजका नवीनता चाहने बौद्धिक पाठकहरुले आशा गरे अनुसारको सिर्जना हुनसके नेपाली साहित्यले अवश्य फड्को मार्ने छ । अधिकारीले हालसम्म जति रचना प्रकाशित गरे त्यसले नेपाली साहित्यमा एउटा इँटा अवस्य थपेको नै छ । आशा राखौं अझ इँटाहरू थपिदैँ जाँनेछन् । खण्डकाव्यकार, कवि, सम्पादक र खोजअनुसन्धानमूलक व्यक्तित्व लिएर नेपाली साहित्यमा उदाएका अधिकारीका रचना संख्यात्मक रूपमा थोरै प्रकाशन भए पनि गुणात्मक रूपमा प्रवल नै देखिन्छन् । नेपाली साहित्यको फाँटमा विशेषतः कविताविधामा एकदशक अगाडिदेखि लागेका अधिकारीको सिर्जनशीलता र लगनशीलताले गतिरोध नपाओस्, साहित्यिक समाजले उनको साहित्यिक योगदानको स्मरण गरिरहने छन् ।

## ६.२. भावी कार्यको संभावना

यस शोधकार्यमा हेमराज अधिकारी र पुस्तकाकार रूपमा प्रकाशित कृति बाहेकका प्रकाशित फुटकर कविता, समालोचनाहरू, निबन्धहरू र प्रकाशोन्मुख कृतिहरूका बारेमा प्रकाश पार्न सम्भव भएन । अतः अधिकारीका प्रकाशोन्मुख कृतिहरू तथा पत्रपत्रिकाहरुमा प्रकाशित रचनाहरूलाई लिएर भविष्यमा कुनै व्यक्ति शोधकर्ताले शोधपत्र तयार पार्न सक्ने संभावना रहेको छ । त्यस्तै यहाँ चर्चा गरिएकै कृतिहरूलाई पनि भविष्यमा गएर अन्य साहित्यिक तत्व तथा सिद्धान्तका आधारमा गहन अध्ययन गरी शोधकार्य गर्न सक्ने सम्भावना पनि रहेको देखिन्छ । यस कार्यका लागि सम्भावित शीर्षकहरू निम्न बमोजिम रहेका छन् :

1. मानवतावादी दृष्टिकोणले हेमराज अधिकारीका साहित्यिक कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन ।
2. प्रकृति प्रेम र राष्ट्रियताका दृष्टिकोणले हेमराज अधिकारीका साहित्यिक कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन ।
3. हेमराज अधिकारीको पद्यकारीताको अध्ययन, विश्लेषण र मूल्याङ्कन ।
4. प्रगतिवादी दृष्टिकोणबाट हेमराज अधिकारीका खण्डकाव्य र कविताको अध्ययन, विश्लेषण र मूल्याङ्कन ।
5. सङ्कलक, सम्पादक तथा खोजअनुसन्धान कर्ताका रूपमा हेमराज अधिकारीको अध्ययन, विश्लेषण र मूल्याङ्कन ।

# सन्दर्भ सूची

प्रस्तुत शोधपत्र तयार गर्दा प्रयोग गरिएका पुस्तकहरू तथा पत्रपत्रिकाहरूको विवरण :


1. अधिकारी, नारायणप्रसाद, अधिकारीको छोटो वंशावली, २०५८ ।
2. अधिकारी, हेमराज, महासम्मेलन खण्डकाव्य, अभियान साहित्यिक प्रतिष्ठानः प्रकाशन, २०५९ ।
3. अधिकारी, हेमराज, ताप्लेजुङ्गको नालीबेली, २०६४ ।
4. अधिकारी, हेमराज, विचलित वर्तमान, २०६७ ।
5. अधिकारी, हेमराज, जस्केलो प्रकाशन, वर्ष १ अंक १ ताप्लेजुङ्ग, २०५५ ।
6. गैरे, ईश्वरीप्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०५० ।
7. थापा, हिमांशु, साहित्य परिचय, चौं.सं., २०४९ ।
8. धरावासी, कृष्ण, प्रयोगहरू भनेका बालुवामा टेकिएका पाइलाका छापहरू हुन्, साहित्यिक सङ्गम, दै.मासिक, वर्ष ५ अंक ४ २०६३ ।
9. प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.), नेपाली साहित्यकोष, काठमाण्डौ, ने.रा.प्र.प्र., २०५५ ।
10. प्रधान, भिक्टर, नेपाली जीवनी र आत्मा कथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना, काठमाण्डौ, ने.रा.प्र.प्र., २०४४ ।
11. पोखेल, बालकृष्ण (सम्पा.), नेपाली वृहत शब्दकोष काठमाण्डौ, ने.रा.प्र.प्र., २०४० ।
12. भण्डारी, प्रा.डा.पारसमणी, पौडेल, माधवप्रसाख नेपाली कविता र काव्य, २०६६ ।
13. रिसाल, राममणी, नेपाली काव्य र कविता, २०६१ ।
14. शर्मा, बालकृष्ण, होमनाथ सुवेदीको जीवनी व्यक्तित्व र कृक्तित्व, अप्रकाशित स्नातकोत्तर शोधग्रन्थ त्रि.वि., २०५६ ।
15. शर्मा, मोहनराज, लुइटेल, खगेन्द्रप्रसाद, शोधविधि दो.सं., काठमाण्डौ, साझाप्रकाशन, २०५५ ।
16. श्रेष्ठ, दयाराम, सम्भव र शर्मा, मोहनराज, नेपाली साहित्यको संक्षिप्त इतिहास, चौं.सं. (काठमाण्डौ, साझाप्रकाशन, २०४९) ।